CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमहेन्द्रसंस्कृतविश्वविद्यालयग्रन्थमालाया द्विपञ्चाशं पुष्पम्

मनःक्षोभसमाधानाय हरिहरचरणारविन्देषु सविनयं समर्पितः -

हरिहरप्रार्थनापुष्पाञ्जलिः

रचयिता

पं. धनञ्जयमरासिनिः

प्रकाशकः

महेन्द्र-संस्कृत-विश्वविद्यालयः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

← 8½ cm →

← 5 cm →

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"जयतु संस्कृतम्" समक्षं
प्रेषितं –

2/का.राम पुन्ना)
[redacted]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमहेन्द्रसंस्कृतविश्वविद्यालयग्रन्थमालाया द्विपञ्चाशं पुष्पम्

मनःक्षोभसमाधानाय हरिहरचरणारविन्देषु सविनयं समर्पितः -

हरिहरप्रार्थनापुष्पाञ्जलिः

रचयिता

पं. धनञ्जयमरासिनिः

अनुवादकः

प्रा.डा. हरिप्रसाद आचार्यः

सम्पादकः

प्रा.डा. वेणीमाधवढकालः

प्रकाशकः

महेन्द्र-संस्कृत-विश्वविद्यालयः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकः
महेन्द्रसंस्कृतविश्वविद्यालयः
बेलझुण्डी, दाङ

प्रकाशनम्
प्रथमसंस्करणम् - नवरात्रम्, २०५७

प्रकाशितपुस्तकानि - १००० प्रतिरूपाणि

© सर्वाधिकारः प्रकाशकेन स्वायत्तीकृतः

मूल्यम् - रू. ११५/-

कम्प्यूटरटङ्कणम्
क्यालिटी लेजर प्रिन्ट, बागबजार,
दूरभाषसङ्ख्या (फोन नं.) २४२६५६

मुद्रकः
नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लिमिटेड
फोन : ४२७४५६, ४१७६७६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महेन्द्र संस्कृत विश्वविद्यालय

उपकुलपतिको कार्यालय

सम्मति

पण्डित धनञ्जय मरासिनीद्वारा रचित **हरिहरप्रार्थनापुष्पाञ्जलिः** भक्तिरसप्रधान काव्य हो । **क्षोभसमाधानम्** र **विनयाष्टोत्तरशतकम्** नामक दुई शीर्षकमा विभक्त प्रस्तुत कृतिमा हरिहरसम्बन्धी कविको हृदयमा रहेको भक्तिभावना चरम उत्कर्षमा पुगेर अभिव्यक्त भएको छ । श्रीमद्भागवत भगवद्गीता, रामायण, रामचरित मानस आदि कृतिहरूमा वर्णित विषयलाई उपजीव्य बनाएर रचिएको यस कृतिको प्रथम सर्गमा 'हरि' को महत्त्व दर्शाइएको छ । संसार चक्रमा जीव घुमिरहेको हुन्छ । जन्ममृत्युको चक्रमा जीव सधैं चलिरहेको हुन्छ । यस क्रममा अनेकौं कष्टहरू झेल्दै उसले विभिन्न वेदना खप्नुपर्ने हुन्छ । यसको मूल कारण जीवभित्र निहित वासना नै हो । कविको दृष्टिकोणमा यस वासनालाई ध्यान, ज्ञान र योगको माध्यमबाट हटाउन सकिन्छ । यिनीहरूले मनलाई निर्मल तुल्याई शुद्ध पार्ने हुँदा जीवले आत्मकल्याणका निमित्त त्यतातिर प्रवृत्त हुनुपर्ने देखिन्छ । ध्यान, ज्ञान र योगबिना समाधि प्राप्त हुँदैन । समाधि प्राप्त नभई ईश्वरसित एकाकार बन्न सकिंदैन । ईश्वरसित एकाकार नभई जीवले यो भवसागरबाट मुक्ति पाउँदैन । यसका लागि विष्णुको कृपा अनिवार्य छ ।

हरौ भक्तिं प्रकुर्वीत तया निर्मलतां व्रजेत् ।
नान्यस्मिँश्च विशेषेण साधने योग्यता कलौ ।।

यसरी यस कृतिको पहिलो सर्गमा विभिन्न खालका क्षोभहरूलाई हटाउने उपायहरूको विशद वर्णन गरिएको छ । प्रसङ्गवश सत्सङ्गतिको महत्त्व, पुराण, धर्मशास्त्र आदि प्राचीन ग्रन्थहरूको अध्ययन र अनुशीलन आदिबाट विष्णुभक्ति प्राप्त भई चित्त निर्मल हुनाको साथै जीवले मोक्ष प्राप्त गर्दछ र यो भवसागरमा उसले आवागमन गरिरहनु पर्दैन भन्ने सन्देश पनि दिइएको छ । यसरी ३६२ पद्यमा रचिएको पहिलो सर्गमा कविनिष्ठ हरिविषयक रतिभाव चरम उत्कर्षमा पुगेको देखिन्छ । उनको अर्को सर्ग विनयाष्टोत्तरशतकम् हो । १०८ पद्यमा सुन्दरी छन्दमा रचिएको यो अंश विषयवस्तुको दृष्टिकोणले मात्र होइन काव्यत्मक दृष्टिकोणबाट पनि अत्यन्त सुन्दर देखिन्छ। यसमा शिवजीलाई आलम्बनविभाव बनाएर शिवपरक भक्तिभावनालाई अभिव्यक्ति दिइएको छ । मानिस जन्मिएर हजारौं अपराधहरू गर्दछ । जानी नजानी उसले गरेको अपराधबाट ऊ भवचक्रमा पर्न बाध्य हुन्छ । यो सबै नाश गर्ने उपाय शिवभक्तिबाहेक अर्को कुनै छैन भन्ने कविको धारणा छ । यसरी यस अंशमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविको शिवविषयक रतिभाव चरम उत्कर्षमा पुगेर व्यक्त भएको देखिन्छ । काव्यकलाको दृष्टिकोणले हेर्ने हो भने पनि कविका पद्यहरू कोमलकान्त पदावलिले युक्त देखिन्छन् । माधुर्य तथा प्रासाद गुणको छटा सर्वत्र झल्कन्छ । परिष्कृत तथा परिमार्जित शैलीको प्रयोग उनको कवितामा भएको छ । उदाहरणका निमित्त निम्नपद्यलाई प्रस्तुत गर्न सकिन्छ–

दयनीयजनाऽवननो भवान् क्व भवेऽहं क्व च दीनतायुतः ।
किमु मेलनमावयोर्भवेन्नकदापीति मनो विषीदति ।।२/३

यसमा शिवलाई सम्बोधन गरेर गरिएको शिवपरक भावको चरम अभिव्यक्ति प्रकट भएको छ । यस्तै–

क्व नु मिश्रितनीरदुग्धवद् भविताऽहं शिवविग्रहे स्वतः ।
मधुराम्लविमीलितं शिव ! सुखदं याति सुभोजनं यतः ।।

स्वादिला काव्यकलाले परिपूर्ण उनका सबै पद्यहरू दूध र पानीमा मिश्री घोलेर तयार तुल्याइएको खाद्यवस्तुजस्तै अत्यन्तै स्वादिला छन् । यो तथ्य कविले माथिको पद्यबाट व्यक्त गर्नुभएको छ ।

काव्यकलाको दृष्टिकोणले हेर्दा पहिलो सर्गमा कविको लेखनशैली प्रारम्भिकजस्तो देखिन्छ । दोस्रो सर्गमा आइपुग्दा कविको काव्यकला निकै परिष्कृत र परिमार्जित बन्न पुगेको छ । कलात्मक भावधारा, तदनुरूप शब्दविन्यास, भावप्रधान अभिव्यक्तिले गर्दा कवि धनञ्जयको काव्यकृति अत्यन्त उत्कृष्ट बन्न पुगेको मैले अनुभव गरेको छु । श्रद्धेय गुरु धनञ्जय मरासिनीको यो कृति साहित्य तथा भक्तिको साधना गर्न चाहने व्यक्तिहरूका निमित्त उपयोगी हुनेछ भन्ने मलाई लागेको छ । वास्तवमा जीवन के हो? यो किन भवचक्रमा घुमिरहन्छ ? यसको मुक्ति कसरी हुन्छ ? भन्ने विषयमा पौराणिक ग्रन्थहरूमा व्यापक चर्चा भएको छ । त्यस्ता रहस्यपूर्ण विषयहरूलाई सरलभन्दा सरल भाषामा संक्षिप्तरूपमा प्रस्तुत गरेर कवि मरासिनीले आजको युगमा भौंतारिएको विशृङ्खलित मानव समाजलाई ठूलो गुण लगाउनु भएको छ । संस्कृतमा लेखिएको यो कृतिलाई प्रा. हरिप्रसाद आचार्यले सरल नेपाली भाषामा अनुवाद गरेर अझ सुबोध तुल्याई दिनुभएको छ । साथै उक्त कृतिको भूमिका लेखेर प्रा. डा. वेणीमाधव ढकालले कृतिको महत्त्वलाई जनसमक्ष राखिदिनु भएको छ । यसबाट मानव समाजले शास्वत कल्याण प्राप्तिका निमित्त धेरै लाभ उठाउन सक्नेछ भन्ने मैले अनुभव गरेको छु । श्रद्धेय गुरुको कृतिलाई प्रकाशमा ल्याई दिन सहयोग पुऱ्याउनु हुने प्रा. डा. हरिप्रसाद आचार्य र प्रा. डा. वेणीमाधव ढकाललाई हार्दिक धन्यवाद दिन चाहन्छु । श्रद्धेय गुरुप्रति आफ्ना यिनै कृतिगत भावहरूका सुमनहरू समर्पण गर्दछु ।

माधवराज गौतम
उपकुलपति

विजयादशमी, २०५७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

प्रातः स्मरणीय गुरु पं. धनञ्जय मरासिनीद्वारा विरचित दुई भागमा आबद्ध यो **हरिहरप्रार्थनापुष्पाञ्जलिः** भक्तिसाहित्यको नमूना ग्रन्थ हो । जीवनका ८३ वसन्त पार गर्नु भए तापनि अविच्छिन्न साधनारत श्रीगुरुको अध्ययन र अनुभवमा आधारित यो कृति सर्वजनोपयोगी भएकाले ज्यादै महत्त्वपूर्ण छ । आज यसको प्रकाशन गर्न पाउँदा हामी हर्षित भएका छौं र महेन्द्रसंस्कृतविश्वविद्यालय गौरवान्वित भएको छ।

मेरा पिता, मेरा कान्छा काका र मेरा समेत गुरु परम श्रद्धेय प्रातः स्मरणीय हेडगुरु पं. दधिराम मरासिनी जसको स्मरण गर्दा हृदय भाव विभोर हुन्छ । उहाँका सत्पुत्र पं. श्री धनञ्जय मरासिनीसँग पनि मैले श्रद्धापूर्वक अध्ययन गर्ने सौभाग्य पाएँ । उहाँकै कृपाबाट म जस्ता हजारौं शिष्यहरूको उद्धार भयो ।

आज उहाँबाट पाएको संस्कृतशिक्षाकै क्षेत्रमा रही कार्य गर्ने सौभाग्य पाई थोरै मात्रामा भए पनि ऋण तिर्न पाएकोमा मेरो हृदय हलुका भएको छ ।

मेरै सम्पादकत्वमा श्री गुरुदेवको अमृतमय रचना **सत्यामृतम्**को प्रकाशन दधिराम-स्मृति-प्रतिष्ठानबाट भइसकेको छ । अरू पनि श्रीगुरुदेवका दर्जनौं अप्रकाशित कृति अप्रकाशित अवस्थामा रहेका छन् । तिनको पनि प्रकाशन गर्न सकेमा सबैको कल्याण, मङ्गल हुने थियो ।

विगत चार वर्षको दौरानमा उपकुलपति श्री माधवराज गौतमज्यूको कुशल नेतृत्वमा महेन्द्र संस्कृतविश्वविद्यालयले प्राज्ञिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षेत्र र भौतिक क्षेत्रमा धेरै काम गऱ्यो । दुर्लभ ग्रन्थहरू प्रकाशित भए, पाठ्यक्रमहरूको आमूल परिष्कार भयो र विषयविस्तारका क्षेत्रमा धेरै काम भए । श्रीमान् उपकुलपतिज्यूकै विशेष संलग्नतामा विशाल संस्कृत नेपाली शब्दकोश प्रकाशोन्मुख छ र अहिले उहाँकै अनुमति र अभिरुचिबाट यो कृति प्रकाशित भएको छ ।

यसका लागि म सर्वप्रथम श्रीमान् उपकुलपतिज्यूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसका अनुवादक प्रा. डा. हरिप्रसाद आचार्य र सम्पादक प्रा.डा. वेणीमाधव ढकालप्रति आभार व्यक्त गर्दछु । साथै यसको अक्षर संशोधन गर्न सहयोग गर्ने छात्र श्री जगन्नाथ रेग्मी र प्रकाशनसँग सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिदैं श्री गुरुचरणमा प्रणाम गर्दछु ।

प्रा.डा. वावुराम पोख्रेल
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

नवरात्रि, २०५७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तावनाप्रभाग

कवि धनञ्जय मरासिनीको हरिहरिप्रार्थनापुष्पाञ्जलिः एक परिचय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरिहरप्रार्थनापुष्पाञ्जलिको संक्षिप्त परिशीलन

क्षोभसमाधानम् र विनयाष्टात्तरशतकम् नामक छुट्टा–छुट्टै काव्यहरूको संयुक्त स्वरूप यो हरिहरप्रार्थनापुष्पाञ्जलिः पण्डित धनञ्जय मरासिनीको उच्चकोटिको भावप्रधान कृति हो । यहाँ क्रमशः ती दुई काव्यको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ ।

१. क्षोभसमाधानम्

क्षोभसमाधानम्को मुख्य विषय हरिप्रार्थना नै हो । मानसपटललाई क्षुब्ध तुल्याउने सांसारिक प्रपञ्चबाट दिक्क हुनुभएका कविले श्रीमद्भागवत, श्रीमद्भगवद्गीता, योगदर्शन, रामायण, रामचरित मानस आदि आदर्श ग्रन्थहरूको अनुशीलन गरी अर्जित ज्ञानलाई आफ्नो अनुभवको प्रयोगशालामा परीक्षणद्वारा खारेर प्रस्तुत गर्नुभएको समाधान नै वास्तवमा क्षोभसमाधान हो । यो हरिप्रार्थना पुष्पाञ्जलिको रूपमा उदाएको छ ।

३६३ पद्यहरू भएको यस खण्डकाव्यमा मनोनिग्रहलाई प्रथम पीठिकामा राखी विमर्श गरिएको छ। संसारको कारण चित्तवृत्तिजन्य वासना नै भएकोले धीरपुरुषले वासनाक्षयको लागि प्रयास गर्नुपर्ने विषयमा जोड दिंदै भनिएको छ–

वासनाभिः परिक्षिप्तो याति संसारवर्त्मनि ।
वासनाविनिवृत्तौ तु सुलभं योगसाधनम् ।। १/१०

मनको निर्मलता नभएसम्म वासना, सङ्कल्प, अहङ्कार र ममताको नाश नहुने भएकोले मनको निर्मलताको लागि साधकले प्रयास गर्नुपर्दछ । मनलाई निर्मल तुल्याउने साधन ज्ञान, ध्यान र योग नै हुन् भन्दै भनिएको छ –

ध्यानेन ज्ञानयोगाभ्यां निर्मलं तु मनो भवेत् ।। १/३४

संसारका संतापबाट संतप्त मानवहरूको कल्याणका लागि कविले आफूलाई पात्र बनाएर आत्ममूल्याङ्कन गर्नु भएको छ । आत्ममूल्याङ्कन गर्दा जुन कुरा मैले गरिन वा गर्न सकिन भनिएको छ ती नै गर्नुपर्ने कर्तव्य हुन् भन्नेतर्फ पाठकको ध्यानाकर्षण गरिएको छ –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. विनयाष्टोत्तरशतकम्

कवि मरासिनीको दोस्रो कृति **विनयाष्टोत्तरशतकम्** सुन्दरी छन्दमा लेखिएका १०८ पद्यरूप रुद्राक्षमाला हो । वास्तवमा शिवपरक यो काव्य रुद्राक्ष मालाझैं पवित्र छ र ती १०८ पद्य पनि रुद्राक्षका दाना झैं प्रभावोत्पादक छन् । यसर्थ यस काव्यलाई हरप्रार्थनापुष्पाञ्जलिका रूपमा लिइएको छ । यस काव्यमा सर्वप्रथम शिवदर्शनको आतुरताले उद्वेलित कविहृदयको बिम्ब प्रतिबिम्बित भएको छ –

दयनीयजनाऽवनो भवान् क्व भवेऽहं क्व च दीनतायुतः ।
किमु मेलनमावयोर्भवेन्नकदापीति मनो विषीदति ।। २/३

कवि भगवान् शङ्करसँग आर्तपुकार गर्दै भन्नुहुन्छ – हे शिव ! यो अपराधी मानिस हो भनेर हजुरले म माथि कृपा नगर्नुभएको हुनसक्छ तर म जस्ता अपराधीमा कृपा गर्दा मात्र हजुरको प्रशंसा हुन्छ । पुण्यवान् मानिसलाई त हजुरको कृपा चाहिंदैन ती त आफ्नै पुण्यका प्रतापले कैलासवासी हुनसक्छन् ।

कवि फेरि शङ्करसँग भन्नुहुन्छ – हे शिव ! हजुरले मनमनै भन्नुभएको होला "तँ हजारौं अपराध गर्ने अपराधीमाथि मेरो कृपा कसरी हुनसक्छ ?" तर सुन्नुहोस् त्यो रावण कस्तो थियो ? के त्यसको चरित्र हजुरलाई थाहा छैन ? तर त्यसमाथि हजुरले कृपा गर्नुभयो भने म माथि त्यो कृपा किन हुन सक्दैन ? जस्तै –

अपराधसहस्रिणि त्वयि कथमस्मत् करुणां त्वमीहसे ।
इति चेतसि चेत् प्रभोस्तव न च पाप्यस्ति कथं दशाननः ।।
२/१८

शिवको महिमा गान गर्ने सन्दर्भमा कवि मरासिनी सागरमन्थनको पौराणिक घटना सम्झन पुग्नुहुन्छ । त्यसबेला उत्पन्न भएको कालकूट विषबाट जगत्मा त्राहि–त्राहि मच्चिंदा लोककल्याण र विश्वशान्तिका लागि कालकूट पिएर नीलकण्ठको रूपमा देखिनु हुने क्षेमङ्कर शङ्करको विशेषता बताउँदै कविको उद्गार निस्कन्छ –

मथिते जलधौ सुरासुरैः प्रथमं चोत्पतिते हलाहले ।
शशिशेखरमन्तरा शिवं जगतः क्षेमकरो न कोऽप्यभूत् ।।
२/३२

जो शिर्वाचन गर्दैन, शिवलिङ्ग वा शिवमूर्तिको दर्शन गर्दैन र जसका मुखले शिवनामको उच्चारण गर्दैन, त्यस मानिसको जीवन नै व्यर्थ छ भन्ने आशय यसरी व्यक्त भएको छ –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न करोति शिवार्चनं जनः शिवमूर्तेर्न करोति दर्शनम् ।
न मुखे शिवनाम वर्तते भुवि तस्येह जनुर्निरर्थकम् ।।
१/३५

यस संसारमा आमा-बाबु, छोरा-छोरी, बन्धु-वान्धव, प्रेमिका-पत्नी र सम्बन्धीजन कसैले पनि सांसारिक सन्ताप मेटाई परम शान्ति प्रदान गर्न सक्दैनन् । त्यसकारण हे शिव ! म हजुरका पाउमा लत्रिएको छु । मेरो रक्षा गर्नु होस् भन्ने प्रार्थना यसरी प्रकट भएको छ –

निजपादतलेऽर्पितान्तरं निजभक्तं परिरक्ष शङ्कर ।
न हि मातृसुताप्तबान्धवा अपि दाराः पितरोऽपि पान्ति माम्।।
२/४०

शिवभक्तिमा चुर्लुम्म डुबेका कवि फेरि भन्नुहुन्छ – मलाई स्वर्ग र मुक्तिको लालसा छैन । मेरो मनमा एउटै इच्छा छ, त्यो हो, शिरमा चन्द्रमालाई सजाउने, सदाशिव शङ्करलाई आफ्नो मुटुमा विराजमान गराउनु । के त्यो इच्छा पूरा होला ? –

न च मे सुरलोकवाञ्छनं न च मे वाऽस्ति त्रिमुक्तिवाञ्छनम् ।
हृदि मे शशिलाञ्छनः स्फुरेदिति वाञ्छैव सदा चकास्ति मे।।
२/५२

पृथ्वीमा मानवको रूपमा त्यसमा पनि भारतवर्षमा, त्यसमा पनि द्विजको रूपमा, त्यसमा पनि वेदवेत्ताहरूको वंशमा जन्म दिने शिवको करुणाको गुन म कसरी तिरौं ? तर सम्पूर्ण उपकारलाई आफ्नै मूर्खताले बर्बाद पारिसकेको छु । कर्मभूमिमा वर्णाश्रमअनुसारका कर्म गर्नुपर्नेमा न गरेर मैले पातकराशि मात्र कमाएको छु भन्दै कविले आफूलाई शिवका पाउमा सुम्पन्नुभएको छ–

जननं सुरदुर्लभं भुवि तव तत्रापि च भारताजिरे ।
नृषु भूसुरता कलौयुगे विहिते वेदविदग्रणीकुले ।।
इति कारुणिकेन चेन्मया सकलं मूर्खतया विनाशितम् ।।
२/६३-६४

पानीमा दूध सरह शिवमूर्तिमा आफूलाई एकाकार गराउन चाहने कवि मरासिनीको भावगर्भित वाग्धारा यसरी प्रस्फुटित भएको छ –

क्व नु मिश्रितनीरदुग्धवद् भविताऽहं शिवविग्रहे स्वतः ।
मधुराम्लविमीलितं शिव ! सुखदं याति सुभोजनं यतः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न सद्दया न सद्धर्मो न सद्वाक्यं न सद्हितम् ।
नसद्दानं न सत्सेवा यत्कृतं बाह्यशोभनम् ।। १/७६

यसरी कविले एउटा सनातनी सद्गृहस्थले मनोयोगपूर्वक गर्नुपर्ने कर्तव्यको राम्ररी दिग्दर्शन गराउनु भएको छ । यसै प्रसङ्गमा साधकले हरिसामु आत्मसमर्पण गरी आफ्ना सम्पूर्ण पाप र सन्तापको निवेदन गर्नुपर्दछ भनी मार्गदर्शन गरिएको छ –

नास्ति मत्सदृशः पापी नास्तिको मादृशो न हि ।
नास्त्येव मादृशः क्रोधी नास्त्येव मादृशश्छली ।। १/९४

यसरी हरिभक्तिको पथमा अग्रसर व्यक्तिहरूका निमित्त आत्मकल्याणको अमोघ उपाय सत्सङ्ग नै हो भन्दै कविले सज्जनहरूको विशेषता बताउनुभएको छ –

समचित्ताः प्रशान्ताश्च विमन्यव उदाहृताः
सङ्गदोषहराः सन्तः साधवः सुहृदः सदा ।। १/१०१

सत्सङ्गको महिमा बताएपछि ईश्वर नामजपको विशेषता खुलाई नामापराधबाट जोगिएर जप गर्न पाठकलाई अभिप्रेरित गरिएको छ । विषयासक्तिलाई पन्छाएर ईश्वरको नाम जप गर्ने साधकले फेरि जन्मन नपर्ने कुरा खुलाइएको छ ।

चित्तशुद्धि र चित्तशान्तिका लागि सच्चरित्रश्रवण र सत्शास्त्रहरूको अनुशीलन गर्नुपर्दछ भन्ने प्रसङ्गमा कविले हार्दिक उद्गार यसरी व्यक्त गर्नुभएको छ –

चित्तशुद्धिविधानाय सुगमा सरणिर्मता ।
श्रीमद्भागवतस्यापि गीतायाश्चापि सेवनम् ।। १/१९६

हरि, हरिनाम, हरिलीला र हरिधाम, शिव, शिवनाम, शिव लीला र शिवधाम सबै चिन्मय भएकाले तिनमा परस्पर कत्ति पनि अन्तर नरहेको कुरा बताउँदै कवि भन्नुहुन्छ –

नाम्नो नामवतश्चापि लीलाया धाम्न एव च ।
चिन्मयत्वादभेदोऽस्ति तेषामपि तु चैकता ।। १/२०९

शरणागतियोगको विस्तृत चर्चा कै सन्दर्भमा कविले श्रीहरि र श्री सदाशिवको शरणमा जान चाहने साधकले प्रार्थना गर्नुपर्ने कुरा बताउनुहुन्छ –

मनसा कर्मणा वाचा श्रीरामः शरणं मम । १/२१९
मनसा कर्मणा वाचा श्रीशिवः शरणं मम । १/२२०

तपस्या, अध्ययन, साधना, सत्सङ्ग केही नपाएका तर आफ्ना उद्धार गर्न चाहने मानिसले हिंड्दा डुल्दा शयन गर्दा, भोजन गर्दा, परस्पर कुराकानी गर्दा र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहकार्य सम्पादन गर्दा जहिले पनि राम राम, कृष्ण कृष्ण भनी कीर्तन वा जप गर्ने बानी बसाल्नु पर्दछ । यसबाट ती सबैको उद्धार हुन्छ भन्ने भावना कविद्वारा यसरी व्यक्त गरिएको छ –

गमने शयने चापि भोजने भाषणेऽपि च ।
करणे गृहकार्याणां सर्वावस्थासु सर्वदा ।
रामरामेति कृष्णेति रटनं मनसैव यत् ।। १/२५७-२५८

हरिभक्ति नभएको मानिस दुई खुट्टे गोरु नै हो, त्यसकारण बुद्धिमान् मानिसले हरिभक्ति गर्नैपर्ने तर्फ अभिप्रेरित गर्दै कवि भन्नुहुन्छ –

द्विपादपि समो नूनं वृषभेण चतुष्पदा ।
तस्मात् सर्वप्रयत्नेन हरौ भक्तिं हि साधय ।।

कवि भन्नुहुन्छ – विभिन्न कारणले मलाई नरकभोग गर्नैपर्ने भएछ भने पनि नरकमा रहँदा बस्दा मेरो मुखले हजुरको धामतर्फ फर्कने सौभाग्य पाओस् । यत्ति भए पनि मेरो चित्त बुझ्नेछ –

नूनमूर्ध्वं भवेद् धाम त्वदीयं परमेश्वर ।
मुखेनोर्ध्वेण वा भाव्यं नरकभोगिनो मम ।।

कवि भगवानसँग प्रार्थना गर्नुहुन्छ – मलाई जुन परिस्थितिमा रहनु परे पनि हजुरको श्यामल मूर्तिलाई हृदयरूपी बलियो खम्बामा प्रेमको बलियो डोरीले बाँधेर मुटुमा राख्नेछु, यसैबाट मलाई शान्ति प्राप्त हुनेछ –

प्रेमरज्जुं दृढां कृत्वा हृद्रूपदृढकीलके ।
स्नेहपाशेन बद्ध्वा तां हृद्येव स्थापयाम्यहम् ।।

अन्तमा मनको क्रोधलाई मेटाउन यो समाधान लेखिएको हो भन्ने आशय व्यक्त गर्दै कवि भन्नुहुन्छ –

मानसक्षोभनाशाय समाधानमिदं स्फुटम् ।
अलिखत् कृपया विष्णोर्धनञ्जयमरासिनिः ।।

अनुष्टुभ् छन्दमा लेखिएको कवि मरासिनीको यो काव्य साधनाका सोपानहरूको दिग्दर्शन गराई भक्तिको गुलियो रस चखाउने पठनीय र मननीय कृति हो । यसमा सनातन धर्मका आकर ग्रन्थहरूको मर्म छर्लङ्ग भएको छ । कविले आफ्नो निश्छल र विनयगर्भित भाषामा ईश्वरप्रतिको निर्मल भक्ति र शास्त्रको चैतन्यलाई एकैसाथ प्रकट गरी सम्बद्ध साधकहरूप्रति ठूलो गुन लगाउनुभएकोछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी अनेकौं तहबाट प्रार्थना, पुकार, गुणगान, उपालम्भ र आत्मनिवेदन गरेपछि कवि भन्नुहुन्छ – आदिकवि ब्रह्माजीले जसको स्वरूप र गुणको इयत्ता एवं यावत्तालाई बुझ्न सक्नुभएन भने म के बुझूँ र कति बोलूँ ? तसर्थ चुप लाग्नु नै वेश हुनेछ । यसै चिन्तनका कारण उहाँ चुप लाग्दा यो प्रार्थना पुष्पाञ्जलि पनि टुंगिएको छ।

हरि र हरमा अभेददृष्टि राखेर भगवान्को उपासना गर्नुहुने कवि मरासिनीको यो काव्य शिवतत्त्वको गम्भीर चिन्तनमा आधारित छ । भावप्रधान यो काव्य भक्तियोगका साधक सज्जनहरूद्वारा मूल्यवान् कृतिका रूपमा अनुशीलनीय छ।

३. कवि धनञ्जय मरासिनी

विख्यात कवि एवं विद्वान् महापण्डित दधिराम मरासिनी र गङ्गादेवी मरासिनीका सुपुत्रका रूपमा वि.सं. १९७५ चैत कृष्ण षष्ठी बुधबारका दिन अर्घाखाँची जिल्ला अन्तर्गत खिदिम पोखराथोकको पीपलडाँडामा जन्मिनुभएका श्री धनञ्जय मरासिनीको व्यक्तित्वमा आफ्ना पिताश्रीको शतप्रतिशत छाप परेको छ ।

ऋषिकल्प लालमणि मरासिनी, तपस्वी दिशै मरासिनी, सिद्धयोगी शशिधर स्वामी, उनका माइला भाइ सदचारी एवं योगसाधक प्रेमनारायण मरासिनी, गौतम वंशका कुलगुरु गायत्रीसाधक विद्वान् मणिराम मरासिनी, योगसाधक र ब्रह्मनिष्ठ विद्वान् परीक्षित मरासिनी, शिक्षासेवी, समाजसुधारक, कवि, विद्वान्, योगी एवं भक्त महापण्डित दधिराम मरासिनी पछि उहाँकै नवावतार कुलगुरु कवि एवं शास्त्रमर्मज्ञ धनञ्जय मरासिनीको क्रम रहेको छ । वामरुकका कुलीन मरासिनीहरूको खिदिममा झाँगिएको शाखाको सूक्ष्म विवरण यही हो ।

लालमणिदेखि दधिरामसम्मका ब्रह्मकर्मसमर्थ आदर्श पूर्वजहरूको त्याग, तपस्या, भक्ति, ज्ञान, वैराग्य, आचार, विचार एवं संस्कारका जीवन्त रूप पं. धनञ्जय मरासिनी हिजोआज नारायणीतट गैंडाकोटमा साधनारत हुनुहुन्छ । ८४ वर्षको उमेरमा पनि उहाँ प्रातः पाँच बजे उठी नारायणी स्नान गर्दै हुनुहुन्छ, दैनिक हजार गायत्री जप्दै हुनुहुन्छ, शिवपञ्चायतन पूज्दै हुनुहुन्छ, गौरी गाईको सिङद्वारा जलधारा लगाई नित्य रुद्राभिषेक गर्दै हुनुहुन्छ, विष्णुसहस्रनामका साथ यथाशक्ति गीता, भागवत र रामायणको पाठ गर्दै हुनुहुन्छ । हरदम पद्मासन कसी योगमुद्रामा रहनुहुने पं. मरासिनीले स्तवकाव्य र सत्साहित्यको सिर्जना गरी संसारलाई मार्गदर्शन पनि गर्दै हुनुहुन्छ । उहाँका हजारौं शिष्यहरू राष्ट्रका विभिन्न क्षेत्रमा रही राष्ट्रसेवा गरिरहेका छन् भने पं. मरासिनी आफ्नो दिव्य साधनाद्वारा ती सबैमा शक्ति र सामर्थ्य भर्दै हुनुहुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना पिता महापण्डित दधिराम मरासिनीबाट प्रारम्भिक शिक्षा प्राप्त गर्नु हुने पं. धनञ्जय मरासिनीले किशोर वयमा पं. केशवराज मरासिनी, पं. टीकाराम मरासिनी र पं. रामनाथ पौडेलबाट खिदिममा नै अध्ययन गर्नुभयो । त्यसपछि कास्की पोखरास्थित विन्ध्यवासिनी संस्कृत विद्यालयमा पुगी पं. शिवकुमार उपाध्यायबाट विशेष अध्ययन गर्नुभयो । मध्यमाको तयारी गरे पनि आफू ज्यादै रुग्ण हुनुभएको कारण उहाँ उक्त परीक्षामा सहभागी हुन पाउनुभएन । तर आफ्ना पिता र अन्य विद्वान्हरूको सानिध्यमा गरिएको वेद, व्याकरण र काव्यहरूको गम्भीर अध्ययन निरवच्छिन्न स्वाधाय एवं शिक्षणद्वारा अर्जित तेजस्वी पाण्डित्यबाट दीप्त भई हजारौं छात्रहरूका भविष्यनिर्माता कुलगुरु र सद्गुरुका रूपमा स्थापित हुनुभयो ।

वि.सं. २००२ सालदेखि २०२१ सम्म वेदगुरु र व्याकरणगुरुका रूपमा अनवरत सेवा र २०२४ देखि सञ्चालित सरकारी विद्यालयमा १० वर्षको शैक्षिक सेवाका साथ पं. मरासिनीले धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा नीतिनिर्देशक, उपदेशक, निर्णायक तथा आयुर्वेदचिकित्सकका रूपमा दिनुभएको योगदान अविस्मरणीय र अनुकरणीय छ ।

उहाँले आफ्नो साधनामय दीर्घजीवनमा धार्मिक एवं आध्यात्मिक दृष्टिबाट उच्च कोटिका ग्रन्थरत्नहरूको सिर्जना गरी धर्मको, संस्कृतिको, भाषाको र समाजको सेवा गर्नुभएको छ । नेपाली भाषामा लेखिएको '**सत्यामृतम्**' नामक भक्तिमा आधारित प्रवचन शैलीको ग्रन्थ आम जनतामा ज्यादै लोकप्रिय भएको छ । **क्षोभसमाधानम्** र **विनयाष्टोत्तरशतकम्** नामक छुट्टाछुट्टै स्तवकाव्यहरूको संयुक्तरूप यो '**हरिहरप्रार्थनापुष्पाञ्जलिः**' काव्यात्मक एवं धार्मिक दृष्टिबाट उन्नत कोटिको रचना हो। यस्तै उहाँका संस्कृतमा लेखिएका खण्डकाव्य र स्तवकाव्य अप्रकाशित अवस्थामा नै छन् । ती मध्ये श्रीरामकथापीयूषम्, श्रीकृष्णचरितम्, श्रीकृष्णाचिन्तनम्, दासाष्टकम्, शरणाष्टकम्, रक्षाष्टकम्, गङ्गास्त्रोत्रम् र शिवकृपाभिलाषशतकम् उल्लेखनीय छन् ।

४. मन्तव्य

पं. धनञ्जय मरासिनीद्वारा प्रणीत र प्रा.डा. हरिप्रसाद आचार्यद्वारा अनूदित यस काव्यको सम्पादनको क्रममा अनुवादमा निहित कतिपय पद्यहरूको परिष्कारका साथै आञ्चलिक भाषा प्रयोगलाई पनि नेपाली भाषाको मूल प्रवाहमा एकाकार गराउने प्रयास गरिएको छ । अनुवादक विद्वान्ले नखुलाएका केही गम्भीर विषयलाई खुलाउने प्रयास पनि गरिएको छ । दुवै काव्यका केही पद्यहरूमा निहित विशेष शब्द र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिभाषिक शब्दहरूको विषयमा केही स्थलहरूमा विमर्श शीर्षकमा विचार गरिएको छ । कविपुत्र श्री वासुदेव मरासिनीको अनुरोध र मं.सं. वि.का उपकुलपति श्री माधवराज गौतमज्यूको प्रेरणाअनुसार मैले यस काव्यको सम्पादन कार्यको जिम्मा लिएको हूँ । वास्तवमा प्रकाण्ड विद्वान् पं. दधिराम मरासिनी मेरी पूजनीय आमा श्रीदिव्यलक्ष्मी ढकालका भानिजदाइ (फूपूका छोरा) हुनुभएकाले उहाँका सत्पुत्र पण्डितप्रवर धनञ्जय मरासिनीज्यूद्वारा प्रणीत काव्यको सम्पादन गर्न आत्मीयताजनिक स्वतःस्फूर्त अभिरुचिले पनि मलाई प्रवृत्त गराएको छ ।

यस कार्यमा मलाई अभिप्रेरित गर्नुहुने म.सं.वि.का उपकुलपति श्रीमाधवराज गौतमज्यू एवं कविपुत्र वासुदेव मरासिनीज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु । यस काव्यको मुद्रणपूर्व भाषाशुद्धिको जिम्मेवारी वहन गर्ने मेरा प्रिय शिष्य जगन्नाथ रेग्मीलाई साधुवाद दिंदै शुक्ला सरस्वतीको संस्मरण पूर्वक लेखनी बिसाउँछु ।

– प्रा.डा. वेणीमाधव ढकाल

नवरात्रि, २०५७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाप्रभुको आशीर्वाद

अर्घाखाँची जिल्लाको वामरुक क्षेत्र मरासिनी वंशको मूल थलो हो । मरासिनीवंशको कीर्तिविस्तार दिशैमरासिनीका पुत्ररत्न शशिधरबाट भयो । बाल्यकालदेखि नै आध्यात्मिक प्रकृतिका शशिधर केही समयको गृहस्थीपछि वामरुकबाट गुल्मीको रेसुङ्गा पर्वतमा पुगी त्यहाँको घना जंगलमा तपस्वी रूपमा रहे । दीर्घकालिक तपस्यापछि उनले सिद्धयोगी रेसुङ्गा महाप्रभु शशिधर स्वामीका रूपमा ख्याति पाएको तथ्य सर्वविदित नै छ । शशिधरका एकमात्र पुत्र लक्ष्मीनारायण पनि आबालब्रह्मचारीका रूपमा रेसुङ्गामा नै तपस्वी बनेर रहे । शशिधर स्वामीका माहिला भाइ प्रेमनारायण सदाचारसम्पन्न राजयोगी थिए ।

रेसुङ्गा महाप्रभु शशिधर स्वामीसँग सङ्गत र शास्त्रार्थ गर्न नारद, दत्तात्रेय र दुर्वासा जस्ता ऋषि महर्षि आउँथे । उनले चाहेमा आफ्ना निकटवर्ती श्रद्धालु भक्तका सामू एक्कासी दुर्लभ वस्तु, फलफुल आदि ल्याउँथे, उनले देश-विदेशका अनेक घटना अविलम्ब थाहा पाउँथे । महाप्रभु ब्रह्मलीन हुने बखतमा सूर्यमण्डलमा प्वाल परेको थियो भन्नेजस्ता अनुश्रुति त्यस भेगमा आज पनि प्रचलित छन् ।

शशिधर स्वामी मरासिनीकुलका भूषण हुनुहुन्थ्यो । उहाँले मरासिनीकुलमा म पछि सात पुस्तासम्म कुनै योगी वा ईश्वरभक्त अथवा महापुरुष जन्मिने छ भन्नुभएको थियो ।

अर्घाखाँची खिदिमका गौतमहरूले रेसुङ्गाका ब्रह्मचारी लक्ष्मीनारायण समक्ष मरासिनीपरिवारलाई कुलगुरुको पद स्वीकार गरिदिन अनुरोध गरेपछि ब्रह्मचारीले मणिराम मरासिनीलाई खिदिम गई गौतमवंशको कुलगुरुका रूपमा बसोबास गर्न आज्ञा दिएकाले मणिराम मरासिनी खिदिम सरेको अनुश्रुति रहेको छ । दक्षिणतर्फ पाणिनि तपोभूमि र उत्तरतर्फ दुर्वासा तपस्थली (साततले गुफा) को अवस्थितिले रमणीय खिदिमको भूभाग सत्कर्म गर्न र योगसाधनाका लागि उपयुक्त भएकाले नै ब्रह्मचारी लक्ष्मीनारायणले आफ्ना वंशधरलाई त्यहाँ बसोबास गर्न अभिप्रेरित गरेको हुनसक्छ । मरासिनीवंशको इतिहास केलाउँदा पनि वामरुकमा बसोबास गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरासिनीकुलमा भन्दा खिदिममा बसोबास गर्ने मरासिनीकुलमा साहित्यसाधक, योगी र विद्वान्हरूको अधिकता एवं क्रियाशीलताले पनि स्वामी शशिधरको आशीर्वाद फलीभूत भएको प्रमाणित हुन्छ ।

मणिराम ज्योतिषका प्रकाण्ड विद्वान् र स्पर्शयोगी सज्जन हुनुहुन्थ्यो । मणिरामका सुपुत्र परीक्षित देवताको उपासनामा रमाउने साधक हुनुहुन्थ्यो । परीक्षितका सुपुत्र पण्डित दधिराम मरासिनी शिक्षासेवी, साहित्यकार, समाजसेवी, विद्वान् र राजयोगी पनि हुनुहुन्थ्यो । उहाँकै प्रेरणाबाट उहाँका शिष्य जमिन्दार हरिहर गौतमले खिदिममा हरिहर संस्कृत पाठशाला, बनारसमा हरिहर संस्कृत महाविद्यालय र काठमाडौंमा संस्कृत पढ्ने विद्यार्थीहरूलाई आबास र छात्रवृत्तिको प्रबन्ध गर्नुभएको थियो । हरिहर संस्कृत पाठशालामा केही वर्ष हेडगुरुका रूपमा रही काम गर्नुहुने महापण्डित मरासिनी पछि गएर त्यस पाठशालाको संरक्षकका रूपमा रहनुभयो । २०२० सालमा काशीवासको दौरानमा गङ्गाजीका तीरमा उहाँ ब्रह्मलीन हुनुभयो । उहाँले आफ्नो जीवनमा संस्कृत भाषा र नेपाली भाषामा मूल्यवान् कृतिहरू दिएर राष्ट्रलाई ठूलो गुन लगाउनुभएको छ ।

दधिराम मरासिनीले गर्नुभएको योगदानका कारण श्री ५ को सरकारले २०५३ सालमा उहाँको नाममा हुलाक टिकट प्रकाशित गऱ्यो । उहाँका शिष्य र भक्तहरूले काठमाडौंमा दधिराम स्मृति प्रतिष्ठान खडा गरे । उक्त प्रतिष्ठानले हाल संस्कृति र शिक्षामा आधारित कार्यक्रम संचालन गरिरहेको छ ।

दधिराम मरासिनीका एक मात्र पुत्ररत्न यस पुस्तकका रचयिता श्री धनञ्जय मरासिनी हुनुहुन्छ । उहाँले संस्कृतमा लेखेका एक दर्जन जति खण्डकाव्य र स्तोत्रहरू अप्रकाशित छन् । उहाँले नेपाली भाषामा लेखेको '**सत्यामृतम्**' खण्डकाव्य प्रकाशित भइसकेकोछ । उहाँले तीस वर्षसम्म शैक्षिक सेवा गर्नुभएको छ । आफू बसेको क्षेत्र खिदिममा पानीको अभाव देखि 'खटकुली" भन्ने खोलाको करीब दुई कोश टाढाबाट आफ्नै लागतमा खानेपानी योजना बनाई कुलो खन्न थाल्नुभयो । स्थानीय विशेषज्ञहरूको कुलो आउन सक्दैन भन्ने राय पाएपछि करिब दुई किलोमिटर पर क्यूरेनी भन्ने गाउँसम्म कुलो खनी त्यहाँका बासिन्दाहरूलाई पानी ख्वाउनुभएको थियो । हाल श्री ५ को सरकारले सोही कुलो विस्तार गरी खिदिम क्षेत्रलाई पानी वितरण गरिरहेको छ। तत्कालीन स्थानीय विशेषज्ञको राय विपरीत धनञ्जयको योजना आज साकार भएको छ । यसरी वहाँ समाजसेवी र दूरदर्शी पनि हुनुहुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनञ्जय मरासिनीलाई **कालिका मन्दिर, कालिका आश्रम गैंडाकोटले** वैदिक सनातन धर्मका मर्मज्ञ, आध्यात्मिक चेतनाका उद्दीपक विद्या, बुद्धि र सच्चरित्रका ज्योतिपुञ्ज, नेपाली वाङ्मयका अथक साधक, साहित्यश्रेष्ठ, युगद्रष्टा, परमादरणीय विद्वान् भनेर अभिनन्दन गऱ्यो । यस्तै **दधिराम मरासिनी स्मृति प्रतिष्ठानले** २०५६ मा हरिहर संस्कृत विद्यालयका विशिष्ट प्रतिभा, साहित्यकार, संस्कृतका विद्वान्, शिक्षासेवी भनी वहाँलाई सम्मानित र पुरस्कृत गऱ्यो ।

उहाँ अहिले एक छाक खानुहुन्छ । तीर्थ सेवाको रूपमा पवित्र नारायणी नदीको किनार गैंडाकोटमा स्थायी बसोबास गर्दै हुनुहुन्छ । ८४ वर्षको उमेरमा पनि नित्य प्रातः ५ बजे नारायणी स्नान गर्नुहुन्छ र दिउँसो १ बजेसम्म पाञ्चायन देवताको पूजन, जप, तप र ध्यानमा तल्लीन हुनुहुन्छ । अध्यात्म उहाँको मुटुको स्पन्दन बनेर रहेको छ । उहाँ जीवित ईश्वरीय शक्तिसम्पन्न महामानव हुनुहुन्छ भन्न मलाई कत्ति पनि संकोच लाग्दैन । उहाँको जेठा छोरा शूलपाणि मरासिनी पनि आफ्ना पितामह र पिताको सरणि अंगाली सद्गृहस्थको रूपमा रहेर गायत्रीका आराधक राजयोगी र ब्रह्मकर्मनिष्ठ साधकको रूपमा साधनारत हुनुहुन्छ ।

यसरी शशिधर स्वामीको आशीर्वादद्वारा धर्म र सत्यको सेवामा तत्पर मरासिनी–परिवार आजपनि सत्य र धर्मकै पथमा अग्रसर भई देश र समाजको सेवामा जुटिरहेको छ । वास्तवमा स्वामी शशिधरको अमोघ आशीर्वाद फलीभूत भएको छ ।

२०५४ को बडादशैंमा म मेरा पूज्य पिता धनञ्जय मरासिनी र आमा देवकुमारी मरासिनीको हातबाट टीका र आशीर्वाद लिन नवलपरासीको गैंडाकोटमा गएको थिएँ। दशैंको रमझम सकिएपछि एक दिन बुबाले मलाई आफूनिर बोलाउनुभयो । अनि त्यो पोका ल्याऊ भन्नुभयो । मैले सानो कोराको कपडाले बाँधेको किताबको पोको बुबालाई लगेर दिएँ । बुबाले पोकोतिर देखाउँदै मलाई भन्नुभयो – तिमीले **'सत्यामृतम्'** छपाउने व्यवस्था गऱ्यौ । अब यो पोकामा मेरा कृतिहरू जस्तो अवस्थामा छन् ती सबैलाई छपाउने व्यवस्था तिमी नै गर । उहाँका हस्तलिखित सुवर्णाक्षर पढें । वहाँका थुप्रै कृतिमध्ये मलाई **'विनयाष्टोत्तरशतकम्'** काव्य र **क्षोभसमाधानम्** काव्य पहिले प्रकाशित गर्नु सान्दर्भिक लाग्यो । मैले दुवै कृतिका पाण्डुलिपि आफूसँगै काठमाडौं ल्याएँ । संस्कृत भाषामा छन्दोबद्ध रूपमा लेखिएका दुवै कृति सामान्य नेपालीलाई पढ्न र बुझ्न कठिन हुन्छ जस्तो ठानी बुबाका शिष्य प्रा.डा. हरिप्रसाद आचार्यज्यूलाई उक्त कृतिहरूको नेपाली भाषामा अनुवाद गरी दिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुरोध गरें । उहाँले मेरो निवेदन स्वीकार गरेर दुवै कृतिको नेपालीमा अनुवाद गरिदिनुभयो ।

उक्त कृतिहरूको नेपाली अनुवाद र पाण्डुलिपि मैले म.सं.वि.का उपकुलपति श्रीमाधवराज गौतमज्यूलाई देखाएँ र प्रकाशित गरी दिन अनुरोध गरें । उहाँले दुवै कृति पढ्नुभयो र प्रकाशित गर्ने वचन दिंदै भन्नुभयो –'म आफ्ना गुरु धनञ्जय मरासिनीका कृति प्रकाशित गर्नु परम कर्तव्य ठान्दछु, त्यसपछि उहाँले उक्त कृतिहरूको सम्पादन समीक्षा लगायतका सम्पूर्ण प्रकाशन सम्बन्धी कार्यसम्पादन गर्ने अभिभारा प्रा.डा. वेणीमाधव ढकालज्यूलाई सुम्पनुभयो । केही समयमा नै डा. ढकालज्यूले आफ्ना छात्र जगन्नाथ रेग्मीको सहयोग लिएर सम्पूर्ण कार्य पूरा गर्नु भएपछि यो कृति यस रूपमा प्रकाशित भएको छ ।

यस खुशीको अवसरमा मं.स.वि.का उदारमना उपकुलपति प्रा. माधवराज गौतमज्यू, अनुवादक विद्वान् प्रा.डा. हरिप्रसाद आचार्यज्यू र सम्पादक विद्वान् प्रा.डा. वेणीमाधव ढकालज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अक्षरसंशोधन कार्यमा सहयोग पुऱ्याउने वाल्मीकि विद्यापीठका आचार्य अन्तिम वर्षमा अध्ययनरत प्रतिभाशाली छात्र श्री जगन्नाथ रेग्मीलाई धन्यवाद दिन चाहन्छु ।

वासुदेव मरासिनी
अर्घाखाँची, पोखराथोक – ५
हालः काठमाडौं, फोनः ४७०३१४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमन्द आनन्द

पौरस्त्य सिद्धान्तअनुसार उपादेय पुरुषार्थ यद्यपि धर्म, अर्थ, काम र मोक्ष यी चार हुन् । तथापि तीमध्ये अन्तिम पुरुषार्थ मोक्ष प्राप्त गर्न सक्नु नै परमपुरुषार्थ सिद्ध गर्नु हो । अरु तीन पुरुषार्थ सिद्धिबाट यस लोकको सुखभोग र पारलौकिक स्वर्गादिप्राप्ति हुन सक्दछन् । मुण्डकोपनिषद्मा **द्वे विद्ये वेदितव्ये परा चैवाऽपरा च०** इत्यादि उपदेशद्वारा ऐहलौकिक सुखभोग एवं पारलौकिक स्वर्गादिप्राप्तिका साधन वेद आदि अपरा विद्या र ब्रह्मज्ञानमूलक मोक्षप्राप्तिको साधन परा विद्या बताइएको छ । ऐहलौकिक सुख र पारलौकिक स्वर्गादिसुखमा सांसारिक प्रपञ्चमा डुबेका जीवले सुखको जस्तो अनुभूति गरे तापनि विवेकशील मुनिहरूले त्यस्ता सुखलाई वास्तवमा सुख नमानेर दुःख नै ठहर गर्नुहुन्छ । अत एव पातञ्जल योगदर्शनमा महर्षि पतञ्जलि मुनि –**परिणामतापसंस्कारदुःखैर्गुणवृत्तिविरोधाच्च दुःखमेव सर्वं विवेकिनः** यस्तो उपदेश गर्नु हुन्छ । यस्ता गहकिला गम्भीर विषयमा कलम चलाउने प्रवृत्ति पनि त्यस्तै उत्तम संस्कार भएका विद्वानहरूमा पाइन्छ । यस प्रसङ्गमा तपोनिष्ठ दिशैमरासिनीका वंशज श्री शशिधर स्वामीका वंशधर महापण्डित श्री दधिराम मरासिनीका सुपुत्र पूज्य गुरुज्यू श्री धनञ्जय मरासिनीबाट रचित **हरिहरप्रार्थना पुष्पाञ्जलिः 'क्षोभसमाधानम्'** र **'विनयाष्टोत्तरशतकम्'** दुई काव्य श्रद्धालु सज्जनहरूका अगाडि प्रस्तुत छन् । उपर्युक्त काव्यमध्ये पहिलोमा सांसारिक प्रपञ्चबाट उत्पन्न हुन सक्ने क्षोभ र त्यसको समाधान गर्ने उपाय एवं दोस्रोमा भक्ति मार्गद्वारा ईश्वरशरणागति आत्मसात् गर्नुपर्ने विषयमा भावराशि प्रस्तुत गरिएका छन् । अतः सांसारिक प्रपञ्चबाट वाक्क परेर परमार्थसिद्ध गर्न इच्छुक, तर शास्त्रीय अध्ययन नभएका सज्जनहरूका निमित्त यी काव्य विशेष उपयोगी हुनेछन् र विशिष्ट विद्वान्हरूका निमित्त पनि साहित्यमा स्वभावोक्ति अलङ्कार आदरणीय भए झैं यी पुस्तकमा प्रतिपादित विषय पनि आदरणीय नै हुनेछन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने मैले ठानेको छु, भनिएको पनि छ –

अपि मुदमुपयान्तो वाग्विलासैः स्वकीयैः
परभणितिषु तोषं यान्ति सन्तः कियन्तः ।
निजघनमकरन्दस्यन्दपूर्णालवालः
कलशसलिलसेकं नेहते किं रसालः ।।

रचनाशैलीका दृष्टिबाट यी दुई मध्ये '**क्षोभसमाधानम्**' पहिले त्यसपछि '**विनयाष्टोत्तरशतकम्**' लेखिएको प्रतीत हुन्छ । अन्तमा पूज्य गुरुज्यूबाट देवभाषा संस्कृत भाषामा पद्यबन्ध गरिएका उपदेशलाई सर्वसाधारणले बुझ्ने गरी राष्ट्रभाषा नेपालीमा अनुवाद गर्ने सौभाग्य पाएकोमा मेरा मनमा उत्पन्न अमन्द आनन्दको अनुभूतिमा मण्डनभित्र–सुरेश्वराचार्यको–

तदिदं पुरुषस्य जीवितं यदयं जीवति भक्तिमान् गुरौ ।

यस उक्तिले विशेष योगदान पुऱ्याएको कुरा समेत सज्जनहरूसमक्ष व्यक्त गर्दछु ।

विनीत
हरिप्रसाद शर्मा आचार्य

नवरात्रि, २०५७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ क्षोभसमाधानम् ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासनायां प्रवृत्तायां सङ्कल्पो जायते ध्रुवम् ।
सङ्कल्पाच्च विकल्पोऽपि मानसे परिवर्तते ।।

वासनाको प्रभाव उर्लिंदा वासनाधीन व्यक्तिका मनमा अनेक थरिका सङ्कल्पहरूको प्रादुर्भाव हुन्छ । त्यस्तो सङ्कल्पबाट मनमा विकल्प पैदा हुन्छ। विकल्पको अर्थ शब्द सुन्दा वस्तुको भान हुनु र वास्तवमा वस्तुको अभाव हुनु नै हो । यसको उदाहरणमा बन्ध्यापुत्र शब्दलाई लिन सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगणेशाय नमः

श्रीक्षोभसमाधानम्

विघ्नध्वान्तहरं कोटिरवितुल्यप्रकाशितम् ।
पार्वत्या लालितं वन्दे गणेशं शिवसन्निधौ ।।१।।

कैलासको दिव्य दरबारमा मङ्गलमय एवं वात्सल्यमय मुद्रामा विराजमान सदाशिवका सामु बालभावले रहनुभएका र ममतामयी आमा गौरीको अमृतमय दूध र स्निग्ध दृष्टिबाट हुर्कनुभएका, आफ्ना भक्त एवं सज्जनहरूका सत्कर्ममा आइलाग्ने बाधा–व्यवधानरूपी कालो अन्धकारलाई सजिलै समाप्त पारिदिनु हुने र करोडौं सूर्यको ज्योति अंगालेर ज्योतिर्मय रूपमा सुहाउनु हुने भगवान् गणेशका पाउमा वन्दना टक्र्याउँछु ।

ध्यानेन ज्ञानयोगाभ्यां धारणाभिः समाधिना ।
मनुजो याति तादात्म्यमीश्वरेण परेण च ।।२।।

सगुण वा निर्गुणको ध्यान, आत्मज्ञान, ईश्वरज्ञान एवं ब्रह्मज्ञान, आराध्यको धारणा र आराध्यसँग एकाकार वृत्तिरूप योग समाधिद्वारा साधक मनुष्य परमेश्वरमा अथवा परमात्मामा एकाकार हुन पुग्दछ ।

विमर्श –

यस पद्यमा ज्ञान, धारणा, ध्यान, समाधि र योग जस्ता शब्दहरूको प्रयोग भएको छ । तिनको सामान्य अर्थबोध आवश्यक भएकाले स्पष्ट गरिन्छ।

ज्ञान – जसबाट यी प्राणीहरू पैदा हुन्छन्, जसका पालनी शक्तिबाट ती सबै जीवित रहन्छन् र मृत्यूपरान्त जसमा विलीन हुन्छन् त्यस्ता ब्रह्म, परमात्मा अथवा परमेश्वरको स्वरूपबोध नै वास्तविक ज्ञान हो । तैत्तिरीय उपनिषद्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिएको छ – **यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति । यत्प्रत्यभिसंविशन्ति तद् विजिज्ञासस्व । तद् ब्रह्म ।** श्रीमद्भागवतमा व्यासदेव भन्नुहुन्छ – **ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ।**

धारणा – चित्तवृत्तिलाई विषयदेखि हटाएर हृदयकमल, नाकको टुप्पो, नाभि, भ्रुकुटी, ब्रह्मरन्ध्र आदि आभ्यन्तर स्थान, चन्द्रमा, ध्रुव आदि बाह्य विषय, राम, कृष्ण, शिव आदि देवताका स्वरूप अथवा निराकार परब्रह्म रूप ध्यान गरिने तत्त्व (ध्येय) मा अड्याउनु अथवा बाँध्नुलाई नै धारणा भनिन्छ । भनिएको पनि छ– **देशबन्धश्चित्तस्य धारणा ।** (यो.सू. २/१)

ध्यान – जुन चित्तवृत्तिलाई कुनै ध्येयको धारणामा लगाइएको छ, त्यो वृत्तिले ध्येयको धारणामा निरन्तरता पाएमा अर्थात् बीचमा कुनै व्यवधान नभएमा त्यो धारणा नै ध्यानको रूपमा परिणत हुन्छ । भनिएको पनि छ – **तत्र प्रत्ययैकतानता ध्यानम् ।** (यो.सू.२/२)

समाधि – ध्येयको ध्यान तीव्रतम हुँदै गएपछि ध्यान गर्ने ध्याता, ध्यान र ध्येय यी तीन मध्ये चित्तवृत्तिमा भगवान् ॐ कार वा अरू कुनै जो ध्येय छ त्यही मात्र भास्दछ, अरू विल्कुल लुप्त हुन्छन् भने त्यस अवस्थालाई समाधि भनिन्छ । अर्थात् ध्येय विषयका स्वरूपको मात्र भान हुनु नै समाधि हो । भनिएको छ– **तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः ।** (यो.सू.२/३)

योग – आत्मतत्त्व वा ईश्वरतत्त्वदेखि विमुख भएर विषयतर्फ लम्किरहेको मनको व्यापारलाई चित्तवृत्ति भनिन्छ । त्यसलाई विषयतर्फ जान रोकेर चित्तमा लिन गराउनुलाई नै योग भनिन्छ । भनिएको पनि छ – **योगश्चित्तवृत्तिनिरोधः ।** (यो.सू. १/२) उक्त योगका आठ अङ्ग हुन्छन् – यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि । भनिएको पनि छ– **यमनियमासनप्राणायामप्रत्याहारधारणाध्यानसमाधयोऽष्टावङ्गानि ।** (यो.सू. २/२९)

यमेन नियमेनैव दमेन ब्रह्मचिन्तनात् ।
गुरोः शुश्रूषया चैव वेदाध्ययनकर्मणा ।।३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यम– हिंसा नगर्नु, सत्य बोल्नु, नचोर्नु, ब्रह्मचर्यको पालना गर्नु र बढी संग्रह नगर्नुबाट, **नियम** – पवित्र रहनु, सन्तोष लिनु, तपस्या पालन गर्नु, स्वाध्याय अध्ययन गर्नु, ईश्वरमा समर्पित हुनु, इन्द्रिय दमन गर्नु, ब्रह्मको चिन्तन गर्नु, गुरुको सेवा गर्नु र वेदाध्ययन गर्नुबाट समेत मनुष्य परमात्मामा एकाकार हुन सक्दछ ।

विमर्श –

उक्त पद्यमा निहित यमको विषयमा योगशास्त्रकार पतञ्जलिले भनेका छन् – **अहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमाः ।** (२/३०)

अहिंसा – शरीर, वाणी र मनद्वारा कसैलाई कष्ट नदिनु अहिंसा हो । **सत्य** – वस्तुको यथार्थ ज्ञान सत्य हो । सत्यलाई शरीरको उपयोगमा ल्याउनु शरीरको सत्य हो । वाणीबाट सत्य व्यवहार गर्नु वाणीको सत्य हो । सत्यलाई विचारमा ल्याउनु मनको सत्य हो । **अस्तेय** – अन्याय गरेर कसैको धन दौलत र अधिकारको अपहरण गर्नु स्तेय – चोरी हो, त्यो नगर्नु अस्तेय हो । **ब्रह्मचर्य** – वीर्यको नाश नगरी इन्द्रियविजयी हुनु नै ब्रह्मचर्यको पालन गर्नु हो। ब्रह्मचर्यबाट नै जीवनकलाको पूर्ण विकास हुन्छ । जीवनकलामा सुन्दरता, तेज, आनन्द, उत्साह, सामर्थ्य, आकर्षण र जीवन्तता आउने कारण तत्व ब्रह्मचर्य नै हो । **अपरिग्रह** – धन, सम्पत्ति, भोग सामग्री र मनोरञ्जन एवं विलासका साधनहरूको स्वार्थका दृष्टिबाट सञ्चय गर्नुलाई नै परिग्रह भनिन्छ । यसबाट जोगिएर जीवन निर्वाह गर्नु नै अपरिग्रह हो ।

माथिको पद्यमा निर्दिष्ट नियमको विषयमा पतञ्जलिले यसरी परिभाषा दिएका छन् – **शौचसन्तोषतपःस्वाध्यायेश्वरप्रणिधानानि नियमाः ।** (यो.सू.२/३२)

शौच – बाहिरी पवित्रता र भित्री पवित्रतालाई शौच भनिन्छ । स्नान, सद्भोजन र हठयोगको साधनाद्वारा शरीरशोधन गर्नु बाहिरी शौच हो भने ईख, घमण्ड, घिन आदि भित्री मललाई पखालेर चित्तलाई सफा तुल्याउनु आभ्यन्तर पवित्रता हो । **सन्तोष** – उचित परिश्रमपछि जे जस्तो र जति फल प्राप्त हुन्छ त्यसबाट प्रसन्न हुनु नै सन्तोष हो । **तपस्या** – शरीर, प्राण, इन्द्रिय र मनलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संयमपूर्वक वशमा तुल्याउनुलाई नै तपस्या भनिन्छ । **स्वाध्याय** - वेद, उपनिषद्, दर्शन र भक्तिशास्त्रको नित्य परिशीलन गर्नु र ॐकारको जप गर्नु नै स्वाध्याय हो । **ईश्वरप्रणिधान** - भगवान्मा मन लगाई आफ्ना सबै कर्मका साथ मनलाई पनि ईश्वरमा समर्पण गर्नु नै ईश्वरप्रणिधान हो ।

निगृहीतं मनो येषां समाधावधिकारिणः ।
मनो निग्रहशून्यस्याऽऽयासार्थाः स्युः क्रियाश्च ताः ।।४।।

मनको निरोध गर्न समर्थ साधकहरू समाधिका अधिकारी हुन्छन् । मनको निरोध गर्न असमर्थ व्यक्तिका ती यम, नियम, दम आदि क्रियाहरू पनि परिश्रमका लागि मात्र हुन्छन् । अर्थात् व्यर्थ हुन्छन् ।

मन एव मनुष्याणां कारणं बन्धमोक्षयो : ।
न गृहीतं मनो येन निष्फलास्तस्य ताः क्रियाः ।।५।।

मनुष्यलाई बन्धनमा पार्ने वा मुक्त गराउने कारण मन नै हो । जसले मनलाई नियन्त्रण गर्न सक्दैन त्यसका निमित्त माथि बताइएका सबै क्रियाहरू निष्फल हुन्छन् ।

नृणां मलीमसानां तु ध्यानयोगौ कुतोऽसताम् ।
विना ध्यानेन योगेन समाधिस्तु कुतो भवेत् ।।६।।

आत्मशुद्ध नभएका असत् मनुष्यका निमित्त ध्यान र योग सुलभ हुन सक्दैनन् ? समाधि पनि सम्भव हुँदैन ।

विना समाधिना विष्णोस्तादात्म्यं लभ्यते कुतः ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।७।।

समाधि विना नारायणसँग एकाकार हुने कुरा पनि सम्भव हुँदैन । निश्चय नै आफ्नो बन्धु आफ्नै आत्मा हो र आफ्नो शत्रु पनि । त्यसलाई परमार्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर्फ लगाउँदा त्यो मित्र बन्दछ, अधोगति तर्फ डोऱ्याउँदा त्यही शत्रु बन्दछ ।

सर्वाणि तानि कर्माणि ह्यायासार्थानि वस्तुतः ।
मनसो निग्रहं न स्यात्तर्हि व्यर्थाः कृताः क्रियाः ।।८।।

वास्तवमा मनको निरोध नहुने हो भने ती सबै कर्महरू केवल परिश्रमका कारण बन्दछन् र ती ती क्रिया पनि व्यर्थ नै हुन्छन् ।

निश्चले सति चित्ते तु ध्यानयोग्यो भवेन्नरः ।
ध्यानात् तादात्म्यमभ्येति तत्समाधिः प्रकीर्तितः ।।९।।

आफ्नो चित्त शान्त भएमा मात्र कुनै पनि साधक ईश्वर वा परमात्माको ध्यान गर्ने पात्र बन्दछ । ध्यान गर्नाले त्यो मानिस आराध्यसँग एकरूपमा पनि प्राप्त हुन्छ । त्यही एकरूपता नै समाधि हो ।

वासनाविनिवृत्तौ तु सुलभं योगसाधनम् ।
वासनाभिः परिक्षिप्तो याति संसारवर्त्मनि ।।१०।।

वासना हटेमा कुनै पनि साधकका लागि योगसाधन सजिलैसँग प्राप्त हुन्छ, वासनाले रंगमंगिएको मानिस जन्म र मरणको चक्रमा घुमिरहन्छ ।

आवासनापरित्यागाज्जायते नाऽमला मतिः ।
ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते ।।११।।
सङ्गात् सञ्जायते कामः कामात् क्रोधादिसम्भव : ।
तदा नश्यति मर्त्योऽयं संसारी कथितो बुधैः ।।१२।।

जहिलेसम्म वासनालाई त्याग गर्न सकिदैन त्यसवेलासम्म मानिसको बुद्धि राम्रो हुँदैन । विषयको चिन्तन गरिरहने मनुष्य ती ती विषयमा रंगमंगिन्छ। विषयमा रंगमंगिदा कामभावना पैदा हुन्छ । कामभावनाबाट क्रोध आदि दुर्भावनाको उदय हुन्छ । त्यस अवस्थामा मनुष्य नष्ट–भ्रष्ट हुन्छ र यस्तै मनुष्यलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान्हरूले संसारी मनुष्य भनेका छन् ।

विमर्श –

यसै विषयलाई लिएर श्रीमद्भगवद्गीतामा पनि भनिएको छ –

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात् सञ्जायते कामः कामात् क्रोधोऽभिजायते ।।
क्रोधाद् भवति सम्मोहः सम्मोहात् स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशाद् प्रणश्यति ।। (२/६२–६३)

गुणबुद्धिद्वारा विषयचिन्तन गर्ने मानिसको विषयमा नै तीव्र आसक्ति हुन्छ । आसक्तिले चाहनालाई उत्तरोत्तर तीव्रतम बनाउँदै लैजान्छ । चाहनामा बाधा पर्न आएमा रीस पैदा हुन्छ । रीस उठेपछि के उचित र के अनुचित भन्ने विचार गर्ने शक्ति नै हराउँछ । यस अवस्थालाई सम्मोहावस्था भनिन्छ । सम्मोह भए पछि शास्त्र र गुरुका उपदेशको सम्झनामा भ्रान्ति हुन आउँछ । भ्रान्ति बढ्दै गएपछि बुद्धिको लोप हुँदै जान्छ । बुद्धि नै नभएपछि मानिसको ज्यूनु र मर्नुमा कुनै तात्विक अन्तर रहँदैन ।

वासनाबद्धचेतस्को न याति परमां गतिम् ।
वासनाभिः प्रवृद्धाभिरकार्यकरणे रतः ।।१३।।

मनमा हजारौं वासना खेलाई अनुचित कार्य गर्न अभिप्रेरित हुने र वासनाकै अधीनमा चित्त हुने व्यक्तिले उत्तम गति प्राप्त गर्न सक्दैन ।

विमर्श –

वासनाकै अधीनमा रहने र इन्द्रियलाई छाडा छाडिदिने व्यक्तिलाई लिएर श्रीमद्भगवद्गीतामा पनि भनिएको छ –

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ।। (२/६६)

जसले इन्द्रियलाई आफ्नो वशमा तुल्याउन सक्दैन त्यसमा बुद्धि हुँदैन । बुद्धि नभएपछि शान्ति हुँदैन र अशान्त एवं वासनाव्याकुल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसले सुख पनि पाउँदैन ।

अशुद्धं कर्म कृत्वा तु निरयेषु पतत्यसौ ।
वासनाबद्धचित्तो हि तत्तत्कार्यस्य चिन्तनात् ।।१४।।

वासनाद्वारा जितिएको व्यक्तिले ती ती वासनामूलक विषयहरूको मात्र चिन्तन गरिरहने हुनाले त्यो अपवित्र काम गर्दै जीवन बिताएर मृत्यु उपरान्त नरकमा पर्दछ।

स तत्तादात्म्यमभ्येति स्वरूपं विस्मरत्यसौ ।
स्वरूपाऽस्मरणे नूनं संसृतौ गच्छति स्फुटम् ।।१५।।

वासनाद्वारा जितिएको त्यस्तो व्यक्तिले ती ती विषयहरूमा आफूलाई विलीन गराएर आफ्नो वास्तविक स्वरूपलाई पनि बिर्सिदिन्छ । आफ्नो स्वरूपलाई बिर्से पछि त्यो व्यक्ति संसारको चक्रमा घुमिरहन्छ भन्ने कुरा घाम झैं छर्लङ्ग छ।

वासनायां प्रवृत्तायां सङ्कल्पो जायते ध्रुवम् ।
सङ्कल्पाच्च विकल्पोऽपि मानसे परिवर्तते ।।१६।।

वासनाको प्रभाव उर्लिंदा वासनाधीन व्यक्तिका मनमा अनेक थरिका सङ्कल्पहरूको प्रादुर्भाव हुन्छ । त्यस्तो सङ्कल्पबाट मनमा विकल्प पैदा हुन्छ। विकल्पको अर्थ शब्द सुन्दा वस्तुको भान हुनु र वास्तवमा वस्तुको अभाव हुनु नै हो । यसको उदाहरणमा बन्ध्यापुत्र शब्दलाई लिन सकिन्छ ।

या सङ्कल्पात्मिका बुद्धिः सैव सांसारिकी मतिः ।
सङ्कल्पाद् जायते कर्म सङ्कल्पाद् विनिवर्तते ।।१७।।

सङ्कल्पको मात्रा धेरै भएको बुद्धिलाई नै सांसारिक बुद्धि भन्दछन् । सङ्कल्पबाट कर्म पैदा हुन्छ र पैदा भएको कर्म हट्न पनि सक्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्कल्पाद् जायते क्रोधः कामः सङ्कल्पजो भवेत् ।
न सङ्कल्पविहीनस्य कामक्रोधपराभवः ।।१८।।

सङ्कल्पबाट क्रोध पैदा हुन्छ, सङ्कल्पबाट नै काम पनि जन्मन्छ । सङ्कल्पबाट मुक्त भएका मनस्वीलाई काम र क्रोधले दबाउन सक्दैनन् ।

विमर्श –

संकल्पबाट पैदा हुने कामनाको विषयमा भनिएको छ –

सङ्कल्प प्रभवान् कामान् त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ।।
शनैः शनैरुपरमेद् बुद्ध्या धर्मगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा नकिञ्चिदपि चिन्तयेत् ।। (गी. ६/२४–२५)

संकल्पबाट पैदा हुने सम्पूर्ण कामनाहरूलाई वासनासहित परित्याग गरेपछि इन्द्रिय समुदायलाई मनद्वारा नियन्त्रित गरेर योगको उपासना गर्नु पर्दछ । यसैबाट नै कल्याण हुन्छ।

कामक्रोधविहीनस्य मनश्चञ्चलतां त्यजेत् ।
निश्चलं हि मनः सम्यक् परमार्थमुपासते ।।१९।।

काम र क्रोध पटक्कै नभएका मानिसको मन शान्त हुन्छ, त्यस्तो मन भएपछि साधक परमार्थको उपासनामा नै प्रवृत्त भइरहन्छ ।

विमर्श –

गीतामा भनिएको छ –

विहाय कामान् यः सर्वान् पुमाँश्चरति निस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति ।।

अर्थात् जुन मानिस प्राप्त भोगलाई उपेक्षा गर्दछ र अप्राप्त भोगप्रति उदासीन बन्दछ, त्यस्तो ममता र अहङ्कारदेखि पर रहेको मानिस परमशान्तिमा प्राप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्यानेन परमेशस्य तत्तादात्म्यं भजेत् पुनः ।
स्वरूपावस्थितो देही पुनरावर्तते न हि ।।२०।।

परमेश्वरको ध्यान गर्दा भक्त परमेश्वरकै आकारमा परिणत हुन्छ । परमेश्वरको आकारमा पुगेको जीवात्मालाई फेरि फर्किएर संसारमा आउन पर्दैन।

मोक्षः स एव विज्ञेयो जीवन्मुक्तस्तदा भवेत् ।
सङ्कल्पविजये नूनं सुखी चानन्दभाग् भवेत् ।।२१।।

परमेश्वरकै आकारमा परिणत हुने अवस्था नै वास्तवमा मोक्ष हो भनेर बुझ्नु पर्दछ । परमात्मामा एकाकार भएको अवस्थामा भक्त जीवन्मुक्त हुन्छ र सङ्कल्पमाथि विजय गरेका कारण ईश्वरीय आनन्दको अनुभव गर्न पाएर त्यो सुखी बन्दछ ।

सङ्कल्पप्रभवो लोकोऽसङ्कल्पात्तु विलीयते ।
सङ्कल्पप्रभवाः कामा असङ्कल्पात् तु यान्ति ते ।।२२।।

सङ्कल्प नभएमा सङ्कल्पबाट नै जन्मिएको सांसारिक प्रपञ्च बिलाउँछ र सङ्कल्प नभएको अवस्थामा सङ्कल्पबाट हुने कामनाहरू स्वतः समाप्त हुन्छन्।

निःसङ्कल्पो भवेद् ज्ञानी सङ्कल्पाद् जीव उच्यते ।
क्षये सङ्कल्पजालस्य जीवो ब्रह्मत्वमाप्नुयात् ।।२३।।

सङ्कल्प नभएको पुरुषलाई ज्ञानी भनिन्छ भने सङ्कल्पमा रुमलिएकालाई जीव भनिन्छ । सबै सङ्कल्पहरू विलाएमा जीव ब्रह्मरूपमा प्राप्त हुन्छ ।

इदं कृतमिदं कार्यमिति सङ्कल्प्य मानवः ।
संसारी भविता यायान्न ब्रह्मत्वं कदाचन ।।२४।।

मैले यो काम गरें, यो काम गर्न बाँकी छ जस्ता सङ्कल्प गरिरहने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिस संसारी बन्दछ र त्यो कहिल्यै ब्रह्मरूपमा आरूढ हुन सक्दैन ।

न ह्यसंन्यस्तसङ्कल्पो योगी भवति कश्चन ।
सर्वसङ्कल्पसंन्यासी योगारूढस्तदोच्यते ।।२५।।

सङ्कल्पलाई त्याग नगर्ने कुनै पनि मानिस योगी हुन सक्दैन र जो सबै सङ्कल्पलाई त्याग गर्न सक्दछ त्यो योगी बन्दछ । त्यसलाई त्यसवेला योगारूढ भनिन्छ ।

आत्मनः श्रेय इच्छेत् तु सङ्कल्पाद् विरमेन्नरः ।
सङ्कल्प एव संसारः सङ्कल्पाद् विरतो भव ।।२६।।

आफ्नो कल्याण चाहने मानिसले आफूलाई सङ्कल्पदेखि परै राख्नु पर्दछ, किनकि सङ्कल्प नै संसार हो, त्यसकारण म फेरि पनि भन्छु आत्मकल्याणका आकांक्षी हे साधक ! तिमी सङ्कल्पमुक्त बन ।

नष्टे सङ्कल्पजे कामे निर्मलो जायते नरः ।
अहन्ता ममता यावत् सङ्कल्पो वर्तते हृदि ।।२७।।

सङ्कल्पबाट पैदा हुने कामना समाप्त भएपछि मानिस स्वच्छ बन्दछ । जबसम्म मानिसका मनमा म र मेरो भन्ने भावना रहन्छ, तबसम्म त्यहाँ सङ्कल्प रहिरहन्छ ।

तयोर्नाशे तु सङ्कल्पः स्वयमेव विनश्यति ।
अहङ्कारसमुत्पन्ना संसृतिर्वर्तते सदा ।।२८।।

म र मेरो भन्ने भावना मेटिए पछि सङ्कल्प आफै मेटिन्छ । म भन्ने भावना रहिरहेमा संसार पनि सधै रहिरहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदाऽहङ्कारनाशाय यतेत मनसा सुधीः ।
अहन्ता यदि नष्टा स्यान्ममता वर्तते नहि ।।२९।।

बुद्धिमान् पुरुषले कठोर र दृढ मनद्वारा अहङ्कारलाई नाश गर्ने प्रयास गर्नुपर्दछ । अहङ्कार समाप्त भएमा ममता (मेरो भन्ने भावना) रहँदैन ।

नाहन्ता यस्य नष्टा स्यान्ममता तत्र वर्तते ।
ममत्वेनैव लोकेऽस्मिन् पापं चरति पूरुषः ।।३०।।

जुन मानिसको मनबाट अहङ्कार हटेको हुँदैन त्यहाँ ममता रहन्छ । वास्तवमा मनुष्यले ममताद्वारा अर्थात् मेरो भन्ने भावनाद्वारा नै पाप गर्दछ ।

ममत्वरहितः पापं पुनश्चरति किं नर : ।
सहचरमहन्त्वस्य ममत्वं विद्धि पापकृत् ।।३१।।

जसमा ममता लेश मात्र पनि हुँदैन, त्यस्ता मानिसले कुनै पनि पाप गर्दैन । म भन्ने भावनाको संगी ममता भन्ने भावना हो र त्यसैले नै पाप गर्दछ ।

नष्टेऽहन्त्वे तदा विद्धि ममत्वाऽभाव एव हि ।
अहन्त्वञ्च ममत्वञ्च सङ्कल्पो वासना सदा ।।३२।।
मनोभवानि चैतानि नयन्ति पुरुषं सृतौ ।
एतानि मनसो दूरं करोति पुरुषो हठात् ।।३३।।
संसारोऽपि हठाद् दूरं गच्छत्येव न संशयः ।
ध्यानेन ज्ञानयोगाभ्यां निर्मलन्तु मनो भवेत् ।।३४।।

अहङ्कार हराए पछि निःसन्देह ममता पनि रहँदैन भन्ने बुझ्नु पर्दछ । मनबाट उत्पन्न हुने यी अहङ्कार, ममता, सङ्कल्प र वासनाले पुरुषलाई संसारमा धकेलिदिन्छन् । साधकले कठोर साधनाद्वारा जसरी तसरी अहङ्कार आदिलाई मनबाट टाढै राख्न सकेमा सांसारिक प्रपञ्च पनि त्यसरी नै साधकबाट टाढिदै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जान्छ । अहङ्कार, ममता, सङ्कल्प र वासना नभएको मन आराध्यको ध्यान, सत्यको ज्ञान र चित्तवृत्तिको निरोधबाट निर्मल बन्दछ ।

वासना हीयते तत्र प्रयासो नात्र वर्तते ।
ध्यानं ज्ञानञ्च योगञ्च साधारणजनेन तु ।।३५।।
न शक्यते च सम्प्राप्तुं कृतयत्नेन वापि हि ।
पूर्वं विधाय यत्नेन साधनानां चतुष्टयम् ।।३६।।
लभेत यतनाज्ज्ञानं योगं वा ध्यानमेव वा ।
दमेन च विना ब्रह्मचर्येण वा विना नरः ।।३७।।
शमेन च विना सम्यग् यमेन नियमेन च ।
ज्ञानाय यतते मर्त्यो बन्ध्यां गां दोग्धुमिच्छति ।।३८।।

ध्यान, ज्ञान र योगसाधना पछि मन निर्मल हुँदा वासना हट्दछ र त्यसका लागि प्रयास गरिरहनु पर्दैन । साधारण पुरुषले ध्यान, ज्ञान र योग प्राप्त गर्न सक्दैन । साधन चतुष्ट्य सम्पन्न भएपछि पनि साधकले अथक प्रयास गर्दा योग, ज्ञान अथवा ध्यानको प्राप्ति गर्न सक्दछ । इन्द्रियदमन, ब्रह्मचर्य, चित्तशान्ति, यम र नियमको राम्ररी पालना नगरी ज्ञानका निमित्त प्रयास गर्नु थारी गाईलाई दुहुन खोज्नु नै हो ।

विमर्श –

नित्य, नैमित्तिक र काम्य कर्मद्वारा हुन आएको चित्तको निर्मलता, शम, दम, तितिक्षा आदि गुणको पात्रता, ऐहिक एवं पारलौकिक फल प्राप्तिप्रति विरक्ति र मुमुक्षुत्व (मोक्षको इच्छा) यी चार कुरालाई साधन चतुष्ट्य भन्दछन्

गुरौ हरौ भक्तियुक्तो निर्मलात्मा जनः सदा ।
नियमान् ब्रह्मचर्यादीन् पालयन् यतते यदि ।।३९।।
तत्रापि गुरुकारुण्याज्ज्ञानवाञ्छायते नरः ।
मनोमलं मलं बुद्धेश्चित्तस्य विकृतिं ततः ।।४०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्याननिष्ठः सदा त्यक्त्वा वैराग्येण समन्वितः ।
ज्ञानं प्राप्नोति यत्नेन गुरुकारुण्यभाग् जनः ।।४१।।

सद्गुरुमा र भगवान् नारायणमा अनिन्द्य भक्तिभावसम्पन्न निर्मलात्मा वैराग्यवान् साधकले सदा पवित्र पवित्र स्थानमा बस्ने र ब्रह्मचर्य आदि नियममा रहने प्रयास गर्दछ भने गुरुको करुणा पाएर ज्ञान प्राप्त गर्न सक्दछ । वैराग्यवान् बनेर मनको, बुद्धिको र चित्तको विकारलाई यत्नपूर्वक पन्छाई सदा ध्यानमग्न हुने गुरुको कृपा पात्र बनेको मनुष्यले ज्ञान प्राप्त गर्न सक्दछ ।

वासनात्यागलब्धेन बलेन पुरुषस्तदा ।
मनसो निग्रहं कुर्यादञ्जसैव सुषुप्तिवत् ।।४२।।

वासनामुक्त पुरुषले वासनात्यागजन्य शक्तिद्वारा अविलम्ब आफ्नो मनलाई भुसुक्क निदाएका बेलाको जस्तो अर्थात् सुषुप्ति अवस्थाको जस्तो तुल्याउनु पर्दछ ।

वासनासहितो मर्त्य इन्द्रियार्थे परिभ्रमन् ।
न शक्नोति समाधातुं मनो यन्तुञ्च कर्हिचित् ४३।।

वासनामा रंगमंगिएको मनुष्यले इन्द्रियका विषयमा आसक्त र चञ्चल भएर मनलाई एकाग्र गराउन र रोक्न पनि कहिल्यै सक्दैन ।

नानावस्तुषु संलग्ना वासना यस्य चेतसि ।
इदं कृतमिदं कार्यं न कार्यमिदमेव च ।।४४।।
एवं धावति सर्वत्र चित्तं तन्निग्रहः कुतः ।
त्यक्तायां वासनायां तु न मनो रमते क्वचित् ।।४५।।
एकाग्रेण ततो ध्यायेत् स्वरूपं परमात्मनः ।
समीचीनस्तु मार्गोऽयं परमार्थस्य साधने ।।४६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसका मनमा अनेक पदार्थमा लागेको वासना छ, यो गरें, यो गर्न बाँकी छ र गर्न नहुने यही मात्र हो यस रूपबाट जसको चित्त अनेक ठाउँमा भ्रान्त भइरहन्छ भने त्यसको निरोध सम्भव हुँदैन । यसको उपायका रूपमा भन्न सकिन्छ– वासनालाई आफ्नो मनबाट हटाइदिने हो भने मन विषयमा कहीं पनि रमाउँदैन र शान्त अवस्थामा रहन्छ । मन शान्त भएपछि साधकले एकाग्रतापूर्वक परमात्माका स्वरूपको ध्यान गर्नुपर्दछ । यो ध्यान नै परमार्थ सिद्ध गर्ने सजिलो बाटो हो ।

वासनायां निवृत्तायां चेतो भवति सुस्थिरम् ।
तदा ध्याने कृताभ्यासः कृतार्थत्वं प्रपद्यते ।।४७।।

मनबाट वासना हटे पछि पुरुषको मन राम्ररी स्थिर हुन्छ । त्यस अवस्थामा ध्यानको अभ्यास गर्ने पुरुष कृतार्थ बन्दछ ।

चित्तवृत्तिनिरोधो हि योग इत्यभिधीयते ।
अभ्यासेन च वैराग्यान्निरुध्यन्ते हि वृत्तयः ।।४८।।

चित्तका वृत्तिहरूको निरोध गर्नु नै योग हो । अभ्यास र वैराग्यद्वारा चित्तका ती वृत्तिहरूको निरोध गर्न सकिन्छ ।

विमर्श –

पतञ्जलिले योगसूत्रमा योगको लक्षण यसरी गर्नुभएको छ – **योगश्चित्तवृत्तिनिरोधः** अर्थात् चित्तबाट मलरूप आवरण र विक्षेपरूप चञ्चलता हटेपछि सत्त्वको प्रकाशमा जुन चित्तमा एकाग्र वृत्तिको उदय हुन्छ त्यो नै योग हो । चित्तका मूढ, क्षिप्त, विक्षिप्त, एकाग्र र निरुद्ध नामक पाँच अवस्था हुन्छन् । तीमध्ये सत्त्वप्रधान एकाग्र वृत्तिको अवस्था नै वास्तवमा चित्तवृत्तिको निरोध हो । निरुद्ध अवस्थामा गुणपरिणाममा आबद्ध हुनु नै चित्तको निरुद्ध अवस्था हो । चित्तको निरोध गर्ने उपाय अभ्यास र वैराग्य नै हो । भनिएको छ – **अभ्यास वैराग्याभ्यां तन्निरोधः** । (यो.सू. १/१२) गीतामा पनि उक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृत्तिहरूको निरोध, अभ्यास र वैराग्यद्वारा हुन सक्दछ भनिएको छ –

असंशयं महाबाहो मनोदुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्येत ! वैराग्येण च गृह्यते ।।

स्वस्य चित्तं परेशेन मेलयेत् सर्वथा जनः ।
ऐकाग्र्येण च तादात्म्यं स्याच्चेद् योगो हि तत्स्मृतः ।।४९।।

मनुष्यले हरेक प्रकारबाट आफ्नो चित्तलाई परमात्मासँग मिलाउने प्रयास गर्नुपर्दछ । एकाग्रताद्वारा चित्तको परमात्मासँग तादात्म्य हुनुलाई नै योग भन्दछन्।

विमर्श –

चित्तको निरोध हुँदा साधक, द्रष्टा परमात्माकै स्थितिमा रहन्छ । भनिएको छ – **तदा द्रष्टुः स्वरूपेऽवस्थानम् ।** (यो.सू. १/३) चित्तवृत्तिको निरोध नै योग हो भन्ने पातञ्जलि योग सूत्रको चर्चा भइसकेको छ । माथि पद्यमा चित्तवृत्तिको चर्चा गरिएको छ । ती वृत्तिहरूबारे छोटो चर्चा गरिन्छ । योग सूत्रमा भनिएको छ – **वृत्तयः पञ्चतय्यः क्लिष्टाक्लिष्टाः । प्रमाणविपर्ययविकल्पनिद्रा-स्मृतयः।** (१/५) मनका वृत्तिहरू पाँच प्रकारका हुन्छंन् । केही क्लिष्ट जस्तै – राग, द्वेष आदि क्लेशका कारण हुन्छन् । केही अक्लिष्ट जस्तै राग, द्वेष नाश गर्ने वृत्ति । ती वृत्तिहरू प्रमाण, विपर्यय, विकल्प, निद्रा र स्मृतिका नामबाट प्रसिद्ध छन् । **प्रमाणवृत्ति** – यो प्रत्यक्ष, अनुमान र शब्दप्रमाणका नामबाट प्रसिद्ध छ । भनिएको पनि छ – **प्रत्यक्षानुमानागमाः प्रमाणानि ।** (१/७) **विपर्ययवृत्ति** – जो विषय जस्तो रूपमा छैन, त्यसलाई त्यस्तो रूपमा सम्झिनु विपर्यय हो । उदाहरणार्थ सीपीलाई चाँदी सम्झनु विपर्यय नै हो । भनिएको पनि छ – **विपर्ययो मिथ्याज्ञानमतद्रूपम् ।** (यो.सू. १/८) **विकल्पवृत्ति** – वस्तुशून्य ज्ञानलाई विकल्प भनिन्छ । विकल्पका राहुको शिर, काठको पुतली जस्ता उदाहरण हुन सक्छन् । **निद्रावृत्ति** – जाग्रत र स्वप्नको अभावको प्रतीति गराउने वृत्ति नै निद्रावृत्ति हो । **स्मृतिवृत्ति** – अनुभूत विषयको मात्र चित्तमा प्रतीति हुनु स्मृतिवृत्ति हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्त वृत्तिहरूको निरोध पछि नै योगको उदय हुन्छ । त्यसैले चित्तवृत्तिको निरोध नै योग हो भनिएको छ।

विरक्तिसहितेनैव योगो लभ्येत चाञ्जसा ।
विरक्तिरहितेनात्र योगो लभ्येत नाञ्जसा ।।५०।।

वैराग्य प्राप्त भएका साधकले नै छिट्टै योग प्राप्त गर्न सक्दछन् । वैराग्य नभएका साधकले छिट्टै योग प्राप्त गर्न सक्दैन ।

विमर्श –

अभ्यास र वैराग्य भएका साधकले योगानुभूति गर्दछन् । भनिएको छ– **अभ्यासवैराग्याभ्यां तन्निरोधः ।**

विषयान् ध्यायतश्चित्तं विषयेषु विसज्जते ।
भगवद्ध्यानतश्चित्तं तस्मिन्नेव विलीयते ।।५१।।

निरन्तर विषयको चिन्तन गर्ने मानिसको चित्त विषयमा आसक्त हुन्छ । भगवान्को ध्यान गर्ने साधकको चित्त निरन्तर भगवान्मा नै विलीन हुन्छ ।

विषयान् ध्यायतश्चित्तं विषयाकारतां बजेत् ।।
भगवद्ध्यानतश्चित्तं भगवन्मयतां भजेत् ।।५२।।

विषयको ध्यान गर्ने विषयी पुरुषको चित्त जस्तो विषय छ त्यसै आकारमा परिणत हुन्छ । भगवान्को ध्यान गर्नेको चित्त भगवान्कै आकारमा परिणत हुन्छ ।

कलत्रागारपुत्रेषु चोदासीनतया स्थितः ।
तान् सर्वान् भङ्गुरान् पश्यन् मनसा ध्यानमास्थितः ।।५३।।
विशेषात् त्रिषु कालेषु सदाऽऽसीनो सदासने ।
प्राणायामप्रयत्नेन पूरकुम्भकरेचकैः ।।५४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युञ्ज्यात् केवलया भक्त्या गुरूपदेशमार्गतः ।
चित्तं वाङ्मनसातीते निराकारे चिदात्मनि ।।५५।।
परे ब्रह्मणि संलग्नं कारयेत् तत्र धारयेत् ।
अथवा रमते यत्र रामकृष्णस्वरूपिणि ।।५६।।
शिवाख्ये सगुणे शक्तिरूपिण्येवाऽथ धारयेत् ।
मनसो धारणादेव योगो लभ्येत मानवैः ।।५७।।
नादस्य श्रवणाद् वाऽपि लययोगसमन्वितः ।
चेतोलयं प्रकुर्वीत धारणाध्यानयोगतः ।।५८।।

पत्नी, पुत्र र सम्पत्तिप्रति उदासीन भावले रही ती सबै विषय क्षणभङ्गुर अर्थात् एक दिन मबाट छुट्नै नै हुन् भन्ने कुरा राम्ररी केलाएर भगवान्को ध्यान गर्नुपर्दछ । ध्यान गर्दा बिहान, दिउँसो र बेलुका उत्तम आसनमा आसीन भई रेचक, कुम्भक र पूरकद्वारा प्राणायामको प्रयास गरेर निर्मल भक्तिपूर्वक गुरुले दिएको उपदेशलाई राम्ररी मनन गरी चित्तलाई निराकार वाणी र मनदेखि पररहेका चैतन्यरूप परब्रह्ममा लगाइरहनु पर्दछ । साकार ईश्वरको उपासना गर्न चाहने साधकले राम, कृष्ण, सगुण शिव, शक्ति (जगदम्बा) आदि देवतामध्ये कुनै एकमा निरन्तर चित्त लगाउनु पर्दछ । कुनै एक आराध्यरूप आधारमा चित्तलाई अड्याउन सकेमा अथवा ॐकार आदिको नादश्रवण गरेमा लययोगलाई सिद्ध गर्न सकिन्छ । लययोगको अभ्यास गरिरहेका साधकले धारणा एवं ध्यानयोगबाट चित्तलाई विलीन गराउनु पर्दछ ।

प्राचीनाऽनुभवस्याऽत्र संस्कारो मनसि स्थितः ।
स एव वासना वाच्योऽनेकजन्मसमाश्रितः ।।५९।।

अनेक जन्मबाट आएका मनमा आश्रित पुराना अनुभवका संस्कारलाई वासना भन्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निरस्तवासनो मर्त्यः परमार्थस्य साधकः।
वासनासहितो मर्त्यः संसृतौ परिवर्त्तते ।।६०।।
अल्पेऽनल्पेऽथवा कार्ये व्यापृतमस्य मानसम् ।
दारागारसुतादीनां धनधान्यादिसम्पदाम् ।।६१।।
दृढप्रतिज्ञतामेत्य सर्वेषां निरपेक्षकः ।
ध्यानादिषु सदा लग्नो वेदान्तार्थविचारवान् ।।६२।।
ऋजुत्वञ्च पवित्रत्वं संश्रित्य यतते यदि ।
तदा स लभते योगं योगान्मोक्षञ्च विन्दति ।।६३।।

वासनालाई निवृत्त गराएको मनुष्यले परमार्थ सिद्ध गर्न सक्दछ । वासनाबाट सञ्चालित मनुष्य संसारमा घुमिरहन्छ र यस्तो पुरुषको मन थोरै अथवा धेरै कार्यमा लागि रहेको हुन्छ । स्त्री, पुत्र, सम्पत्ति, धनधान्य आदि वैभवलाई दृढप्रतिज्ञ भएर वास्ता नगरी सधै भगवान्को ध्यान आदिमा संलग्न हुने, वेदान्तशास्त्रका अर्थको विचार गर्ने सरल व्यवहार र पवित्रतालाई अंगाल्ने कुनै साधकले योगप्राप्तिको लागि प्रयास गर्दछ भने त्यो प्राप्त गर्न सक्दछ र त्यसद्वारा मोक्ष लाभ पनि गर्न सक्दछ ।

पूर्णसँस्कारहीना ये तपसा रहितास्तथा ।।
यमादिषु मनो येषां कदापि नहि तत्परम् ।।६४।।
विषयेष्वेव लग्ना ये विषयाद्धतबुद्धयः ।
तेऽपि कालप्रवाहेन जाता वृद्धतरा अपि ।।६५।।
दृष्ट्वा मृत्युं समीपस्थं भयेन व्याकुलीकृताः ।
तेषां केनाप्युपायेन संसारतरणं भवेत् ।।६६।।

राम्रो सँस्कार र तपस्या नभएका, जसको मन कहिल्यै पनि यम र नियमको साधनामा लागेको छैन, जो निरन्तर विषयले नै जेलिएका छन् र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको बुद्धि विषयासक्तिकै कारणबाट दूषित भएको छ, ती व्यक्तिहरू कालको गतिका कारण वृद्धावस्थामा प्राप्त हुन्छन् र मृत्युलाई नजिकमा आएको देखेर डरले व्याकुल बन्दछन् । साधना एवं तपस्या नभएका विषयासक्त र मृत्युत्रस्त ती अभागीहरूको संसार–सागरबाट मुक्ति कसरी हुन्छ ? यही एउटा ज्वलन्त प्रश्न र चिन्ताको विषय हो ।

इति चिन्ताप्रगल्भेन हतोत्साहोऽप्ययं जनः ।
स्वस्यैव मनसः शान्त्यै विमर्शनपरोऽभवत् ।।६७।।

यस्तो चिन्ताको वेगबाट उत्साहहीन भए तापनि यो ग्रन्थकार आफ्नै मनको शान्तिका निमित्त विचार गर्न प्रवृत्त भएको छ । भनाइको आशय के हो भने– म धनञ्जय मरासिनी आफ्नै मानसिक शान्तिका लागि पारामार्थिक विचार गर्न प्रवृत्त भएको छु ।

न कृता गुरुशुश्रूषा न वेदाध्ययनं कृतम् ।
मया तप्तं तपो नैव न कृतं तीर्थसेवनम् ।।६८।।

मैले न गुरुको सेवा गरें, न वेदको अध्ययन गरें, न तपस्या गरें र न तीर्थको सेवन गरें ।

विमर्श –

गुरु अन्धकारका नाशक मानिएका छन् । उनको सेवा गर्दा अन्धकारको नाश हुने थियो तर त्यसो नगर्दा मेरो हृदयतलको अन्धकार ज्यूँका त्यूँ रह्यो । गुरु शब्दबाट बाबुआमाको पनि बोध हुन्छ । तदनुसार जन्म, लालनपालन, शिक्षा, मार्गदर्शन र सदुपदेश दिएर संसारमा असल बाटो देखाइदिने आफ्ना बाबुआमा र गुरुको सेवा गरिन । वेद ब्रह्मरूप हुन् र ज्ञानरूप पनि । वेदले धर्मको बाटो देखाउँछन् र अधर्मको बाटो जानबाट जोगाउँछन् । वेदको सेवा नगर्नु भनेको धर्मको अनुशीलन नगर्नु हो र ज्ञानको पनि । मैले वेदको सेवा गरिन र म ज्ञान एवं धर्मबाट बञ्चित भएँ भन्ने कविको आशय हो । सम्पूर्ण उपनिषद् र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणले तपस्यामा जोड दिएका छन्, त्यो जान्दा जान्दै पनि मैले सँस्कारागत मल र मानसिक मलको प्रक्षालनका लागि तपस्या गरिन । तीर्थहरूले हृदयमा अध्यात्मजिज्ञासा, ईश्वरभक्ति र सत्कर्मानुष्ठानको महिमा खुलाउँछन् र आफ्नो पवित्र वातावरणद्वारा दिव्यतातर्फ अग्रसर गराउँछन् । तर त्यस्ता ती काशी प्रयाग आदि तीर्थहरूको मैले सेवन गरिन तसर्थ मैले ठूलो भूल गरें भन्ने कविको हार्दिक पश्चाताप उक्त पद्यमा व्यक्त गरिएको छ ।

न दानानि कृतान्येव चेष्टापूर्ते कृते नहि ।
सुखार्थं तु शरीरस्य कृतो यत्नोऽपि निष्फलः ।।६९।।

मैले भूमिदान आदि दानकर्म गरिन, इष्टकर्म गरिन र पूर्त कर्महरू पनि गरिन । फेरि आफ्नो शारीरिक र मानसिक तृप्तिका लागि जे जे गरें ती ती कर्ममा पनि म निष्फल भएँ ।

विमर्श –

इष्टकर्मको विषयमा भनिएको पनि छ –

अग्निहोत्रं तपः सत्यं वेदानाञ्चैव पालनम् ।
आतिथ्यं वैश्वदेवञ्च चेष्टमित्यभिधीयते ।।

अग्निहोत्र, तपस्या, सत्यसाधना, वेदाभ्यास एवं वैदिक विधिले कार्यसम्पादन, अतिथि सेवा र वलिवैश्वदेवलाई इष्ट कर्म मानिएको छ ।

पूर्तकर्मको विषयमा भनिएको छ –

पुष्करिण्यस्तथा वाप्यो देवतायतनानि च ।
अन्नदानमथारामाः पूर्तमित्यभिधीयते ।।
रोगिणां परिचर्याञ्च पूर्तमित्यभिनिर्दिशेत् ।

तलाउ र पोखरीको निर्माण, देवमन्दिरको प्रतिष्ठा, बगैंचाको निर्माण र रोगीहरूको सेवालाई पूर्तकर्म भनिन्छ ।

न मातापितृसेवासु धर्मबुद्धितया स्थितः ।
ममासन् पूर्वजास्ते हि गायत्रीजपने रता ।।७०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जपनञ्च न गायत्र्याः कृतमेव मया तु तत् ।
हेतुना सहितं कर्म कृतं सर्वमनर्थवत् ।।७१।।

धार्मिक बुद्धिले अनुप्राणित भएर आमा बुबाको सेवा गर्ने काममा पनि म अचल भावले लाग्न सकिन । मेरा पूर्वजहरू गायत्री जपमा तत्पर हुनुहुन्थ्यो। तर मैले गायत्रीको जपसाधना गरिन । जे जति फलको आशा राखेर कर्म गरें ती सबै मेरा लागि अनर्थ जस्तै भए ।

न किञ्चित्कर्म निष्कामतया तु विहितं मया ।
सर्वाणि कर्मजातानि सकामान्यभवन् मम ।।७२।।

मैले निष्काम भावनाले कुनै पनि कर्म गरिन । जति पनि कर्म गरें ती सबै मेरा कर्म कामनाविशेषको पूर्तिका लागि गरिएका सकाम कर्म नै थिए ।

विमर्श –

लौकिक र पारलौकिक कामना राखेर गरिने कर्मलाई सकाम कर्म भन्दछन् । कुनै इच्छा नराखी गरिने सत्कर्म, हरिभक्ति र ब्रह्मचिन्तन जस्ता कर्मलाई निष्काम कर्म भन्दछन् ।

हरिसेवापरश्चाऽहं धर्महेतोर्न चाऽभवम् ।
परेषां दर्शनार्थाय सदाचारपरोऽभवम् ।।७३।।

भगवान् नारायणको सेवामा लागे तापनि म धर्मप्राप्तिका लागि लागिन । अरूलाई देखाउनका निमित्त मात्र सदाचारी बनें ।

विमर्श –

यस पद्यमा पनि भोगका लागि विविध कामना तेर्स्याएर हरिभक्ति गर्ने र अरूलाई देखाउन धर्म गरे जस्तो गर्ने वास्तविक रूपमा पाखण्ड नै गर्ने प्रवृत्ति भएका व्यक्तिहरूप्रति संकेत गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेतुमेव निधायाऽथ हृदि सेवापरोऽभवम् ।
सम्पादने स्वकार्यस्य परकार्यशतानि च ।।७४।।
हतानि दुर्मतित्वेन दुष्टं कर्म समाचरम् ।
पोषणार्थं स्वदेहस्य प्राणिहिंसापरोऽभवम् ।।७५।।

म कसैको सेवा गर्दा पनि मनमा स्वार्थ चिताएर सेवापरायण बनें । आफ्नो काम सटाउनका लागि मैले अरुका सयौं काम बिगारिदिएँ । म स्वयं दुष्ट बुद्धि भएको मानिस हुनाले मैले नराम्रा काममात्र गरें । ती नराम्रा काममध्ये पनि म आफ्नो शरीर पोस्नका निमित्त प्राणीहरूको हिंसामा समेत प्रवृत्त भएँ ।

नाशिता जन्तवोऽनेकेऽसावधानतया मया ।
यद्यदाचरितं तत् तद् हेतुमालभ्य साधितम् ।।७६।।

भोलिको स्थिति विचार नगरेर मैले अनेकौं जन्तुहरू मारें । जुनसुकै काम पनि पूर्वापर नहेरेर कुनै न कुनै फलको उद्देश्यले मात्र गरें ।

विमर्श –

प्राणीहरूको हत्याद्वारा हत्याराले क्षणिक स्वार्थ लिए पनि हत्याको फल अवश्य भोग्नै पर्छ । जो यस्तो विचार नगरी हत्या कर्ममा रमाउँछन्, ती व्यक्ति असावधान हुन् । दोस्रो कुरा कुनै पनि कर्ममा आफूलाई के कति फाइदा हुन्छ भन्ने चिन्तनबाट मात्र अग्रसर हुने प्रवृत्ति स्वार्थी प्रवृत्ति हो । जसले हत्या कर्मबाट र स्वार्थी प्रवृत्तिबाट आफूलाई जोगाउँछन् । ती उन्नतिको पथमा अग्रसर हुन्छन् । जो त्यसमा रमाउँछन् तिनीको दुर्गति नै हुन्छ ।

न सद्दया न सद्धर्मो न सद्वाक्यं न सद्धितम् ।
न सद्दानं न सत्सेवा यत्कृतं बाह्यशोभनम् ।।७७ ।।

न मद्वारा उदाहरणीय दया हुन सक्यो, न असल धर्म गरियो, न राम्रो र हितकारी वचनको प्रयोग नै हुनसक्यो, न ता कुनै उपकारको असल काम नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयो, न त राम्रो दान गरियो, न सज्जनको सेवा भयो, जो गरियो त्यो केवल बाहिरबाट मात्र राम्रो थियो ।

मनसाऽदूयमानेन न परार्थस्य साधनम् ।
स्वकार्यकरणादेव परार्थसाधने गतः ।।७८।।

चित्त सफा गराइ परहितको काम मबाट हुनसकेन, सफा र प्रसन्न मन गराएर म न त अरूको प्रयोजन सिद्ध गरिदिन लागें, आफ्नो काम सिद्ध गर्नका निमित्त मात्र अरूको काम सिद्ध गरिदिने काम मैले गरें ।

इतरस्वपरद्रव्यपुष्टदुष्टोऽभवं महान् ।
परस्वेनैव वर्तेऽहं परदारादिकाहरः ।।७९।।

अरूको दौलत र धनद्वारा पुष्ट भएको महान् पातकी म नै भएँ । परस्त्री, परद्रव्य र परवैभवलाई निर्लज्जंतापूर्वक भोग गर्ने म परद्रव्यकै भरमा मात्र बाँचिरहेको छु ।

परदोषप्रचारेण परचित्तविदारणः ।
चौर्यकर्मणि संलग्नः परदोषप्रदर्शनः ।।८०।।
दोषैर्विनष्टबुद्धिश्च पापकृत् सर्वथाऽभवन् ।
जातो वृद्धोऽधुना शक्तिर्नष्टा देहस्य साऽखिला ।।८१।।

अरू मानिसहरूका खोटको प्रचार गरी उनीहरूको चित्त दुखाउने, चोरी गर्ने बानी परेको, अरूका दोष देखाउन सिपालु, बुद्धिहीन म आफ्नै यी नराम्रा गुण र स्वभावका कारणबाट पापी व्यक्तिको रूपमा कुख्यात हुँदाहुँदै बूढो पनि भइसकेको छु । मलाई तहस नहस बनाउने मेरा यी इन्द्रियहरूको शक्ति पनि समाप्त भइसकेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आधिना व्याधिनाऽऽक्रान्तः क्रोधलोभसमन्वितः ।
येषां तु भरणार्थाय बहु पापं मया कृतम् ।।८२।।
ते गता यत्रतत्रैव जातपक्षाः खगा इव ।
एको वै पापकर्माऽहमनुशोचाम्यहर्निशम् ।।८३।।

मानसिक चिन्ता र शारीरिक रोगबाट आक्रान्त हुँदा पनि मलाई क्रोध र लोभले छोडेका छैनन् । जसलाई पालन पोषण गर्नका निमित्त मैले धेरै पाप गरें, ती व्यक्तिहरू पनि पखेटा लागेका चरा झैं जहाँतहीं गइसकेका छन्, तर पाप गर्ने म भने रातदिन एक्लै शोकसन्तप्त भएर काल पर्खिरहेको छु ।

जपयोगौ कृतौ नैव नापि ध्यानं कृतं मया ।
इदानीं शक्तिहीनस्य चिकीर्षोस्तदसम्भवम् ।।८४।।

पहिले न जप गरें, न त योगमा मन लगाएँ, न त कुनै दिन मैले भगवान्को ध्यानमा नै मन लगाएँ । अहिले शक्ति नहुनाले ती ती साधना गर्न खोजे पनि मबाट हुनसक्दैनन् ।

यानि यानीह कर्माणि कुरुते भुवि मानवः ।
तेषामेव विपाकाँश्च प्रेत्य भुङ्क्ते विधेर्वशात् ।।८५।।

मनुष्यले यस लोकमा जे जस्ता कर्म गर्दछ, ती ती कर्मका फल नियति नियमानुसार त्यसले परलोकमा अवश्य भोग्दछ ।

कर्माणीह समग्राणि सन्ति पापमयान्यहो ।
मया कृतानि चैतेषां विपाकाश्च तथैव हि ।।८६।।
सदृशाश्च प्रलभ्यन्ते दुःखाद् दुःखतराश्च ते ।
इति चिन्तातुरो वृद्धो रोगाऽऽक्रान्तो मुहुर्मुहुः ।।८७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचारयति पापात्मा को मे दुःखं व्यपोहयेत् ।
हन्त ! मत्सदृशो जन्तुर्जगत्यां नास्ति दुःखभाक् ।।८८।।

अहो ! मैले गरेका सबै कर्महरू पापले भरिएका छन् । यिनका फल पनि त्यस्तै छन् । जस्ता दुःखदायक मेरा कर्म थिए, त्यस्तै दुःखदायक फल मैले भोग्नु परिरहेको छ र भोग्नु पर्ने छ । यस्ता चिन्ताबाट आतुर रोगले ग्रस्त भएको पापी वृद्ध पुरुष बारबार मेरो दुःख कसले निवारण गरिदेला ? हरे शिव ! म जस्तो दुःखी पुरुष संसारमा कुनै छैन भनेर सोचिरहेको हुन्छ ।

पूर्वञ्चापि सुखायैव प्रयत्तो न सुखी ततः ।
जराग्रस्तः सुखी नैवाऽधुनाऽपि दुःखभागहम् ।।८९।।

पहिले पनि सुखका लागि हुरुक्क भएँ । तर सुखी हुनसकिन । त्यसपछि जराजीर्ण भई दुःखी बनेको म अहिले पनि दुःखी नै छु ।

पापात्मा तु परत्राऽपि सर्वथा दुःखभाग्भवेत् ।
सञ्चितं धनमत्रापि नष्टं वृद्धः कथं सुखी ।।९०।।

पापी पुरुष त परलोकमा पनि सर्वथा दुःखी बन्दछ । यस लोकमा पाप गरी जम्मा गरेको धन पनि समाप्त भयो । यस्तो पापी म बूढो मानिस संसारमा कसरी सुखी हुनसक्दछु ?

पापान्निरयगामी स्यां परत्राऽहं कथं सुखी ।
उभयत्र विनष्टोऽहं हा !! हन्त ! कीदृशोऽभवम् ।।९१।।

पापले गर्दा म नरकमा जानु पर्छ, परलोकमा म सुखी हुने सम्भावना नै छैन । दुवै लोकबाट भ्रष्ट भएको म हाय ! कस्तो हुन पुगें ?

सुखार्थं यतते मर्त्यो दुःखं नैवाऽभिवाञ्छति ।
सुखाय यतमानोऽपि हा ! दुःखी सर्वथाऽभवम् ।।९२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुष्य सुखका निमित्त नित्य प्रयास गर्दछ र दुःख कत्ति पनि चाहँदैन । हरे शिव ! म सुखका निमित्त प्रयास गर्दागर्दै पनि सर्वथा दुःखी नै भएँ ।

विमर्श –

परिणामतापसंस्कारदुःखैर्दुःखमेव सर्वं विवेकिनः । (यो.सू. २/१५) यस सूत्रअनुसार परिणामदुःख, तापदुःख, संस्कारदुःख र गुणवृत्तिविरोधको दुःखलाई नियालेर हेर्दा विवेकी पुरुषका निमित्त संसारप्रपञ्चमा विषयभोगजनित सुख पनि दुःखमय नै प्रतीत हुन्छ । **परिणामदुःख** – विषयसुखबाट इन्द्रियको तृप्ति हुँदैन बरू त्यसबाट राग एवं क्लेश पैदा हुन्छ । जति जति भोग बढ्दै जान्छ, त्यति त्यति तृष्णा पनि बढ्दै जान्छ । विषयभोगबाट इन्द्रियहरू दुर्बल हुँदै जान्छन् । तिनमा भोग गर्ने शक्ति विल्कुलै नहुँदा पनि मनको तिर्सनाले सताइरहन्छ । त्यसकारण विभिन्न इन्द्रियद्वारा लिइने विषयसुखले परिणाममा तीव्र सन्ताप दिन्छ । **तापदुःख**– विषयसुख पाउन मानिसले ठूलो क्लेश सहनु पर्छ । त्यसमा कुनै वेला व्यवधान आउँदा द्वेष र क्लेश आइलाग्छन् । सुखभोग गर्दा पनि द्वेषले सताइरहेकै हुन्छ । तसर्थ विषयभोगको सुखले तापदुःख दिइने रहेको हुन्छ । **संस्कारदुःख** – सुखभोगको संस्कार मनमा पर्छ । सुखभोगबाट राग पैदा हुन्छ र विघ्नबाधा हुँदा द्वेष पनि । तिनका संस्कारले जन्म र मृत्युको चक्रमा घुमिरहनु पर्दछ । यसैलाई संस्कार दुःख भनिन्छ । **गुणवृत्तिविरोधको दुःख**– प्रकाशमय सत्त्वगुणबाट सुख प्राप्त हुन्छ । प्रवृत्तिरूप रजोगुणबाट दुःख प्राप्त हुन्छ र स्थितिरूप तमोगुणबाट मोह अथवा अज्ञान प्राप्त हुन्छ । यी गुणहरूको मात्रा तलमाथि भइरहन्छ । मानिसमा कहिले सत्त्व गुणको मात्रा अधिक हुन्छ, कहिले रजोगुणको र कहिले तमोगुणको। सत्त्वगुणको मात्रा अधिक हुँदा सुखको उदय हुन्छ भने रजोगुणको मात्रा बढेको समयमा दुःखको उदय हुन्छ । त्यस्तै तमोगुणको मात्रा अधिक हुँदा मोहको उदय हुन्छ । यी तीन गुण नै परिणामी हुन् । यी गुणवृत्तिको परस्परविरोध भएकाले सुखमा दुःखको नै प्रतीति हुन्छ । शुद्ध चित्त हुने विवेकीका लागि संसारको सुख परिणाममा तापदायक हुनाले मन पर्दैन र तिनले यस्ता विषयवासनाबाट पाइने सुखको परित्याग गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुभूयेह दुःखानि भविताऽस्मि परत्र च।
दुःखी सदैव दुःखी स्यां किमु हा ! करवाणि किम् ।।९३।।

यस लोकमा दुःख भोगेर परलोकमा पनि दुःख भोग्ने छु । सधैभरि दुःख भोगिरहन विवश म पापी पुरुष हरे शिव ! कसो गरूँ ?

नास्ति मत्सदृशः पापो नास्तिको मादृशो न हि ।
नास्त्येव मादृशः क्रोधी नास्त्येव मादृशश्छली ।।९४।।

म जस्तो पापी कोही छैन, म जस्तो नास्तिक कोही छैन, म जस्तो रीसाहा कोही छैन र म जस्तो कपटी पनि कोही छैन ।

कृतघ्नो मादृशो मर्त्यो नास्ति हिंसासमन्वितः ।
परदार-परद्रव्य-परमांसादिकाहरः ।।९५।।
असत्यनिरतो नित्यं सत्येनाहं विवर्जितः ।
अहन्ताममतायुक्तो देहात्मवादिनां वरः ।।९६।।
नास्तिको धर्मघाती च क्रोधमोहसमन्वितः ।
असत्यस्थो मृषावादी परदोषप्रदर्शनः ।।९७।।
दोषारोपी गुणेष्वस्मि परेषां चित्तदारणः ।
आर्तं दृष्ट्वा सुखी जातः सुखिनं दुःखसंयुतः ।।९८।।

म जस्तो कृतघ्न, हिंस्रक, परस्त्रीमा वासनाको भावनाले आँखा लगाउने, अरूको धन हर्ने, अरूको मासु लुछ्ने, सधैं झूठो बोल्ने, सत्यदेखि टाढै रहने, 'म' र 'मेरो' भन्ने भावना भएको, शरीरलाई नै आत्मा सम्झने मानिसहरूको अगुवाई गर्ने, नास्तिक, धर्मघाती, रीस र मोहमा अल्मलिएको, झूठो व्यवहार गर्ने, झूट्टा वचन बोल्ने, अरूका दोष देखाउने, गुणमा दोष दृष्टि राख्ने, अरूका चित्तमा पीर पार्ने, म जहिले पनि दुःखीलाई देखेर सुखी हुन्छ र सुखीलाई देखेर दुःखी भइरहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मसम्भावितः स्तब्धो धनमानमदान्वितः ।
दैवीं सम्पदमुत्सृज्य सम्पदमासुरीं श्रितः ।।९९।।

आफूलाई निकै महान् ठान्ने, धन एवं मानका मदमा चुर्लुम्म डुबेको म आजीवन दैवी सम्पत्ति तिरस्कार गरी आसुरी सम्पत्तिमा लिप्त भएँ ।

विमर्श –

यस पद्यमा प्रयुक्त दैवी सम्पत्ति र आसुरी सम्पत्तिको विषयमा चर्चा गरिन्छ ।

दैवी सम्पत्ति –

अभयं सत्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ।।
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ।।
तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ।। (गी. १६/१–३)

भयको अभाव, चित्तको प्रसन्नता, आत्मज्ञानका उपायको आश्रय, दान, बाह्य इन्द्रियको संयमरूप दम, यज्ञसम्पादन, ब्रह्मयज्ञ, तपस्या, सरलता, अहिंसा, सत्य, अक्रोध, उदारता, शान्ति, दोषदर्शनको अभाव, दया, निर्लोभता, कोमलता, लोकलज्जा, चञ्चलताको अभाव, तेज, क्षमा, धैर्य, पवित्रता, अद्रोह, निरहङ्कारता यी दैवी सम्पत्ति हुन् । उक्त २६ लक्षण दैवीसम्पत्तिसम्पन्न पुरुषहरूमा पाइन्छन् ।

आसुरी सम्पत्ति –

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ।। (गी. १६/४)

धर्मको ढोंग, धन, विद्या र पद आदिका कारण अभिमान, क्रोध, निष्ठुरता र अज्ञान आसुरी सम्पत्ति भएका पुरुषहरुमा पाइने लक्षण हुन् ।

परिणाम –

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता । (गी.१६/५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दैवी सम्पत्ति हुने व्यक्ति मोक्षका अधिकारी हुन्छन् र आसुरी सम्पत्ति भएका मानिस संसारको प्रपञ्चमा फँसिरहन्छन् । ती पाप गर्छन्, मृत्युपछि नरकमा जान्छन् फेरि संसारमा जन्मन्छन् ।

पापञ्च मादृशं याम्या निरये भ्रमयन्ति वै ।
न कृताः सङ्गतिः क्वापि मया पुण्यात्मनां सताम् ।।१००।।

पुण्यवान्हरूको सङ्गत कहिल्यै नगर्ने म जस्ता पापीलाई यमपुरुषहरूले निश्चयनै नरकबाट नरकमा घुमाउने काम गर्नेछन् ।

समचित्ताः प्रशान्ताश्च विमन्यव उदाहृताः ।
सङ्गदोषहराः सन्तः साधवः सुहृदःसदा ।।१०१।।
तेषां महात्मनां पादरजोभिः सेचनं यदा ।
तदा सर्वांश्च दोषाँस्तान् पापस्य हृदये स्थितान् ।।१०२।।
एते नूनं हरन्त्येव शर्वरीध्वान्तवद्रविः ।
महात्मनां यदा जाता सङ्गतिः कल्मषापहा ।।१०३।।
जनास्तदाऽऽशु शुद्धयन्ति मादृशा अपि सर्वथा ।
सङ्गाद् दोषहरा ह्येते साधवः सुहृदश्च ते ।।१०४।।

सबैलाई समान सम्झने, शान्त चित्त भएका, रीस नभएका, निर्मल हृदयका सज्जनहरू सङ्गदोष हटाउने हुन्छन् भनिएको छ । जब यी सज्जन महात्माका पाउका धूलाले शरीरमा सेचन गरिन्छ, तब ती महात्माहरूले पापीका हृदयमा रहेका सबै दोषलाई सूर्यले अन्धकारलाई हटाएझैं हटाउँछन् । जहिले पाप नाश गरिदिने महात्माहरूको सङ्गति हुन्छ, त्यसबेला म जस्ता मानिस पनि तुरुन्तै सर्वथा शुद्ध हुन्छन् । यी सज्जनहरूको सङ्गत गर्ने मानिस पनि सज्जन बन्दछन् । तसर्थ सज्जनहरू सबैका मित्र, निष्पाप र सबै प्रकारका दोषलाई दूर गराउने निर्मल मनका दयालु पुरुष हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्सङ्गमसमो नास्ति त्रिषु लोकेषु पुण्यदः ।
सङ्गाच्च महतां योगो ज्ञानं वा ध्यानमेव वा ।।१०५।।
प्राप्यते नान्यथा मर्त्यैरित्यत्र सर्वसम्मतिः ।
स्वर्गस्याऽप्यपवर्गस्याऽपेक्षयाऽपि सुसङ्गतिः ।।१०६।।
समीचीना महापुण्यप्रदेति शास्त्रनिर्णयः ।
सन्तोऽपि हि कुसङ्गेन भ्रष्टाः स्युर्नात्र संशयः ।।१०७।।

सत्सङ्ग समान पुण्यदायक वस्तु तीनै लोकमा अरू कुनै छैन । महात्माहरूको सङ्गतिबाट योग, ज्ञान र ध्यान प्राप्त हुन्छ । अन्यथा मनुष्यद्वारा ती महत्त्वपूर्ण विषयहरू प्राप्त गर्न सकिंदैनन् भन्ने कुरा सर्वसम्मत छ । स्वर्ग र मोक्षभन्दा पनि सज्जनको सङ्गति उत्तम हुन्छ र ठूलो पुण्य दिने हुन्छ भन्ने शास्त्रको निर्णय छ । कुसङ्गतिबाट सज्जन पनि भ्रष्ट हुन्छन्, यसमा कत्ति पनि शङ्का छैन ।

अपि स्याद् विषयी सङ्गान्महतां ज्ञानवान् भवेत् ।
एवं भागवती साक्षात् कृपा भक्तिमतामपि ।।१०८।।
नराणां तारणायैव समर्था सर्वथा मता ।
ज्ञानिनामथ भक्तानां योगिनां या च सङ्गतिः ।।१०९।।
तया न कोप्यसंसिद्धो दृष्टो वाऽऽकर्णितोऽपि वा ।
नरो ज्ञानवतः सङ्गाज्ज्ञानी भवति निर्मलः ।।११०।।

विषयवासनाले जेलिएको मनुष्य पनि महात्माहरूको सङ्गतबाट ज्ञानवान् बन्न सक्दछ र यस्ता भक्तजनमाथि भगवान्को साक्षात् कृपा पनि हुन्छ । ज्ञानी, भक्त, योगीहरूका सङ्गतबाट सिद्धि नपाएर अलपत्र परेको मानिस कोही पनि देखिएको र सुनिएको छैन । निश्चय नै मनुष्य ज्ञानी जनको सङ्गतबाट निर्मल र ज्ञानवान् बन्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा भक्तिमतां सङ्गाद् भक्तिमान् सम्प्रजायते ।
योगिनां सङ्गतो योगी नात्र कार्या विचारणा ।।१११।।

तदनुसारनै मानिस भक्तको सङ्गतबाट भक्त बन्दछ, योगीको सङ्गतबाट योगी बन्दछ भन्ने कुरामा विचार गर्नु आवश्यक छैन ।

यादृशी सङ्गतिर्यस्य तादृशो भवति स्वयम् ।
स्तेनानां सङ्गतः स्तेयी व्यसनिनाञ्च तत्समः ।।११२।।

मानिस जस्ताको सङ्गत गर्दछ त्यस्तै बन्दछ । चोरको सङ्गतबाट चोर र दुर्व्यसनीको सङ्गतबाट दुर्व्यसनी बन्दछ ।

इति लोकप्रसिद्धस्य वर्णनेन च किं फलम् ।
सत्सङ्गाच्च कुसङ्गाच्च वैकुण्ठो निरयः क्रमात् ।।११३।।

यी कुरा संसारमा प्रसिद्ध नै छन् । यिनको बयान गरिरहनु आवश्यक छैन । वास्तवमा सत्सङ्गबाट बैकुण्ठ प्राप्त हुन्छ भने कुसङ्गतबाट नरक प्राप्त हुन्छ ।

तेन सर्वप्रयत्नेन महत्सङ्गतिमाचरेत् ।
विनयात् सेवनं कुर्याद् भर्त्सितोऽपि निराकुलः ।।११४।।

त्यसो हुनाले जतिसुकै दुःखै पाएर भए पनि महात्माहरूको सङ्गत गर्नुपर्दछ । हप्काई पाए पनि कत्ति मन नदुखाई विनयपूर्वक ती महात्माको सेवा गर्नुपर्दछ ।

कृपादृष्टिर्न यावत्स्यात् तस्मात्पूर्वं न सर्पणम् ।
यदा गुरोः कृपादृष्टिर्जाता लब्धं न तेन किम् ।।११५।।

जबसम्म महात्माहरूको कृपादृष्टि पाइँदैन, तबसम्म भाग्नु हुदैन र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थाक्नु पनि हुँदैन । गुरुको कृपादृष्टि प्राप्त गर्ने साधकले के पाउँदैन ?

यद्यद्वाञ्छति तत्सर्वं प्राप्नोत्येव न संशयः ।
परं ते कुत्र वर्तन्ते न कुत्रापि शृणोमि तान् ।।११६।।

सज्जनको कृपादृष्टि पाउने साधकले जे जे चाहन्छ, ती सबै कुरा अवश्य पाउँछ, यसमा कुनै शङ्का छैन । परन्तु ती महात्माहरू कहाँ बस्दछन् र के गर्छन् भन्ने बारे मैले पत्तो पाउन सकेको छैन ।

विना महात्मनां सङ्गान्मादृशानां गतिः कथम् ।
महान्तस्ते कलौ सर्वे गुप्तरूपेण संस्थिताः ।।११७।।

महात्माहरूको सङ्गत नभई म जस्ताको गति बन्ने सम्भावना नै छैन । तर ती परोपकारी महात्माहरू कलियुगमा गुप्तरूपले रहन्छन् ।

न प्राप्यन्ते न शक्यन्ते परिचेतुञ्च ते मया ।
केऽपि वातूलवेषेण परे भिक्षुस्वरूपिणः ।।११८।।
मूकाऽनुकारिणः केचित् केचनाऽन्धाऽनुकारिणः
यदा यस्मिन् कृपां कर्तुमिच्छन्ति ते तदा तु तत् ।।११९।।
प्रकाशयन्ति रूपं स्वं तथ्यं तत्तारणाय च ।
महत्कृपां विना यस्तु तरीतुं भवमिच्छति ।।१२०।।
जलधेः स विना नावं तरीतुं जलमिच्छति ।
सन्तो ददत्यभाग्याय न मह्यं दर्शनं स्वतः ।।१२१।।

म ती महात्माहरूलाई भेट्न र चिन्न पनि सक्दिनँ । ती महात्माहरू मध्ये कुनै वायुविकृत भएका मनुष्य जस्ता, कुनै भिखारी जस्ता, कुनै लाटा जस्ता र कुनै अन्धा जस्ता भएर रहेका हुन्छन् । ती महात्माहरू जुन बेला जसमाथि कृपा गर्न चाहन्छन्, त्यस बेला त्यस सज्जनलाई संसार सागरबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तार्नका लागि आफ्नो वास्तविक स्वरूप प्रकट गर्दछन् । महात्माहरूको कृपाविना संसार पार गर्न खोज्नु जहाज बिना समुद्र तर्न खोज्नु जस्तै हो । तर ती महात्माहरूले म जस्तो अभागीको उद्धारका लागि कृपापूर्वक दर्शन दिएका छैनन् । म त्यही पवित्र दर्शनको प्रतीक्षामा छु ।

ईहक्स्थितौ क्व गच्छानि ब्रवाणि करवाणि किम् ।
अथवा ग्लानियुक्तेन विलापेन ममाऽत्र किम् ।।१२२।।

यस्तो स्थितिमा कहाँ जाऊँ, कोसँग जाऊँ, के भनूँ, के गरूँ अथवा यसरी खिन्न भई मैले विलाप गरेर मात्र के हुन्छ ? यस्ता भावना मेरा मानसपटलमा जुर्मुराउँछन् ।

यदा श्रीरामनामानि जपेयुर्मानवास्तदा ।
सर्वपापविनिर्मुक्ताः परं पदमवाप्नुयुः ।।१२३।।

जुन बेला मानिसहरू भगवान् श्रीराम नामको जप गर्दछन्, त्यसबेला ती सबै पापबाट मुक्त भई परम पद प्राप्त गर्न समर्थ हुन्छन् ।

नाम्नाञ्च स्मरणाद् वाऽपि जपनात् पातकी नरः ।
श्रीरामपदमाप्नोति सुकृती भवति ध्रुवम् ।।१२४।।

अनेक पातकहरूका पुञ्जबाट जेलिएको मानिस पनि भगवान् श्रीरामका पवित्र नामको स्मरणबाट मात्र पुण्यात्मा बनेर श्रीरामको पाउमा प्राप्त हुन्छ । वास्तवमा यस्तै मानिसलाई पुण्यात्मा भनिन्छ ।

अपराधसहस्राणि कृत्वापि मानवः सदा ।
रामनाम्ना भवेच्छुद्धो ध्रुवं प्राप्नोति सद्गतिम् ।।१२५।।

मानिस हजारौं अपराध गरे पनि रामनामको निरन्तर जपबाट पवित्र भई अवश्य सद्गति प्राप्त गर्न समर्थ हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरिनाम्नां सहस्त्रस्य शिवनाम्नां शतस्य च ।
नरः संस्मरणादेव मुक्तो भवति नान्यथा ।।१२६।।
प्रणवस्य जपेनापि नाम्नां रामस्य कीर्तनात् ।
प्रणवे सन्ति सर्वाणि चराचरजगन्ति च ।।१२७।।
तानि सर्वाणि रामस्य नाम्नीति स्मर्यते बुधैः ।
सततं तु यतीनां हि जपनं प्रणवस्य च ।।१२८।।
नान्येषां मलिनानां तु गृहस्थानां स्मृतं बुधैः ।
वेदपारायणेनैव तपसा ब्रह्मचर्यया ।।१२९।।
गुरुशुश्रूषया चैव यमेन नियमेन च ।
रहिता मानवा ये च तेषां केन गतिर्भवेत् ।।१३०।।

विष्णुका हजार नाम एवं शिवजीका सय नाम जप्नाले, ॐकारको जप गर्नाले र रामका नामहरूको कीर्तन गर्नाले मात्र मनुष्य मुक्त हुन्छ । ॐकारमा जति चराचर समाविष्ट हुन्छन्, ती सबै रामका नाममा पनि समाविष्ट हुन्छन् भनेर विद्वान्हरूले वर्णन गरेका छन् । योगीहरू सधैं ॐकारको जपमा लीन हुन्छन् भनिएको छ । तर ॐकारको जप गर्ने सौभाग्य अरू ती मलिनात्मा गृहस्थहरूले पाउँदैनन् । तसर्थ वेदाध्ययनशून्य, तपस्याहीन, ब्रह्मचर्यवर्जित, यम–नियम र गुरुसेवाबाट वञ्चित मानिसहरूको गति बनाउने उपाय के हुनसक्दछ? यो विषय गम्भीररूपमा विचारणीय छ ।

क उपायो भवेत्तेषां मूर्खाणां सद्गताविति ।
विचारः क्रियते चात्र कश्चिदस्ति न वेति वा ।।१३१।।

त्यस्ता वासनापीडित मूर्ख मानिसहरूलाई सद्गतिमा पुऱ्याउने के उपाय होला ? त्यस्तो उपाय छ अथवा छैन भन्ने विषयमा यहाँ गहिरिएर विचार गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भारते मानुषं जन्म दुर्लभमिति कथ्यते ।
तत्रापि तु द्विजो भूत्वा सद्गतौ यत्नवान्भवेत् ।।१३२।।

हिमालयदेखि समुद्र किनारा पर्यन्तको भूभाग जसलाई भारतवर्ष भनिन्छ त्यहाँ जन्म पाउन दुर्लभ छ भनेर शास्त्रमा बयान गरिएको छ । त्यसमा पनि ब्रह्मकुलमा जन्म लिएका मानिसले आफ्नो सद्गतिका निमित्त निरन्तर प्रयास गर्नुपर्दछ भन्ने कुरा शास्त्रहरूकै निष्कर्ष हो ।

विमर्श –

श्रीमद्भागवतमा भारतवर्षमा जन्म लिने भाग्यशाली मानिसहरूसँग देवताहरू पनि ईर्ष्या गर्छन् भन्ने कुरा यसरी बताइएको छ–

अहो अमीषां किमकारि शोभनम्
प्रसन्न एषां स्विदुत स्वयं हरिः ।
यैर्जन्म लब्धं नृषु भारताजिरे
मुकुन्दसेवोपयिकं स्पृहा हि नः ।।
कल्पायुषां स्थानजयात् पुनर्भवात्
क्षणायुषां भारतभूजयो वरम् ।
क्षणेन मर्त्येन कृतं मनस्विनः
संन्यस्य संयान्त्यभयं पदं हरेः ।।

यसरी शास्त्रहरूमा भारतवर्षको महिमा गाइएकाले यहाँ जन्म लिने बुद्धिमान् मानिसहरूले समयको सदुपयोग गरि ईश्वर प्राप्तिको मार्गमा आफूलाई अग्रसर गराउनुपर्दछ ।

नास्त्येव यत्नाऽसाध्यं तत्कार्यं सर्वमतेन च ।
अलभ्यमपि यत्नेन तच्च लभ्यं बुधैः स्मृतम् ।।१३३।।

गति मुक्ति बनाउने कुरा प्रयासबाट सिद्ध नहुने होइन । प्रयासबाट गति मुक्ति बनाउन सकिन्छ भन्ने सबैको राय छ । हुन त त्यो दुर्लभ हो तापनि प्रयासबाट प्राप्त गर्न सकिन्छ भनेर विद्वानहरूले वर्णन गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्नसाध्याः क्रियाः सर्वाः सद्गतिश्च तथा मता ।
जपनाद् भगवन्नाम्नो नरः सद्गतिमाप्नुयात् ।।१३४।।

सबै काम प्रयासबाट सिद्ध भए झैं सद्गति पनि प्रयासबाट सिद्ध हुने ठहर गरिएको छ । तसर्थ भगवान्को नाम जप्नाले मनुष्यले सद्गति प्राप्त गर्दछ ।

अपराधाश्च नाम्नो हि कथितास्ते बुधैर्दश ।
जपनात्तान् परित्यज्य रामनाम्नो भवेच्छुचिः ।।१३५।।

विद्वान्हरूले भगवान् नारायण अथवा भगवान् सदाशिव शङ्करको नामजपमा सम्भावित १० अपराधको चर्चा गरेका छन् । १० अपराधलाई पन्छाएर रामनामको जप गर्नाले साधक पवित्र हुन्छ ।

विमर्श –

सन्निन्दाऽसति नामवैभवकथा श्रीशेशयोर्भेदधी-
रश्रद्धा गुरुशास्त्रवेदवचने नाम्न्यर्थवादभ्रमः ।
नामास्तीति निषिद्धवृत्तिविहितत्यागौ हि धर्मान्तरैः
साम्यं नामजपे शिवस्य च हरेर्नामापराधा दश ।।

१) सन्निन्दा, २) दुर्जनका सामु नामजपको महिमाको व्याख्या, ३) लक्ष्मीपति र गौरीपतिमा भेददृष्टि, ४) गुरुवचनमा अश्रद्धा, ५) शास्त्रवचनमा अश्रद्धा, ६) वेदवचनमा अश्रद्धा, ७) नाम जपेर केही हुँदैन,जो फल बताइएको छ त्यो त अर्थवाद मात्र हो भन्ने भ्रममा रहनु, ८) मैले भगवान्को नाम जप गरिरहेको छु, जे पनि गरे त्यसले मेरो पाप काटिदिन्छ भनेर वेदनिषिद्ध र शास्त्रनिषिद्ध कर्मको आचरण गर्नु, ९) नामजप गरिरहेको छ, अरू मैले केही गर्नु पर्दैन भनी शास्त्रनिर्दिष्ट र वेदनिर्दिष्ट कर्महरूको परित्याग गर्नु, १०) मेरो नामजप विधर्मी वा परधर्मीहरूले गर्ने नाम जप वा आराधना जस्तै हो भनी तुलना गर्नु जस्ता १० अपराध मानिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपराधसमेतेन नाम्नां तु जपनाद् ध्रुवम् ।
नामापराधनाशार्थं भवेत्तच्चरितार्थता ।।१३६।।

अपराधसहित नामजप गर्दा निःसन्देह त्यो गरेको जप अपराधको नाशमा नै चरितार्थ हुन्छ । अर्थात् नामजपको पुण्य नामापराधको दोष मेटाउनमा नै गतार्थ हुने हुँदा आफूले चाहेको गति–मुक्ति प्राप्त गर्न सकिदैन । त्यसकारण नामजप गर्दा नामापराधबाट मुक्त भएर गर्नुपर्छ भन्ने यस पद्यको आशय हो ।

अन्यानि यानि पापानि प्रायशः सुस्थिराणि च ।
त्यक्त्वाऽपराधान् संस्मृत्या सर्वेषामेव नाशनम् ।।१३७।।

अरु जुन पापहरू छन्, ती प्रायः स्थिर रहन्छन्, तर नामका अपराधलाई पन्छाई नामस्मरण गर्दा सबै पापको नाश हुन्छ ।

अत्रेदं कारणं पश्य नान्यथा मतिमाश्रय ।
नामानि परमेशस्य रामचन्द्रस्य सर्वदा ।।१३८।।
स्वेषामेवाऽपराधानां नाशनाच्चरितानि च ।
दशापराधकाँस्त्यक्त्वा रामनाम जपन्नरः ।।१३९।।
शुद्धो भवति तत्काले निरयी वाऽपि पातकी ।
सन्निन्दाद्यपराधास्ते नाम्नो हि दशधा स्मृताः ।।१४०।।

नामापराधका हेतु र नामजपको महत्त्वलाई साधकले राम्ररी बुझ्नु पर्दछ। बुद्धिलाई बङ्ग्याउन हुँदैन । परमात्मा रामचन्द्रका पवित्र नामहरू नामजपमा हुने नामापराधका नाशक हुनाले त्यसैमा चरितार्थ हुन्छन् । तर सज्जननिन्दा आदि दश अपराध हटाएर रामनामको जप गर्ने मनुष्य नरकवासी र पापी भएपनि तत्काल शुद्ध बन्दछ । सज्जनको निन्दा गर्नु आदि ती नामका अपराधहरू दश प्रकारका बताइसकिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेषां त्यागे सयत्नो हि मर्त्यो भवितुमर्हति ।
सापराधानि नामानि ह्यपराधहराणि हि ।।१४१।।
अन्येषां पापराशीनां नाशनेऽवसरो न हि ।
नाम्नो नामवतश्चैक्यात्परमात्मस्वरूपिणः ।।१४२।।
योऽस्ति नाम्नोऽपराधोऽसावीशद्वेषसमःस्मृतः ।
न कदापि भवेत् साम्यमन्येषां पापकर्मणाम् ।।१४३।।

मानिसले ती दश अपराधको त्याग गर्ने सम्बन्धमा प्रयास गर्नुपर्दछ । अपराधसहित जपेका नामलाई ती अपराध पन्छाउने विवशता भएकाले अरू पापराशिलाई नाश गर्ने अवसर रहँदैन । परमात्माको नाम र नामधारी परमात्मा ती दुवै एक हुनाले नामको अपराध गर्नु ईश्वरको विरोध गर्नु जस्तै मानिन्छ । नामापराधको तुलना अरूको अपराधसँग गर्न सकिंदैन ।

भगवन्तं प्रति कृतात् पापात् स्थूलतमादिति ।
भगवद्द्वेषतो जातं स्वल्पं पापं महत्तमम् ।।१४४।।

भगवान्का प्रति गरिएका ज्यादै ठूला अरू पापभन्दा पनि भगवान्को द्वेषबाट पैदा भएको सानो पाप ज्यादै भयानक मानिन्छ ।

तस्याग्रे त्वन्यपापानि स्वल्पानीव मतानि च ।
भगवद्द्वेषिणश्चाग्रेऽन्ये ते पापरता नराः ।।१४५।।
मन्यन्ते तत्र निष्पापा भगवद्द्वेष्यपेक्षया ।
अन्ये ये पापिनः सन्ति ते प्रायश्चित्तनिर्मलाः ।।१४६।।

भगवान्को द्वेष गर्ने अपराधीका सामु अरू डरलाग्दा पाप गर्ने मनुष्य पनि भगवान्को द्वेष गर्ने दोषीको अपेक्षा पाप नभएका मानिन्छन् । किनकि अरू पाप गर्नेहरू प्रायश्चित्त गरेपछि शुद्ध हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवति भगवद्द्वेषी प्रायश्चित्तेन नैव च ।
पृथक्पृथक्तु पापानां प्रायश्चित्तं विदुर्बुधाः ।।१४७।।

भगवान्सँग द्वेष गर्ने मानिसको चित्त प्रायश्चित्तबाट पनि पखालिदैन । अलग अलग पापका अलग अलग प्रायश्चित्त हुन्छन् भन्ने विद्वान्हरूको भनाइ छ ।

ईश्वरद्रोहपापस्य प्रायश्चित्तं न ते विदुः ।
ईश्वरद्रोहरूपाया गुरुत्वात् खलु दुष्कृतेः ।।१४८।।

ईश्वरको द्रोह जस्तो अपराधको कुनै प्रायश्चित्त ठहर भएको छैन । किनकि ईश्वर द्रोहरूप पाप ज्यादै ठूलो मानिन्छ ।

जपनं निष्कृतिस्तस्या नाम्नो नान्या कदाचन ।
अपराधसमेतस्य जपनान्नाम्न एव तु ।।१४९।।
अपराधस्य तस्यैव नाशे नाम्नो गतार्थता ।
चित्ते नामापराधा ये तेषां नित्यं न सर्पणम् ।।१५०।।

ईश्वरद्रोह जस्तो महापराधको प्रायश्चित्त भगवान्को नाम जप्नु हो त्यो बाहेक अरू कुनै हुन सक्दैन । अपराधयुक्त नामजप त्यसै अपराधलाई पन्छाउन चरितार्थ हुन्छ । तसर्थ चित्तमा रहेका नामका अपराध कहिल्यै हट्दैनन् ।

चित्तस्था अपराधाश्च नैरन्तर्येण सर्वदा ।
यानि चान्यानि पापानि करोति समये नरः ।।१५१।।
काले विरमते पापान्नैरन्तर्यं न तत्र हि ।
नामापराधजं पापं नैरन्तर्येण मानसे ।।१५२।।

चित्तमा रहेका नामसम्बन्धी अपराधहरू अविच्छिन्न रूपले मानिसमा सधैं रहन्छन् । अरू जुन कुनै पनि पाप मनुष्यले गर्दछ, तिनको प्रायश्चित्त गरेपछि मानिस पापबाट निवृत्त हुन्छ । त्यसमा पापको निरन्तरता रहँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामापराधबाट हुने पाप भने मनमा निरन्तर रहिरहन्छ ।

कीर्तनादपि नाम्नस्तु विलयं याति निश्चयम् ।
नामकीर्तनविश्रामे पुनस्तमुपतिष्ठते ।।१५३।।

यद्यपि नाम कीर्तनबाट पनि निःसन्देह पाप विलाउँछ तर नामकीर्तन गर्न छाडेपछि फेरि आइलाग्छ ।

परमेतत्तु वक्तुं वै शक्यते दृढया गिरा ।
निरन्तरं जपन्नाम तैलधारोपमं नरः ।।१५४।।
नामापराधजञ्जान्यं सर्वपापं विमुञ्चति ।
कामना पुत्रदाराणां गृहैश्वर्यादिसम्पदाम् ।।१५५।।
वर्तते सर्वदा चित्ते मानवस्य पुनः पुनः ।
तेन मर्त्यो गृहादीनां योगक्षेमविचारवान् ।।१५६।।

परन्तु एउटा कुरा दृढतापूर्वक भन्न सकिन्छ, त्यो के भने निरन्तर भगवान्को नामजप गरेमा नामापराधबाट पैदा हुने पापलाई पन्छाउन सकिन्छ। मानिसका मनमा सदा सर्वदा छोरा–छोरी, पत्नी, घर, ऐश्वर्य र सम्पत्तिको कामना सलबलाइरहेको हुन्छ । त्यस आसक्तिपूर्ण कामनाका कारण मानिस छोरा, छोरी, पत्नी, घर, परिवार र सम्पत्तिको प्राप्ति र रक्षाकै विषयमा चिन्तन गरिरहेको हुन्छ ।

विमर्श –

शङ्कराचार्यको व्याख्याअनुसार योगको अर्थ धनादिको लाभ र क्षेमको अर्थ प्राप्त धनादिको रक्षा हो । वास्तवमा क्षेमको अर्थ मोक्ष नै हो ।

भूयो भूयो जपन्नाम योगक्षेमं प्रवाञ्छति ।
एतन्नामप्रभावेण कार्यं सिद्धमभून्मम ।।१५७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तास्ताश्चापि क्रिया नाम्नो यास्यन्ति मम पूर्णताम् ।
इति ध्यात्वा प्रसन्नात्मा योगक्षेमविमूढधीः ।।१५८।।
नामानि प्रतिगृह्णाति विषयार्थे विमुञ्चति ।
एवं स कामनाबद्धो विषयार्थे जपन्नपि ।।१५९।।
साधने परमार्थस्य वञ्चितो भवति ध्रुवम् ।
कामार्थे योजितं नाम कामनासिद्धिपूरणम् ।।१६०।।
अपकामेन जपितं परमार्थस्य साधकम् ।
कामनाबद्धचेतस्को न जानाति परावरम् ।।१६१।।

त्यस्तो सांसारिक प्रपञ्चमा आसक्त मानिसले पटक पटक नाम जप्दै तिनकै योगक्षेमको कामना गर्दछ । यो नाम यसरी जप्नाले 'मेरो यो काम सिद्ध भयो र मेरा यी यी काम पनि नामजपबाट नै पूर्ण हुनेछन् ।' यस्तो सोचेर प्रसन्न चित्त भई योगक्षेममा बुद्धि अल्मल्याई नामजप गर्दछ तर विषयमा मन जाँदा जप्न छोड्दछ । यसप्रकार त्यो साधक कामनाले बाँधिएको हुनाले विषयका निमित्त जप गरे तापनि परमार्थ सिद्ध गर्ने कुरामा अवश्य ठगिन्छ । कामनाका निमित्त गरिएको नामको जपले त्यसको कामना पूर्ण गरिदिन्छ । निष्काम भावले गरिने नामजपले परमार्थ सिद्ध गरिदिन्छ । कामनामा मन अल्झेको मानिसले यस लोक र परलोकको रहस्य बुझ्न सक्दैन ।

इहैव सुखसम्पद्भिस्तुष्टो भवति सर्वदा ।
विषय-विनियुक्तस्य जपस्याऽदृष्टतो जनः ।।१६२।।

विषयका लागि गरिएका जपको पुण्यबाट प्राप्त यस लोकको सुख र समृद्धिमा रुमल्लिएको मानिस सदा प्रसन्न रहन्छ ।

लभते नैव तां सिद्धिं परमार्थस्य साधिकाम् ।
न जानाति नरश्चैतत्तेन मुह्यति सर्वदा ।।१६३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयको सुख पाए पनि त्यो मानिसले परमार्थ सिद्ध गर्ने मुख्य सिद्धि प्राप्त गर्न सक्दैन । त्यस्तो मानिसले परमार्थ बुझेको हुँदैन र सधैं भोगमा नै अलमलिएको हुन्छ ।

सकामपुरुषो यद्यत् कुर्यात् कर्म प्रयत्नतः ।
कर्मणश्च फलं तस्य समाप्नोतीह मूढधीः ।।१६४।।

कामना राख्ने मूढ पुरुषले मिहिनेत गरेर जे जे काम गर्दछ, ती ती कर्मको फल त्यसले पाउँछ ।

आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भारतं प्रति ।
उदाराः सर्व एवेति बभाषे भगवान्पुरा ।।१६५।।

भगवान्ले भगवद्गीतामा अर्जुनलाई भन्नुभएको छ – दुःखी, ज्ञानको खोजीमा लागेका, धन चाहने र ज्ञानी यी सबै उदार भक्त मानिन्छन् ।

विमर्श –

पूर्वजन्ममा पुण्य गरेका पुण्यवान्हरूले भगवान्मा भक्ति गर्दछन् भन्नेकुरा श्रीकृष्णले अर्जुनलाई गीतामा बताउनुभएको छ । ती पुण्यात्मापनि चार प्रकारका हुन्छन् – रोगी, जिज्ञासु, भोगसाधनको आकांक्षा गर्ने र ज्ञानी । यी सबैमा तारतम्य भएपनि यिनलाई उदार भक्त भनिन्छ । उदारको अर्थ हो – मोक्षको अधिकारी अथवा महात्मा । जुन ज्ञानी छ, त्यो त भगवान्कै आत्मा हो, तसर्थ सबभन्दा महान् ज्ञानी भक्त नै हुन्छ । भनिएको पनि छ –

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।।

उक्त कविको पद्यमा यस गीता पद्यको पूर्णप्रभाव परेको छ ।

अपेक्षयेतरेषाञ्च स महान्कथितो भवेत् ।
भगवत्प्राप्तिसिद्ध्यर्थं कामनारहितो वरः ।।१६६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोगलिप्त र भगवद्भक्ति शून्य व्यक्तिहरू भन्दा कामनायुक्त र सकामरूपमा भगवान्को भजन गर्ने मानिस महान् कहलाउन सक्दछ तर भगवत्प्राप्तिका निमित्त कामनारहित भई ईश्वरको नामजप गर्ने मानिस नै सर्वोत्तम पुरुष हुन्छ ।

विमर्श –

यी सबै भक्त उदार भएता पनि ज्ञानी भक्त भगवान्को रूप नै हुनेहुनाले भगवान्का निमित्त त्यो अत्यन्त प्यारो हुन्छ । भनिएको छ –

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतः । (गीता ७/१८)

यसरी ज्ञानी भक्तको विषयमा हाम्रा शास्त्रहरूमा सर्वोत्तम भक्तको रूपमा चर्चा भएको छ ।

भगवदाभिमुख्येन सिद्धो जन्मान्तरे स च ।
भविष्यतीति सम्प्रोचेऽथवा कृष्णः स्वयं पुनः ।।१६७।।

सकाम भक्ति गरेतापनि भगवान्प्रति उन्मुख साधक अर्को जन्ममा सिद्ध बन्दछ भनी स्वयं भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश गर्नुभएको छ ।

विमर्श –

अनेक जन्मका पुण्यको सञ्चयको कारण भाग्यशाली साधकले संसारका सम्पूर्ण दृश्यमान पदार्थलाई यो भगवान्कै स्वरूप हो भनेर जान्दछ र अन्त्यमा त्यस्तो भक्त भगवान्कै स्वरूपमा एकाकार बन्दछ । ज्ञानी साधकले पनि यस्तो स्थिति धेरै जन्मका साधनहरूबाटमात्र प्राप्त गर्न सक्दछन् । भनिएको छ –

बहूनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते ।(गीता ७/१९)

अतः साधकले पुण्य सञ्चय गरी यस जन्ममा नभएपनि अर्कोजन्ममा मोक्षको प्राप्तिको इच्छाले सत्कर्म र हरिभक्ति गर्नुपर्दछ ।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्विषः
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ।।१६८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निरन्तर भगवत् साधनाको प्रयास गरिरहने योगी सबै किसिमका अशुद्धिबाट छुट्कारा पाई अनेक जन्मका प्रयासबाट सिद्ध बनी परम गति प्राप्त गर्दछ ।

एतेन ज्ञायते सम्यग्वार्ता जन्मान्तरस्य च ।
तेन शङ्का न कर्तव्या चैतद्धि भगवन्मतम् ।।१६९।।

यस्ता भगवान्का उपदेशबाट अर्को जन्म हुन्छ भन्ने कुरा पनि राम्ररी बुझिन्छ। त्यसो हुनाले अर्को जन्म हुन्छ या हुँदैन भनी शङ्का गर्ने ठाउँ छैन । किनकि यो भगवान्कै मत हो ।

अस्मिञ्जन्मनि सिद्धयर्थं कामनारहितो भवेत् ।
कामनाऽऽसक्तचित्तस्य विषयाऽभिनिवेशिनः ।।१७०।।
सिद्धिः सा दुर्लभा ज्ञेया परमार्थस्य साधिका ।
ज्ञानाय योगसंसिद्ध्यै स आशु भक्तिलब्धये ।।१७१।।
निष्काममनसा नित्यं यत्नवाँल्लभते फलम् ।
कामनाहतबुद्धेस्तु सफला कामना भवेत् ।।१७२।।

यस जन्ममा सिद्धि प्राप्त गर्न कामनाबाट टाढै रहनुपर्दछ । विषयप्राप्तिका लागि हुरुक्क चित्त भएका विषयीलाई परमार्थ सिद्ध गर्ने सिद्धि प्राप्त गर्न कठिन हुन्छ भन्ने बुझ्नु पर्दछ । ज्ञानप्राप्ति, योगप्राप्ति र भक्तिप्राप्तिका निमित्त मनमा कामना नराखेर नित्य प्रयास गर्ने साधकले फल प्राप्त गर्न सक्दछ । विषयभोगको प्राप्तिमा नै बुद्धि लागेका विषयीहरूको त विषय कामनामात्र सफल हुन्छ ।

निष्कामभावना बुद्धिः परमार्थस्य साधिका ।
कामनासहितस्यैव विषया बुद्धिमाश्रिताः।।१७३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै साधकको बुद्धि कामना रहित छ भने त्यस निष्काम बुद्धिले परमार्थ सिद्ध गरिदिन्छ । विषय भोगको तीव्र लालसाल जेलिएका प्रपञ्ची मानिसहरूका बुद्धिमा विषयहरू मात्र आउँछन् ।

विषयान् ध्यायतश्चित्तं विषयेषु विसज्जते ।
विषयाकारता बुद्धेश्चित्तस्यापि तदा तथा ।।१७४।।

विषयलाई सोचिरहने मानिसको चित्त विषयहरूमा मुछिन्छन्, त्यस अवस्थामा त्यस मानिसको बुद्धि र चित्त पनि विषयस्वरूप बन्दछन् । भनाइको आशय के हो भने चित्त विषयको जस्तो आकार-प्रकार छ, त्यही रूपको बन्दछ ।

विषयासक्तचित्तस्य तत्रैव जनिरुच्यते ।
जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।।१७५।।

विषयमा आसक्त रहने मानिसहरूको जन्म विषयकै खजाना संसारमा भइरहन्छ । जो जन्मन्छ त्यसको मृत्यु हुने कुरा त स्वाभाविक नै हो ।

एवं गतागते प्राप्य कदा मुक्तौ यतेत सः ।
एतस्मिन् यतितुं तस्माज्जन्मन्येव स तत्परः ।।१७६।।

यसप्रकार जाने आउने (मर्ने र जन्मने) चक्रमा परेपछि विषयासक्त मानिसले आफ्नो मुक्तिका निमित्त प्रयास गर्ने मौका नै पाउँदैन ।

पुरुषो मनसा कामाँस्त्यजेत् सर्वप्रयत्नतः ।
लोकैषणा तथा दारैषणा पुत्रैषणा पुनः ।।१७७।।
अर्थैषणा सदा येषां हृदिस्था यदि सर्वथा ।
न तेषां मोक्षदा सिद्धिः, सिद्धिः संसृतिदायिनी ।।१७८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसो हुनाले यसै जन्ममा नै परमार्थसिद्धिका लागि प्रयास गर्न तत्पर भई अनेक प्रयासद्वारा साधकले शुद्ध मनद्वारा कामनालाई पन्छाउनु पर्दछ । जसका मनमा सांसारिक सुखको चाहना, पत्नीको चाहना, पुत्रको चाहना र धनको चाहना छन्, तिनले मोक्ष दिलाउने सिद्धि पाउँदैनन् । तिनको सिद्धि त संसार दिलाउने हुन्छ ।

कामनारहितो मर्त्यः सुखीति गीयते सदा ।
कामनाबद्धचेतस्को दुःखीति परिगीयते ।।१७९।।

कामना नभएको मनुष्यलाई सधै सुखी भनिन्छ । विषयभोगमा लम्पट भई विषयकै चाहना गरिरहने मानिसलाई दुःखी भनिन्छ ।

कामनारूपिणीं दुष्टां राक्षसीं हृदये सदा ।
पुरुषश्चोपगुह्यैव लालनान्नहि मुच्यते ।।१८०।।

विषयको कामना राक्षसी नै हो । त्यसलाई नै मुटुमा राखेर आलिङ्गन गर्न मनपराउने मानिसले विषयकामनालाई नै फकाउन र फुलाउन सदा जागरूक रहिरहने हुँदा त्यसले संसारचक्रबाट मुक्त हुने अवसर पाउँदैन ।

कामनारूपभार्यास्ते सुतास्तातिस्त्र एषणाः ।
तासां सन्ततिविस्तारैर्न्यक्कृतः करवाणि किम् ।।१८१।।

विषयद्वारा चारैतिरबाट जेलिएको एउटा पीडित व्यक्ति भन्दछ विषयभोगको तीव्र लालसाले पत्नीका रूपमा चलखेल गरिरहेको छ, लोकैषणा, दारैषणा र पुत्रैषणा यी तीन इच्छाहरू तीन छोरीका रूपमा मानसपटलमा ओहोर दोहोर गर्दछन् । तिनकै दरसन्तान हजारौं विकृति र विसङ्गतिले मेरो रातदिन तिरस्कार गरिरहेका छन् । म तिनकै लागि विषयकुण्डमा डुबिरहेको छु। अब म के गरूँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एषणात्रययुक्ताय मुक्तौ वार्ता न रोचते ।
एषणात्रयमुक्ताय मुक्तौ वार्ता प्ररोचते ।।१८२।।

माथि बताइएका तीन एषणाले–पुत्रैषणा, दारैषणा र लोकैषणाले जेलिएका मानिसलाई मुक्तिसम्बन्धी कुरा मन पर्दैनन् र ती तीन एषणाबाट छुट्कारा पाएका साधकलाई मात्र मुक्तिसम्बन्धी कुरा निकै मन पर्छन् ।

एषणाभिः परिभ्रष्टो याति संसारवर्त्मनि ।
एषणाभिरसंस्पृष्टो याति वैकुण्ठवर्त्मनि ।।१८३।।

उक्त एषणाद्वारा भ्रष्ट भएको मानिस संसार चक्रमा घुमिरहन्छ र एषणाबाट टाढा रहेको मानिस वैकुण्ठको बाटो लाग्दछ ।

एषणात्रयसंसर्गात्करोति विविधाः क्रियाः ।
भोगार्थाय फलं तासां संसृतौ गमनं मतम् ।।१८४।।

तीन एषणाको संसर्गबाट भोगका निमित्त विभिन्न कर्महरू गर्दछ । वास्तवमा ती कर्मको फल त संसारमा अल्झिरहनु नै हो ।

दाराणाञ्च सुतानाञ्च लोकानामेषणा च या ।
तस्यास्तृप्तिकरो लोके न दृष्टो नापि वा श्रुतः ।।१८५।।

दारैषणा, पुत्रैषणा र लोकैषणालाई तृप्त पार्न सक्ने संसारमा कुनै मानिस देखिएको र सुनिएको छैन ।

तृप्त्यर्थं यतते तस्यास्तस्मान्मूढतरश्च कः ।
कामनाऽऽसक्तचित्तस्य पुरुषस्य प्रवर्त्तनम् ।।१८६।।
दृश्यते धूतवारस्त्रीमद्यपानेषु सर्वदा ।
कामनायां प्रवृद्धायां कार्यं चाकार्यमेव हि ।।१८७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न जानाति नरो लोके संसृतौ तेन गच्छति ।
सङ्गात् सञ्जायते कामो ह्यासक्तिः सङ्ग उच्यते ।।१८८।।

जो मानिस पूर्वोक्त एषणालाई तृप्त पार्न प्रयास गर्दछ त्यो भन्दा मूर्ख को होला ? कामनामा आसक्त चित्तभएका पुरुषको सधैंभरि जुवा, वेश्या र मद्यपानमा प्रवृत्ति भएको देखिन्छ । त्यस्तो मानिस कामना बढ्दै जाँदा कुन कार्य हो र कुन अकार्य हो भन्ने ठहर गर्न सक्दैन, त्यसैले त्यो मनुष्य संसारचक्रमा पर्दछ । विषयासक्तहरूको सङ्गबाट कामना पैदा हुन्छ । विषयासक्ति(विषयमा हुरुक्क हुनु)लाई नै सङ्ग भन्दछन् ।

आसक्तपुरुषो यत्राऽऽसक्तिस्तस्याऽर्जने रतः ।
सक्तानामार्जनेऽर्थस्य मोक्षस्याऽवसरः कुतः ।।१८९।।

विषयमा आसक्त पुरुष जुन विषयमा आसक्त छ, त्यसैलाई आर्जन गर्न तत्पर रहन्छ । अर्थार्जनमा हुरुक्क हुनेलाई मोक्षको अवसर कसरी प्राप्त हुनसक्छ?

आसक्तिसहितो मर्त्यः प्रेत्य तद्रूपतामियात् ।
यस्मिँश्च विषये यस्याऽऽसक्तिस्तस्यैव चिन्तनात् ।।१९०।।

जुन विषयमा जसको आसक्ति छ त्यसले सधैं त्यस विषयको चिन्तन गर्ने हुनाले त्यो विषयासक्त मनुष्य मरेपछि जुन विषयमा आसक्त थियो त्यही रूप धारण गर्दछ ।

परलोकेपि तद्रूपमेत्यासक्तेश्च कारणात् ।
शुभकर्मणि याऽऽसक्तिः साऽपि संसृतिदायिनी ।।१९१।।
किमुताऽशुभकर्मादौ निरयस्यैव दायिका ।
सत्सङ्गात् क्षयमाप्नोति चासक्तिः सर्वदेहिनाम् ।।१९२।।
नान्यथा क्षयमाप्नोति सन्तः सङ्गस्य भेषजम् ।
अधुना दुर्लभः सङ्गः सज्जनानां महात्मनाम् ।।१९३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयासक्ति कै कारणबाट त्यो मानिस परलोकमा पनि विषयरूपमा नै परिणत हुन्छ । राम्रो कर्ममा भएको आसक्तिले पनि संसार दिलाउँछ भने नराम्रो कर्ममा भएको आसक्तिले नरक दिलाउँछ भन्ने विषयमा कुनै शङ्का छैन । सत्सङ्गबाट सबै प्राणीहरूको आसक्ति नष्ट हुन्छ, नत्र नष्ट हुँदैन । विषयको आसक्ति निवारण गर्ने औषधि सज्जनहरू हुन्, तर आजभोलि सज्जन महात्माहरूको सङ्गत पाउन पनि कठिन छ ।

तदभावे तु शास्त्राणामवलोकेन वर्तनम् ।
महात्मलिखितेनापि सच्छास्त्रेणाऽपि सङ्गतिः ।।१९४।।
भविता चित्तशान्त्यर्थमिति सर्वस्य सम्मतिः ।
भगवच्चरितानाञ्च श्रवणं मननं बुधैः ।।१९५।।
चित्तशुद्धिविधानाय सुगमा सरणिर्मता ।
श्रीभद्भागवतस्यापि गीतायाश्चापि सेवनम् ।।१९६।।

महात्माहरूको सङ्गति हुन नसकेमा शास्त्रहरू हेरी तदनुसार व्यवहार गर्नुपर्दछ । चित्तशान्तिका निमित्त महात्माहरूले लेखेका उत्तम शास्त्रबाट पनि सङ्गतिको फल प्राप्त हुन्छ भन्ने कुरामा सबै विद्वान्हरू एक मत छन् । चित्तशुद्धिका निमित्त भगवान्का चरित्रहरू सुन्नु र मनन गर्नु, श्रीमद्भागवत एवं श्रीमद्भगवद्गीताको सेवन गर्नुलाई पनि विद्वान्हरूले सजिलो बाटो ठहर गरेका छन् ।

रामायणेन वाल्मीकेस्तुलसीरचितेन वा ।
व्यासप्रोक्तेन वा सम्यक् तत्तदर्थविचारणात् ।।१९७।।
कृताभ्यासेन सश्रद्धं सत्सङ्गतिफलं भवेत् ।
रचितं तत्त्वविद्भिश्च लिखितं यच्च भाषितम् ।।१९८।।
तदभ्यासरतो नित्यं सत्सङ्गफलमाप्नुयात् ।
यत्र यत्र स्थितेनापि भगवच्चरितेन तु ।।१९९।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृताभ्यासेन सश्रद्धं सत्सङ्गफलमाप्नुयात् ।
परेशभवभिल्लीलामननश्रवणादिना ।।२००।।

वाल्मीकि रामायण, तुलसीकृत रामायण अथवा व्यासले उपदेश गर्नुभएका पुराण एवं शास्त्रहरूको श्रद्धापूर्वक तत् तत् अर्थको राम्ररी विचार गर्दै अभ्यास गर्नाले पनि सत्सङ्गतिको फल प्राप्त हुन सक्दछ । तत्त्वज्ञानीहरूले रचना गरेका लेख–प्रवचनको नित्य अभ्यास गर्नाले पनि सत्सङ्गतिको फल प्राप्त हुन्छ । जहाँकहीँ बसे पनि भगवान्का चरित्रको श्रद्धापूर्वक अभ्यास गर्नाले संसारको बन्धन चुँडालिदिने परमात्माका लीलाहरूको श्रवण मननबाट पनि साधकलाई सत्सङ्गतिको फल प्राप्त हुन्छ ।

कथायां निश्चला बुद्धिः सैव सत्सङ्गतिर्मता ।
पूर्वजैः सज्जनैर्ग्रन्था रचिताश्चोपदेशिनः ।।२०१।।
तेषामभ्यासमात्रेण काचित् सत्सङ्गतिर्भवेत् ।
येन केनाप्युपायेन लीनं कृष्णपदे मनः ।।२०२।।
कर्तुं यत्नपरो भूयात् तत्सत्सङ्गतिरितीरितम् ।
हरिः सच्छब्दवाच्यो हि तस्य चिन्तनमेव च ।।२०३।।
कथितं सङ्गतिस्तैश्च विद्वद्भिस्तत्परो भवेत् ।
श्रवणात् पठनाद्वापि सतां सेवनतोऽपि वा ।।२०४।।
रामपादयुगे सम्यङ् मनः संस्थाप्य वर्तनम् ।
पद्धतिः सुगमा चैषा भगवत्प्राप्तिसाधने ।।२०५।।

परमात्माका कथाहरूको श्रवणमा बुद्धि स्थिर हुनुलाई सत्सङ्गति मानिन्छ। सज्जन पूर्वजहरूबाट निर्मित असल उपदेश दिने ग्रन्थहरूको अभ्यासबाट मात्र पनि केही सत्सङ्गति मिल्न सक्दछ । जुन कुनै उपायबाट पनि श्रीकृष्णका चरणमा मनलाई लीन गराउने प्रयास गर्नुपर्दछ । यसलाई नै सत्सङ्गति भन्दछन्। सत् शब्दको अर्थ विष्णु भगवान् हो । उहाँको चिन्तन गर्नुलाई पनि ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान्हरूले सत्सङ्गति भन्नुभएको छ। तसर्थ परमात्माका लीलाकथाहरूको श्रवण, परमात्माका गुण, स्वभाव, चरित्र र लीलाहरूको अध्ययन एवं परमात्माका परमभक्त सज्जनहरूको सेवाद्वारा ईश्वरको चिन्तनमा तत्पर हुनु पर्दछ । श्रीराम भगवान्का चरणयुगलमा मन लगाइरहनुलाई भगवत्प्राप्तिका साधनहरूमध्ये सजिलो र अचूक साधन मानिएको छ ।

नाम धाम स्वरूपञ्च हरेश्चारित्रमेव च ।
चिन्तयेत् कीर्तयेन्नित्यं तन्मयत्वेन सर्वथा ।।२०६।।

साधकले तन्मय भएर भगवान्का पवित्र नामको, भगवान्का वैकुण्ठ आदि दिव्यधामको, भगवान्को चतुर्बाहु आदि पावन स्वरूपको र भगवान्का ती ती अरू कसैद्वारा चिताएरै पनि नसकिने लीलाविलासको नित्य चिन्तन एवं कीर्तन गर्नुपर्दछ ।

रामचन्द्रस्य कृष्णस्य स्मरणं कीर्तनं सदा ।
रामस्य नामधेयानां मनसा स्मरणं तथा ।।२०७।।

सधै श्रीराम एवं श्रीकृष्णको स्मरण एवं कीर्तन गर्नुपर्दछ र मनद्वारा श्रद्धापूर्वक श्रीरामका नामहरू सम्झनु पर्दछ ।

जपनं कृष्णनाम्नो वा विदध्यादसकृत् सदा ।
नाम्नो धाम्नः स्वरूपस्य चारितस्यापि चिन्तनम् ।।२०८।।

अथवा श्रीकृष्णका नामको नित्य निरन्तर जप गर्नुपर्दछ । श्रीकृष्णका दिव्य नाम, दिव्य स्वरूप र दिव्य लीलाको चिन्तन गर्नुपर्दछ ।

नाम्नो नामवतश्चैव लीलाया धाम्न एव च ।
चिन्मयत्वादभेदोऽस्ति तेषामपि तु चैकता ।।२०९।।

भगवान्, भगवान्का नाम, भगवान्का लीला र भगवान्का धाम सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिन्मय छन् । सबै चैतन्यमय भएकाले तिनमा परस्पर रत्ति पनि अन्तर छैन । अपितु सर्वदा तिनमा विचित्रको एकता रहेको हुन्छ ।

लीलाधामस्वरूपाणि नामानि च पुनः पुनः ।
आवर्त्तयेत् सदा विष्णोः पठनश्रवणादिना ।।२१०।।

साधकले अध्ययन र श्रवणद्वारा नारायणका धाम, लीला, स्वरूप र नामहरूको निरन्तर आवृत्ति गरिरहनु पर्दछ ।

भगवच्चरिते चित्तं नाम्नि चिह्वां समर्पयेत् ।
अर्चा च भगवच्चर्चा कर्तव्या च दिने दिने ।।२११।।

सप्रयास श्रीकृष्णचरणको भक्तिमा समर्पित साधकले भगवान्का दिव्य चरित्रको चिन्तनमा चित्तलाई समर्पित गर्नुपर्दछ । भगवान्को नामजपका लागि जिभ्रोलाई लगाइरहनुपर्दछ । दिनदिनै भगवत्पूजन र भगवच्चर्चा गरिरहनु पर्दछ ।

इतराणि समग्राणि कर्माणि सगुणानि हि ।
अर्चा भगवतः सद्भिर्निर्गुणा परिकीर्तिता ।।२१२।।

संसारमा गरिने अरू सबै कर्म सगुण हुन्, भगवान्को अर्चना भने निर्गुण हो भनी सज्जनहरूले वर्णन गरेका छन् ।

निर्गुणं यच्च तत्कर्म कृत्वा नैर्गुण्यमाप्नुयात् ।
तात्पर्येण च संलग्नोऽचिरान्निर्मलतामियात् ।।२१३।।

जे जति निर्गुण कर्म छन् तिनको अनुशीलन गरेपछि साधक पनि निर्गुण हुन पुग्दछ । उत्सुकता र चित्तसमर्पणद्वारा निर्गुण कर्ममा समर्पित साधक छिट्टै निर्मल (शुद्ध आत्मा भएको) बन्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लग्नश्चोपासनायां यः श्रद्धाविश्वासवान् यदा ।
शीघ्रं तस्य भवेत् सिद्धिर्भक्तिर्भागवती पुनः ।।२१४।।

श्रद्धा एवं विश्वासका साथ जो साधक उपासनामा लाग्दछ, त्यसका निमित्त छिट्टै नै सिद्धि र भगवद्भक्ति पनि प्राप्त हुन्छ ।

यतते मनुजो भक्त्या परमार्थस्य साधने ।
निर्विघ्नमेव संसिद्धिं भगवत्कृपयाऽऽप्नुयात् ।।२१५।।

कुनै मानिस भक्तिपूर्वक परमार्थ सिद्ध गर्न प्रयासरत हुन्छ भने त्यसले भगवान्को कृपाद्वारा विना विघ्न उत्तम सिद्धि प्राप्त गर्दछ ।

सामयत्वेन वाऽऽलस्यात्तात्पर्ये नास्ति योग्यता ।
तैस्तु किं कार्यमित्येतत् प्रोच्यते यदि रोचते ।।२१६।।

रोगी हुनाले अथवा आलस्यले गर्दा जुनमानिसमा भगवन्मय भएर परमार्थ सिद्ध गर्न सक्ने योग्यता छैन भने त्यस्ता मानिसहरूले के गर्ने ? भन्ने विषयमा रुचिपूर्वक जिज्ञासा छ भने बताइन्छ ।

शरणागतियोगेन जपयोगेन वा नरः ।
पारं संसारसिन्धोस्तु याति क्षेमेण सुष्ठु च ।।२१७।।

साधक मनुष्य परमेश्वरको शरणागति योगको साधनाबाट र भगवान्का नामको जपयोगबाट कुशल मङ्गलपूर्वक सजिलैसित संसाररूपी समुद्रलाई तर्न सक्दछ ।

विमर्श–

शरणागति योगको विषयमा भनिएको छ –

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामैवेष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीतामा श्रीकृष्णले आफ्ना प्यारा भक्त अर्जुनलाई शरणागति योगको उपदेश गर्नुभएको छ । जसअनुसार भगवान्मा चित्त लगाउने, भगवान्को भक्ति गर्ने र भगवान्को वन्दना गर्ने साधक भगवान् कै स्वरूपमा प्राप्त हुन्छ । विधिप्रधान सम्पूर्ण सकाम कर्महरूको परित्याग गरेर भगवान्का शरणमा जाने साधकको कल्याण स्वयं भगवान् गर्नुहुन्छ । भनिएको छ –

सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोचयिष्यामि मा शुच : ।।

यसरी भगवान्ले सच्चा साधकको उद्धार गर्ने जिम्मा स्वंय लिनुभएकाले भगवान्मा अविचल भावले विश्वास र श्रद्धा गर्दै भगवान्को भक्ति गर्नुपर्दछ ।

श्रीरामस्य च कृष्णस्य शिवाया वा शिवस्य च।
शरणं याहि शीघ्रं त्वं नान्यत्र यत्नवान् भव ।।२१८।।

हे साधक !तिमी छिट्टै श्रीरामको अथवा श्रीकृष्णको अथवा शिवजीको अथवा जगदम्बाको शरणमा चाँडै नै जाऊ, अरू कुनै प्रयास नगर ।

मनसा कर्मणा वाचा श्रीरामः शरणं मम ।
इति कायेन चित्तेन तस्यैव शरणं व्रज ।।२१९।।

मन, कर्म, वचनद्वारा श्रीराम मेरा शरण हुनुहुन्छ भन्ने भावना दृढ बनाई शरीर एवं चित्तद्वारा उहाँकै शरणमा जाऊ ।

मनसा कर्मणा वाचा श्रीशिवः शरणं मम ।
कायेन मानसेनेति तस्यैव शरणं व्रज ।।२२०।।

मन, कर्म वचनद्वारा श्री शिव मेरा शरण हुनुहुन्छ भन्ने भावना अङ्गीकार गरी वाणी, चित्त र धनद्वारा उहाँकै शरणमा जाऊ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मणा मनसा वाचा श्रीकृष्णः शरणं मम ।
इति वाक्चित्तवित्तैश्च तस्यैव शरणं व्रज ।।२२१।।

कर्म, मन र वाणीद्वारा श्रीकृष्ण मेरा शरण हुनुहुन्छ भन्ने दृढ भावना अंगालेर वाणी, चित्त र धनलाई उहाँकै पाउमा समर्पित गरी तिमी पनि उहाँकै शरणमा जाऊ ।

कर्मणा मनसा वाचा श्रीदुर्गा शरणं मम ।
वाचेति चेतसा तस्याः कायेन शरणं व्रज ।।२२२।।

कर्म, मन, वाणीद्वारा श्रीदुर्गा मेरी शरण हुनुहुन्छ भन्ने भावनालाई दृढतापूर्वक अंगालेर वाणी, मन र शरीरद्वारा उहाँकै शरणमा जाऊ ।

यद्यत्करोषि तत्कर्म तस्मै सर्वं समर्पय ।
लाभे हर्षश्च हानौ तु शोकश्चाप्युपजायते ।।२२३।।
शोकं हर्षञ्च मोहञ्च तृष्णां तस्मै निवेदय ।
देहगेहेषु दारेषु पुत्रादिषु धनादिषु ।।२२४।।
सकलं यन्ममत्वं तद्विनिगृह्य समन्ततः ।
केवलं कुरुतात् कृष्णे ममत्वं त्वं हि सर्वदा ।।२२५।।

हे साधक ! जे जे कर्म गर्दछौं, ती ती कर्मलाई जसको शरणमा परेका छौ, उनै आराध्यलाई अर्पण गर । लाभ भए हर्ष र हानि भए शोक पैदा हुन्छ । शोक, हर्ष, मोह र तृष्णालाई पनि जसको शरण परेका छौ, उनैलाई समर्पण गर। शरीर, घर, पत्नी र पुत्र आदिमा र धन आदिमा जो ममता छ, त्यसलाई सबैप्रकारबाट रोकेर केवल श्रीकृष्णमा लगाऊ ।

दारपुत्रादयः सर्वे धनगेहादयश्च ये ।
बन्धुबान्धववर्गांस्तान् सर्वांस्तस्य प्रकल्पय ।।२२६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्नी, पुत्र, धन, वैभव, घर, परिवार, बन्धु-बान्धव आदि जो लौकिक ममताका विषय छन्, ती सबै ईश्वरका हुन् भन्ने भावना दृढ बनाऊ ।

भृत्यवत् स्वामिनः सर्वान् यत्नतः परिपालय ।
लाभे सत्यपि तस्याग्रे हर्षपूर्वं निवेदय ।।२२७।।

सेवकले स्वामीका आफन्तहरूको सेवा शुश्रूषा गरे झैं तिमीले पनि ती सबैको प्रयासपूर्वक पालन गर, लाभ भएमा उनका अगाडि हर्षपूर्वक निवेदन गर ।

सत्यां हानौ च तस्याग्रे सविषादं निवेदय ।
निवेदनात्ततः पश्चाद्धानिलाभौ न संस्मर ।।२२८।।

हे साधक ! हानि भएमा आफ्ना आराध्यका सामु विषादपूर्वक बिन्ती गर । त्यसपछि मेरा आराध्यलाई निवेदन गरें, अब उहाँकै जिम्मा भनी हानि र लाभको विषयमा रत्ति पनि ख्याल नगर ।

क्रीडामृगमिवेक्षस्व स्वात्मानं तस्य सर्वथा ।।
सर्वाणि धनजातानि प्राणिजातानि यानि च ।।२२९।।
ईश्वरस्यैव मन्वीत स्वीयानि तु न कानिचित् ।
स्वामी यो रामचन्द्रोऽसावहं तस्य तु किङ्करः ।।२३०।।
गृहं दाराःसुता भृत्या धनधान्यादिकञ्च यत् ।
सर्वं तत् स्वामिनः सोऽपि मां योजयति पालने ।।२३१।।
तदाज्ञां शिरसा धृत्वा रक्षणे तत्परोऽस्म्यहम् ।
इति बुद्धिविमर्शेन गृहकार्यं समाचरेत् ।।२३२।।

आफूलाई सर्वथा आराध्य भगवान्को खेलौना क्रीडामृग जस्तो ठहऱ्याऊ। धन, धान्य, पशु आदि जे जे छन्, ती सबैलाई ईश्वरकै ठहऱ्याऊ । कुनै पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरा होइनन्, मेरा स्वामी श्रीराम हुनुहुन्छ, म त उहाँको सेवक हूँ, पत्नी, पुत्र, सेवक, धन, धान्य, पद एवं वैभव आदि जे जे मसँग छन् ती सबै श्रीरामका हुन् । उहाँले मलाई रक्षा गर्न खटाउनु भएको छ । उहाँको आज्ञालाई शिरले बहन गरी म रक्षा गर्न तत्पर छु, यस्तो बुद्धि विवेकद्वारा साधकले गृहकार्यको सञ्चालन गर्नुपर्दछ ।

तत्र स्वत्वं न किञ्चास्ति सर्वं स्वामिन एव च ।
इति भावनया युक्तः प्रसन्नो भव सर्वदा ।।२३३।।

ए साधक ! तिमीले यहाँ आफ्नो (स्वत्व) केही छैन, सबै ईश्वरका हुन्, यस्तो भावना लिएर सदासर्वदा प्रसन्नतापूर्वक रहनुपर्दछ ।

प्रपन्नः पुरुषो नित्यं भगवद्भावनायुतः ।
आज्ञां भगवतो ध्यायन् गृहकर्म समाचरेत् ।।२३४।।

भगवान्का शरणमा प्राप्त र प्रसन्नतापूर्वक बाँचिरहने पुरुषले म जे गर्दैछु त्यो भगवान्को आज्ञा हो भन्नेठानेर गृहकार्य सम्पादन गर्नुपर्दछ ।

शरणागतियोगेन चैतेन वर्तते तु यः ।
भगवच्छरणेनैव दृढभक्तिं लभेत सः ।।२३५।।

जो साधक यसप्रकारको शरणागति योगद्वारा व्यवहार गर्दछ त्यसले भगवान्को शरणमा आफूलाई सुम्पने सद्व्यवहारबाट नै भगवान्को अटल भक्ति प्राप्त गर्न सक्दछ ।

न तस्य नरके वासो न तस्य जननं पुनः ।
जन्मबन्धविनिर्मुक्तो भगवल्लोकमाप्नुयात् ।।२३६।।

त्यस्ता शरणागतियोगका साधक पुरुषको नरकमा वास हुँदैन र पुनर्जन्म पनि हुँदैन । वास्तवमा जन्मबन्धनबाट मुक्त भई भगवान्का धाममा पुग्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्र कुत्रापि निष्ठायां दोषस्याप्यस्ति सम्भवः ।
यत्नवान् दोषनिर्मुक्तो लभते तत्फलं पुनः ।।२३७।।

जुन कुनै अनुष्ठानमा पनि दोषको सम्भावना रहन्छ । तसर्थ सतर्कता साथ दोषमुक्त भएर आराधना गर्न सकेमा अनुष्ठान अथवा आराधनाको फल प्राप्त हुन्छ ।

आराधनेऽपि रामस्य चित्तैकाग्रतयाऽसकृत् ।
भजँस्तदेकतां वाञ्छन्नान्यदेवान्स्मरेद् यदि ।।२३८।।
समीचीनश्च मार्गोऽयं निन्दाऽन्यस्य न चेद् यदि ।
जुगुप्सोत्पन्नदोषात्तु नश्यत्येव न संशयः ।।२३९।।

श्रीरामको आराधना गर्दा पनि चित्त एकाग्र बनाई बारम्बार भजन गर्दै श्रीरामसँग आफ्नो एकताको कामना राख्नै मनमा श्रीराम बाहेक अरू देवतालाई चिताउँदिन भन्ने दृढ सङ्कल्प राख्दछ, तर अरू देवताको निन्दा गर्दैन भने साधनाको यो सरणि ज्यादै उत्तम मानिएको छ । अरू देवताको निन्दा गर्ने हो भने त त्यसबाट उत्पन्न हुने दोषबाट साधक आफै समाप्त हुन्छ । यसमा कुनै सन्देह छैन ।

खल्विदं ब्रह्म सर्वं चेत्यभेदे यस्य चेन्मतिः ।
कृते तस्य ब्रुवे नैव भेदो यस्य मतौ मतः ।।२४०।।
ब्रुवे तस्य कृते चाहं नानाभेदवतां नृणाम् ।
हरौ भक्तिः शिवे द्रोहो हरौ द्रोहः शिवे रतिः।।२४१।।
पन्था इत्यसमीचीनः सज्जनेभ्यो न रोचते ।
एतेनैव तु दोषेण नरः संसृतिमृच्छति ।।२४२।।

'निश्चय नै सबै यो ब्रह्म हो' भन्ने यस्तो अभेदमा जसको बुद्धि रमाउँछ, त्यस्ताका लागि उक्त साधना गर्नै पर्छ भनेर मलाई केही भन्नु छैन । जसको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिमा भेद घुसेको छ त्यस्ता र विभेदपूर्ण व्यवहार गर्ने अरू मानिसका निमित्त भने विष्णुको भक्ति गरी शिवमा द्रोह गर्ने, विष्णुको द्रोह गरी शिवमा भक्ति गर्ने जस्तो कुरा सज्जनहरूलाई मन पर्दैन । यसै दोषबाट नै मनुष्य संसारचक्रमा घुमिरहन्छ ।

विमर्श –

'सर्वं खल्विदं ब्रह्म' यो वेदान्त वाक्य हो । **'ईशावास्यमिदं सर्वम्'** जस्ता वाक्यहरूपनि उपनिषद्हरूमा पाइन्छन् । कर्मद्वारा अन्तःकरण पखालेर शम, दम आदिले सम्पन्न, वैराग्यवान् र मुमुक्षुले मात्र यो सबै ब्रह्म हो भन्ने भावनालाई आत्मसात् गर्न सक्दछन् ।

विचार्य सर्वमेवेदमिष्टदेवस्य वै जगत् ।
तत्स्वरूपावबोधाय यतेत मतिमान्नरः ।।२४३।।

वास्तवमा बुद्धिमान् मनुष्यले यो सबै जगत् इष्टदेवकै स्वरूप हो भन्ने ठानी त्यस्तो स्वरूपको बोध गर्न प्रयास गर्नुपर्दछ ।

यो मां पश्यति सर्वत्र सर्वञ्च मयि पश्यति ।
इत्येतद्भगवद्वाक्यं स्मृत्वा तत्रैव तत्परैः ।।२४४।।
भवितव्यं सदा सद्भिर्यत्सत्यं तत्र वर्तनम् ।
जपयोगरतैर्वापि भाव्यं नित्यं समाहितैः ।।२४५।।

'जसले सबै ठाउँमा मलाई देख्दछ र ममा सबै कुरा देख्दछ' भन्ने भगवान्को वाक्यलाई सम्झेर त्यसैमा नै सदा संलग्न हुनुपर्दछ । सज्जन मानिसले जे सत्य छ त्यसकै अनुसरण गर्नुपर्दछ । अथवा एकाग्रताका साथ सधै जपयोगमा तल्लीन हुनुपर्दछ ।

विमर्श–

गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो मां पश्यति सर्वत्र सर्वञ्च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।।

अर्थात् जुन साधकले मलाई सबै प्राणीहरूमा देख्दछ र समस्त प्राणीलाई म'मा देख्दछ, त्यस साधकका लागि म अदृश्य हुन्न र मेरा लागि त्यो साधक अदृश्य हुँदैन । भनाइको तात्पर्य के हो भने त्यस्ता साधमा भगवान्को कृपादृष्टि हुन्छ ।

जपेन भगवन्नाम्नः संसिद्धिर्भवति ध्रुवम् ।
उपांशुजपनं वापि वाचिकं वापि मानसम् ।।२४६।।

भगवान्को नाम जप गर्नाले निःसन्देह उत्तम सिद्धि प्राप्त हुन्छ । त्यो जप उपांशु जप (अक्षर अस्पष्ट हुने, ओंठमात्र अलि अलि स्पन्दन भएको देखिने जप) अथवा अक्षर स्पष्ट हुने अथवा मनले सोचिएको हुनुपर्दछ ।

अथवा स्मरणं नाम्नः कीर्तनं वा प्रयत्नतः ।
कीर्तनं बहुभिः सार्धं जनैः स्वेनैव वा भवेत् ।।२४७।।

अथवा साधक ईश्वरका नामको स्मरण वा कीर्तनमा तत्पर रहनुपर्दछ । कीर्तन सामूहिक कीर्तन र एकाकी कीर्तन गरी दुई प्रकारको हुन्छ ।

वाचिकं तु जपेदेव प्रोच्चारणप्रपूर्वकम् ।
इतरश्रवणानर्हः स्वेनैव श्रूयते जपः ।।२४८।।

वर्ण स्पष्ट हुने गरी गरिने जपमा राम्ररी उच्चारण गर्नुपर्दछ । किनकि सामान्य जप अरूले नसुनिने आफूले मात्र सुनिने हुन्छ ।

चालनं किञ्चिदोष्ठस्य जिह्वया जपनं यदा ।
उपांशुजपनं विद्धि सर्वथा मोक्षदं शुभम् ।।२४९।।

अलिअलि ओंठ चलाउँदै जिभ्राले नाम जप्नुलाई उपांशुजप भनिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसबाट सर्वथा उत्तम मोक्ष प्राप्त हुन्छ ।

मानसं जपनं ह्येतन्मन्त्राक्षरं धिया स्मरन् ।
मनसाऽऽवर्तयेन्मन्त्रं तन्मानसमुदाहृतम् ।।२५०।।

मन्त्रका अक्षरलाई बुद्धिले सम्झँदै मनले मन्त्रको आवृत्ति गर्नुलाई मानस जप भन्दछन् ।

स्वस्याग्रे मन्त्रवर्णानामावलीमवलोक्य तु ।
मनसा वाचनं कुर्वन् वर्णानां तु पुनः पुनः ।।२५१।।
मन्त्रार्थं चिन्तयेत्सम्यक् तन्मानसजपं विदुः ।
तज्जपं श्रेष्ठमेवाहुर्जपज्ञाः पण्डिताः सदा ।।२५२।।

आफ्ना अगाडि मन्त्रका वर्णपंक्तिलाई देखेर वर्णहरूलाई बार बार वाचन गर्दै मन्त्रका अर्थलाई जहाँ राम्ररी ख्याल गरिन्छ, त्यसलाई मानस जप भन्दछन्। जप बुझेका विद्वान्हरूले त्यस जपलाई श्रेष्ठ मानेका छन् ।

जपेन भगवन्नाम्नस्तुल्यं किञ्चन नेतरत् ।
न किञ्चिदपि तत्कर्म यद् भजेत् तस्य तुल्यताम् ।।२५३।।

भगवान्को नामजप बराबर अरू कुनै पनि आराधना पद्धति छैन । भगवान्का नामसँग तुलना गर्न सकिने कुनै कर्म पनि हुँदैन ।

तिष्ठत्वेव तु तत्सर्वं मादृशानां हतात्मनाम् ।
नियमं शरणं नैव जपं साधयितुं गतिः ।।२५४।।

यी सबै कुरा जान्दा जान्दै पनि मेरा लागि ती सबै उपयुक्त हुनसकेनन् । मैले चिताएर साध्य पनि छैन । तसर्थ ती कुरा त्यहीं रहुन् । वास्तवमा म आत्मघाती हूँ । साधनाको नियम, शरणागति योग र जपयोगलाई सिद्ध गर्ने मेरो क्षमता पनि छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्खाणां मादृशानां तु सर्वं हन्ताऽस्त्यसम्भवम् ।
मादृशः कोपि नास्त्येव मया किं क्रियतेऽधुना ।।२५५।।

म जस्ता मूर्खका लागि ती सबै कुरा असम्भव छन् । म जस्तो अपराधी कोही पनि छैन । हरे शिव ! अब म के गरूँ ? यी मेरा चिन्ताका विषय हुन् ।

इति चिन्ताऽऽकुलेनैव विचारः क्रियते मया ।
त्यक्त्वा सर्वाणि कर्माणि ध्यानं योगं जपं तथा ।।२५६।।
समयं नियमं वापि स्वाध्यायं किल धारणाम् ।
गमने शयने वाऽपि भोजने भाषणेऽपि च ।।२५७।।
करणे गृहकार्याणां सर्वाऽवस्थासु सर्वदा ।
राम रामेति कृष्णेति रटनं मनसैव यत् ।।२५८।।
मम तद्भाग्यतो भूयादिति रामं समर्थये ।
तस्मिन् केनाप्युपायेन भवेयं लग्नवानहम् ।।२५९।।

यी चिन्ताले व्याकुल विषयासक्त भई पछुताइरहेको साधक पश्चात्तापको स्वरमा भन्दछ – म ध्यान, योग, जप, प्रतिज्ञा, नियम, स्वाध्याय, धारणा आदि सबै कर्म छाडी हिंड्दा, शयन गर्दा, खाँदा, कुरा गर्दा, घरका काम गर्दा सधैभरि सबै अवस्थामा हे राम ! हे कृष्ण ! भनी मन लगाएर प्रभुको नाम जपि रहूँ । प्रभुको नाम रटि रहूँ । यो स्थिति मलाई भगवान्‌ले जुराउन् भनेर म भगवान् श्रीरामको प्रार्थना गर्दछु । मेरो त यही बिन्ती छ हे राम ! हजुरको नामजपमा म जसरी भएपनि संलग्न हुन सकूँ ।

इत्येतच्चिन्तनादेव व्यतीतं जीवनं मम ।
चिन्तातुल्येतरा पीडा नास्ति क्वापि महीतले ।।२६०।।

यस्तै कुरा मनमा खेलाउँदा खेलाउँदा जिन्दगी बिती सक्यो । पृथ्वीतलमा चिन्ता जस्तो पीडा अरू कुनै छैन भन्ने कुरा मैले महसुस गरिसकें ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिष्ठत्वेव तु चैतद्धि सर्वथाऽलमलं न मे ।
रोचते शक्तिहीनत्वाद्वार्धक्याद्रोगकारणात् ।।२६१।।

चिन्तिन साधक फेरि भन्दछ – व्यर्थमा जिन्दगी बितेको पीडा भैगो, भैगो, आफ्नै ठाउँमा रहोस्; अब शक्ति घटिसक्यो, वृद्धावस्थाले जेलिसक्यो र रोगले सबै शरीरको तत्त्व निखारिसक्यो, अब मबाट आत्मचिन्तन हुनसक्दैन, नामजप हुनसक्दैन र शरणागतियोग पनि हुनसक्दैन । यी सबै कारणले होला ईश्वरको चिन्तन पनि मलाई रुचिकर लाग्दैन ।

लभेय यत्र कुत्राऽपि कर्मपाशात् पुनर्जनुः ।
भवेयं तत्र तत्रापि हरिभक्तस्य किङ्करः ।।२६२।।

कर्मपाशद्वारा जेलिएको म जस्तो मानिसले जहाँ कहीं भए पनि जन्म पाउँला, ती ती ठाउँमा जुनरूपमा भएपनि भगवान्का भक्तको सेवक हुन पाउँ ।

भवेयं किङ्करस्यापि दासदासोऽथवा मुदा ।
भजनं चापि तत्रैव स्मरणञ्च हरेः सदा ।।२६३।।
रामनामाऽनुरक्तिश्च जनुष्षु सर्वदा भवेत् ।
प्रार्थयेऽप्यधुनैवैतन्नान्यद्वाञ्छामि किञ्चन ।।२६४।।

अथवा भगवान्का भक्तका ती ती अनेक जन्ममा दासको पनि दास अर्थात् दासानुदास हुन पाउँ । त्यहाँ पनि सदा भगवान्को भजन, नामस्मरण, भगवान्मा भक्ति सबै जन्ममा सधैं होउन् भनी अहिले नै प्रार्थना गर्दछु, अरू कुनै कुराको मलाई चाहना छैन ।

मानसं तोषमायायाद् भजनात् सर्वजन्मसु ।
न वाञ्छाम्यपवर्गं वा योगं ज्ञानं न च क्रियाम् ।।२६५।।

ती सबै जन्ममा भगवान्को भजन गरी मनमा सन्तोष प्राप्त गर्न सकूँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई मुक्ति, योग, ज्ञान र क्रिया मध्ये केही पनि चाहिदैन ।

जन्मन्यस्मिँश्च वाऽन्यस्मिन्निरये स्थावरेऽपि वा ।
कृष्णस्य स्मरणं तस्याऽङ्घ्रिपद्मे चालिवत् सदा ।।२६६।।

यस जन्ममा वा अर्को जन्ममा नरकमा अथवा वृक्ष आदि योनिमा रहन परे पनि कृष्णका चरणकमलमा भ्रमर सरी बनी सधै कृष्णको स्मरण गर्न पाउँ ।

नाम चापि हरेर्नित्यं कुररीरुतवद् भवेत् ।
संतोष्यहं भवेयं द्रागेतेनैव सुखी सदा ।।२६७।।

भगवान्को नाम मेरा लागि न्याउली चरीको स्वर जस्तै मधुर बनोस् । यसैबाट तुरुन्त म सन्तोषी र नित्य सुखी बनूँ ।

भगवत्कृपया मेऽस्तु वाञ्छा पूर्णा निरन्तरम् ।
कृपां विना तु रामस्य सिद्धिः काऽपि न वै श्रुता ।।२६८।।

भगवान्का कृपाले सधैभरि मेरो इच्छा पूर्ण भइरहोस् । भगवान् श्रीराम कृपालु हुनुहुन्छ, उहाँको कृपा विना कुनै सिद्धि भएको सुनिएको छैन ।

सिद्धिर्ज्ञानस्य योगस्य ध्यानसिद्धिरथाऽपरा ।
या या सा वर्णिता शास्त्रे पुराणेषु श्रुतावपि ।।२६९।।
कृपां विना मुरारेस्तु नैव दृष्टा न वा श्रुता ।
नानुभूता च केनापि न सज्जनमुखाच्छ्रुतम् ।।२७०।।

ज्ञानको सिद्धि, योगको सिद्धि र ध्यानको सिद्धिका विषयमा जे जे शास्त्र, पुराण र वेदमा बताइएको छ, ती ती सिद्धि भगवान्को कृपा विना न देखिएका छन् न त सुनिएका छन् । कसैले अनुभव गरेको विषयमा पनि सज्जनहरूका मुखबाट केही पनि सुनिएको छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्कृपाविरहेणाऽत्र को गतो भगवत्पदम् ।
कृपा तु मादृशे मूर्खे पापाऽपहतचेतसि ।।२७१।।
दीने दुःखिनि सन्मार्गात् पतिते सफला भवेत् ।
सन्मार्गस्थे जने सा तु सन्देहजननी भवेत् ।।२७२।।

यस संसारमा भगवान्को कृपा विना भगवान्का पदमा पुग्न कोही पनि सकेको छैन । पापले चित्तवृत्ति छिन्नभिन्न भएको, दीन, दुःखी र सन्मार्गबाट पतित म जस्तो मूर्ख मानिसमा भगवान्को कृपा हुने हो भने मात्र त्यसको प्रतिक्रिया आश्चर्यजनक हुनेछ । जो मानिस सन्मार्गमा लागिरहेका छन्, तिनमा हुने भगवान्को कृपामा कुनै चमत्कार हुँदैन । त्यहाँ त सन्मार्गका अनुयायीले जुन सद्गति प्राप्त गर्दछन् त्यसमा उनकै सन्मार्ग अनुसरणको फल हो अथवा भगवान्का कृपाको फल ? यस्तो सन्देह भइरहन्छ ।

सन्मार्गाऽऽलम्बनाद् यातः कृपया वा गतः पदम् ।
अपसन्देहलेशा तु सफला मादृशे कृपा ।।२७३।।

त्यो सज्जन सन्मार्गमा लागेको हुनाले भगवान्का पदमा पुग्यो अथवा भगवान्का कृपाबाट पुग्यो ? यस्तो सन्देह पैदा हुन्छ । म जस्तामा भएको कृपामा के बाट परमपदमा पुग्यो भन्ने सन्देहको लेश पनि नरहने हुनाले त्यो कृपा सफल हुन सक्दछ ।

कृपा भागवती कस्मिन् भवतीति न वर्णिता ।
वाञ्छा भगवतो यर्हि यस्मिँस्तस्मिँस्तदा भवेत् ।।२७४।।

वास्तवमा भगवान्को कृपा कसमा हुन्छ भनी वर्णन गरिएको छैन । जुन बेला जसमा भगवान्को कृपा गर्ने इच्छा हुन्छ, त्यसबेला त्यसमा अवश्य उहाँको कृपा हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वेच्छया वर्तमानस्य स्वेच्छया मनुजाऽऽकृतेः ।
श्रीरामस्य कदा कस्मिन् कृपा भवति को वदेत् ।।२७५।।

आफ्नो इच्छा बमोजिम निर्गुण अथवा सगुणरूपमा विराजमान हुनुहुने आफ्नै इच्छाले मनुष्यको रूप ग्रहण गर्ने श्रीरामको कहिले कसमाथि कृपा हुन्छ भन्ने कुरा को बताउन सक्छ ?

ज्ञानिनो धर्मनिष्ठाश्च योगिनः स्वावलम्बिनः ।
स्वस्य ज्ञानस्य योगस्य सुकृतस्य च यद् बलम् ।।२७६।।
तेनैव गन्तुमिच्छन्ति कृपाऽपेक्षां विनाऽप्यतः ।
किमर्थं तेषु रामोऽपि कृपां कर्तुमिहेच्छति ।।२७७।।

ज्ञानी, धर्मात्मा र स्वावलम्बी योगीहरू, आफ्ना ज्ञान, योग र धर्मको तेजबाट श्रीरामका कृपाको अपेक्षा नगरी संसारसागर तर्दछन् । तसर्थ श्रीराम पनि ती सज्जनहरू स्वयं क्षमतासम्पन्न छन् भनी ती माथि कृपागर्न पनि आवश्यक ठान्नुहुन्न ।

मूर्खो यो मादृशो मर्त्यो हतचेताः समाकुलः ।
कदा नु जगदीशस्य कृपा मयि भवेदिति ।।२७८।।
क्षणे क्षणेऽपि रामस्य कृपां ध्यायति सर्वथा ।
पादपात् पतिते पत्रे मूषकस्यापि शब्दतः ।।२७९।।
आः कृपा किमु सञ्जाता मयि सर्वेशितुर्न वा ।
इति चिन्ताकुले दीने हीने सम्पूर्णसाधनात् ।।२८०।।
गलिते जरया खिन्ने रुजा छिन्नेऽशुचौ सदा ।
कृपा भागवती चास्मिन् भवतीति मतिर्मम ।।२८१।।

तर म जस्तो मनमा ग्लानि भएको कहिले जगदीश्वरको कृपा होला भनी छिनछिनमा श्रीरामका कृपाको ध्यान गर्दछ, रूखबाट पात खस्दा र मूसाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कतै चुइँ चुइँको आवाज गर्दा पनि अहो ! सर्वेश्वर परमात्माको मप्रति कृपा भयो कि भनी ठान्ने कुनै साधन नभएको साह्रै चिन्तित, रोगी, वृद्धावस्थाले गलेको, दीन, हीन, र अपवित्र मानिसमा भगवान्को कृपा हुनसक्दछ । यो मेरो विचार हो ।

तद्बुद्धिसहकारेण कृत्वा निश्चयमात्मनः ।
कृपां नूनं मुरारेस्तु मयि सा भवितेति च ।।२८२।।
सन्तुष्टोऽहञ्च धन्योऽहं मादृशो भूतले नहि ।
कथं नु कुत्रचिद् वाऽपि मादृशः को भवेदहो ।।२८३।।

यस्तो विचारको सहयोग लिएर ममाथि भगवान्को कृपा अवश्य हुनेछ भन्ने विचारले म सन्तुष्ट छु, म धन्य छु, पृथ्वी र पृथ्वी बाहेक अरू लोकमा पनि म जस्तो नालायक मानिस हुनसक्दैन भन्ने विचार गरिरहेको छु ।

दुराचाररतो मत्तः साधनारहितोऽपि च ।
न मत्समो जनस्त्वास्तेऽन्येषां केषाञ्च कापि वा ।।२८४।।
योग्यता च भवेन्नूनं यामाश्रित्य तु मानवाः ।
त्वत्पदं गन्तुमिच्छन्ति योग्यताबलतः सदा ।।२८५।।

वास्तवमा कहीँ पनि दुराचारी, मदमस्त र साधना–उपासना नभएको म जस्तो मानिस छैन । अरू मानिसहरूको कुनैको कुनै योग्यता होला । निःसन्देह त्यही योग्यताको आड लिएका ती मानिसहरू त्यसैका बलबाट सधै हजुरका पदमा जान चाहन्छन् ।

मयि सा योग्यता नास्ति ह्यद्वितीयोऽस्मि भूतले ।
कृपा भागवती दीने मयि चेन्न भवेद् यदि ।।२८६।।
श्रीरामहृदये नूनं कृपा नास्तीति मन्मनः ।
मन्येत शीघ्रमेवास्मिन्कृपां कर्तुमिहार्हसि ।।२८७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ममा त्यो योग्यता छैन र संसारमा म एक्लो छु । म दुःखीमा यदि भगवान्को कृपा नहुने हो भने निश्चय नै श्रीरामका हृदयमा दया छैन र श्रीराम निष्ठुर हुनुहुन्छ भन्ने कुरा मेरा मनले ठान्न सक्छ । त्यसो हुनाले चाँडै नै हे राम! हजुरले ममाथि कृपा गर्नुपर्दछ ।

त्वरस्वाऽस्मिन् कृपां कर्तुमन्यथा ते यशः क्षयम् ।
यायादथ पुनः कोपि निर्दयालुं भजेत किम् ।।२८८।।

म जस्तो अयोग्य र गुणहीन जनमा कृपा गर्न हजुरले शीघ्रता गर्नुपर्दछ। यदि कृपा भएन भने श्रीराम ! हजुर दयासागर हुनुहुन्छ भन्ने त्यो कीर्ति समाप्त भएर जानेछ । त्यसपछि हजुरलाई निष्ठुर ठानेर भक्तजनले पनि हजुरको भजन-कीर्तन छाडिदिने छन् ।

कस्तवाऽऽश्रयणं वाच्छेद् सिद्धे तस्मिन् निरर्थके ।
पदं योगादिभिर्नूनं सर्वो वाञ्छिष्यति ध्रुवम् ।।२८९।।

हे राम ! हजुरले ममाथि छिट्टै कृपा नगर्दा हजुरको आश्रय गर्नु व्यर्थ ठहरिए पछि कसले हजुरको भजन-कीर्तन गरी आश्रय लिन खोज्ला ? वास्तवमा कसैले पनि हजुरको आश्रय खोज्ने छैन । निः सन्देह सबैले रामनामको जप, भजन र कीर्तन छाडेर योग र ध्यानबाट मात्र परमपद प्राप्त गर्न खोज्नेछन् ।

भजनञ्चादयालुत्वे सिद्धे त्वाश्रयणं तव ।
लोको मन्येत हा बन्ध्यागवीपालनवद् वृथा ।।२९०।।

हजुर दयालु हुनुहुन्न भने सिद्ध भए पछि संसारले हजुरको आश्रय गर्नुलाई थारी गाई पाले जस्तै व्यर्थ ठान्ने छ ।

अतस्त्वरस्व हे विष्णो ! राम! कृष्ण ! जनार्दन ! ।
शिवे ! शिव ! महेशान ! सूर्य ! हे गणनायक ! ।।२९१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृपालो ! भगवन् ! दीनदयालोऽकिञ्चनप्रिय ! ।
कृपां कुरु सदा दीने मयि हीनेऽप्यकिञ्चने ।।२९२।।

त्यसो हुनाले हे विष्णु ! हे राम ! हे कृष्ण ! हे जनार्दन ! हे जगदम्बा ! हे शिव ! हे महेश्वर ! हे सूर्य ! हे गणेश ! दुःखीमाथि दया गर्ने र दीन, हीनलाई माया गर्ने दयालु हे भगवन् ! दुःखी अकिञ्चन र गुणहीन ममा सधै दया गर्नुहोस् ।

दीनोऽपि मत्समो नास्ति दीनानां परिपालक! ।
मत्समोऽकिञ्चनो नास्ति हेऽकिञ्चनजनप्रिय ।।२९३।।

हे दुःखीका रक्षक जगदीश्वर ! म जस्तो दुःखी अरू कोही छैन । हे अकिञ्चनमाथि माया गर्ने जगदीश्वर ! म जस्तो अकिञ्चन अरू कोही छैन ।

न हीनो मत्समः क्वापि हीनानां परिपालक ।
संसारभयभीतोऽहं त्वञ्च साध्वससंहरः ।।२९४।।

गुणहीन र स्वभावहीन गए गुज्रेका प्राणीहरूको पालन गर्ने हे जगदीश्वर! म जस्तो गए गुज्रेको कहीँ पनि छैन । संसारबाट म डराइरहेको छु र डर हटाइदिने हजुर हुनुहुन्छ ।

भयञ्च मृत्युतो जातं मृत्युमृत्युकरो भवान् ।
यमभीतिनिमग्नोऽहं त्वं यमस्य नियामकः ।।२९५।।

श्रीराम ! मलाई मृत्युदेखि डर उत्पन्न भएको छ तर मृत्युको पनि मृत्यु गराउने हजुर नै हुनुहुन्छ। म यमराजको डरले आत्तिएको छु तर यमराजलाई पनि नियन्त्रण गर्ने हजुर हुनुहुन्छ ।

कालत्रस्तोऽस्मि हेराम ! कालकालस्त्वमेव हि ।
हेराम ! हेजगन्नाथ ! कृष्ण ! विष्णो ! जनार्दन ! ।।२९६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजीवनेत्र ! हेराम ! गोविन्द ! गरुडध्वज ! ।
महेश्वरेश ! गौरीश ! चन्द्रशेखर ! शङ्कर ! ।।२९७।।
अम्बिके! गौरि! लोकाम्ब! शिवे! दुर्गे ! मृडानि! भोः ।
मयि दीने कृपां शीघ्रं कुरु हे जगतः पितः ! ।।२९८।।

हे राम ! म कालदेखि तर्सिरहेको छु, कालका पनि काल हजुर नै हुनुहुन्छ । हे राम ! हे जगत्का स्वामी ! हे कृष्ण ! हे विष्णु ! हे जनार्दन ! कमलजस्ता नेत्र भएका हे राम ! हे गोविन्द ! ध्वजामा गरुड भएका हे भगवन्! हे महेश्वर ! हे ईश ! हे गौरीका स्वामी ! चन्द्रमा जडेको मुकुट पहिरेर सुहाउनु हुने हे शङ्कर ! हे अम्बिका ! हे गौरी ! हे जगत्की आमा ! हे शिवा ! हे दुर्गा ! हे मृडानि ! हे जगत्का पिता ! म दुःखीमा चाँडो दया गर्नुहोस् ।

मातर्मयि कृपादृष्टिः कर्तव्या सर्वथा त्वया ।
अलं कृपा न कार्येयं त्वया चैषाऽपि तिष्ठतु ।।२९९।।

हे आमा ! गौरी ! हजुरले सबै प्रकारबाट ममा कृपा दृष्टि राख्नुहोस् । अथवा भैगो, हजुरले कृपा गर्नु पर्दैन र तपाईँको त्यो कृपा तपाईँभित्रनै रहिरहोस्।

कृपायै प्रार्थये न त्वां पर्याप्तं तत्र मे मनः ।
सततं भक्तिरेवास्तु भगवत्यपि सर्वथा ।।३००।।

जगदम्बिका ! हजुरको कृपा प्राप्त गर्नको निमित्त म हजुरसँग प्रार्थना गर्न चाहन्न । हजुरको कृपा नभएपनि मेरो मन अघाएको छ । हजुरमा र भगवान्मा पनि सबै प्रकारबाट नित्य भक्ति लागोस् मेरो यही चाहना छ ।

हरौ भक्तिं प्रकुर्वीत तया निर्मलतां व्रजेत् ।
नान्यस्मिँश्च विशेषेण साधने योग्यता कलौ ।।३०१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो दृढ निश्चय छ – भगवानमा भक्ति गर्नुपर्दछ । त्यसबाट भक्ति गर्ने जन निर्मल बन्दछ । विशेष गरेर कलियुगमा भक्ति बाहेक अरू साधनमा भगवान्‌लाई प्राप्त गराउने योग्यता हुँदैन ।

भक्त्यैव भगवत्प्राप्तिं करोति सहसा नरः ।
न भक्तिसदृशो मार्गो विद्यते मोक्षसाधने ।।३०२।।

मनुष्यले भक्तिद्वारा नै अचानक भगवान्‌को दर्शन पाउँछ । । मोक्षसाधन गर्नमा पनि भक्ति जस्तो सजिलो बाटो अरू कुनै छैन ।

दृढा रतिर्हरौ याऽऽस्ति सा भक्तिः कथिता बुधैः ।
येन केन प्रकारेणाऽनुरागी स्याद्धरौ सदा ।।३०३।।

भगवान्‌मा गरिने गहिरो एवं गाढा श्रद्धालाई नै विद्वान्‌हरूले भक्ति भन्दछन् । मानिसले जुन उपायबाट पनि भगवान्‌मा भक्ति गर्नुपर्दछ र त्यो नै त्यसका निमित्त श्रेयस्कर हुन्छ ।

यथा स्वपुत्रदारेषु प्रीतिरप्यधिका स्थिता ।
तस्या अप्यधिका प्रीतिः श्रीकृष्णे क्रियते यदि ।।३०४।।
तस्माद्धन्यतरो लोके कोऽपि नेति मतो बुधैः ।
परमात्मनि कृष्णे या प्रीतिरभ्यधिका यदा ।।३०५।।
तदा संसारदोषेण पातक्यपि न लिप्यते ।
भक्त्या हीनो मनुष्योऽसावकंकुन्मानुषाकृतिः ।।३०६।।
द्विपादपि समो नूनं वृषभेण चतुष्पदा ।
तस्मात् सर्वप्रयत्नेन हरौ भक्तिं हि साधय ।।३०७।।

प्रत्येक मानिसको आफ्नी प्रियतमा र पुत्रमा प्रगाढ अनुराग हुन्छ । तर जस्तो गहिरो अनुराग पत्नी र पुत्रमा गरिन्छ, त्योभन्दा पनि गहिरो अनुराग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्ण भगवान्मा यदि कसैले गर्दछ भने त्यो भन्दा धन्य, त्योभन्दा भाग्यशाली संसारमा अरू कुनै हुँदैन भन्ने कुरा विद्वान्हरूले ठाउँ–ठाउँमा बताएका छन् । भगवान् श्रीकृष्णमा जब गहिरो भक्ति लाग्दछ, त्यसले गर्दा ठूलो पातकी पुरुष पनि पापबाट निमुक्त बन्दछ । संसारमा मानिसका रूपमा जन्मेर पनि परमेश्वरको भक्ति नगर्ने मानिस आकार–प्रकारले मानिस नै भए पनि दुई खुट्टे नै भएपनि विना जुरोको गोरु सरहकै प्राणी हो । त्यसकारण हे साधक ! जसरी भएपनि भगवान्को भक्ति गर्ने महान् अभियानमा लाग, त्यसैबाट नै तिम्रो कल्याण हुन्छ।

सहितो भगवद्भक्त्या नरो लोके प्रपूज्यते ।
रहितो भगवद्भक्त्या नरो लोके विगर्ह्यते ।।३०८।।

भगवान्मा भक्ति भएको मनुष्य संसारमा ज्यादै पूज्य हुन्छ । भगवान्मा भक्ति नभएको मनुष्य संसारमा विशेषरूपमा निन्दनीय हुन्छ ।

भगवद्भक्तिसाध्यं हि धर्मार्थकाममोक्षणम् ।
तेन स्याद् भक्तिमाञ्छीघ्रं यत्नेन मतिमान्नरः ।।३०९।।

निःसन्देह धर्म, अर्थ, काम र मोक्ष भगवान्कै भक्तिबाट सिद्ध हुन्छन् । त्यसकारण बुद्धिमान् मनुष्यले छिट्टै नै प्रयासपूर्वक भक्तिमान् बन्नुपर्दछ ।

अनुरागविशेषेण भजनं रामकृष्णयोः ।
उत्तमं साधनं तस्मादितरन्नास्ति किञ्चन ।।३१०।।

विशेष श्रद्धापूर्वक श्रीराम र श्रीकृष्णको भजन गर्नु भगवान्को दर्शन पाउने उत्तम साधन हो । त्यो भन्दा अरू उत्तम साधन केही पनि छैन ।

सानुरागं पादपद्मे रामस्य भजते यदि ।
कृतार्थः स भवत्येव सफलं जन्म तस्य तत् ।।३११।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै मानिसले श्रीरामका चरणारविन्दको ठूलो श्रद्धाका साथ भजन गर्दछ भने त्यो अवश्य कृतार्थ हुन्छ र त्यसको यो जन्म पनि सफल बन्दछ ।

हरिभक्तिविहीनं हि नरकादागतं विदुः ।
कलौ तु केवला भक्तिः सिद्धिदा परिकीर्तिता ।।३१२।।

विज्ञजनहरूले भगवान्मा भक्ति नलगाउने मानिसहरू नरकबाट फर्की मानवयोनिमा जन्मन आएका प्राणी हुन् भन्ने कुरा ठहर गरेका छन् । त्यसकारण फेरि नरकमा जान नपरोस् भनी भगवान्को भक्ति गर्नुपर्दछ । कलियुगमा त सिद्धि दिने केवल भगवान्को भक्ति नै हो भन्ने कुरा कुरा बयान गरिएको छ ।

अन्यसाधनवर्गेषु नाधिकारो नरस्य हि ।
नियमादिविहीनस्य संस्काररहितस्य च ।।३१३।।

वर्ण र आश्रमका नियम आदिको पालन नगर्ने र संस्कार नभएका मानिसको भक्ति बाहेक अरू साधनमा अधिकार हुँदैन ।

ब्रह्मचर्यादिहीनस्य नाधिकारोऽस्ति साधने ।
अधिकारविहीनेन कृता दुष्फलदा क्रिया ।।३१४।।

ब्रह्मचर्य आदि पालन नगर्ने मानिसको योग, ज्ञान र मोक्षको साधनमा अधिकार हुँदैन । अधिकार नभएका मानिसले गरेका कर्मको फल पनि राम्रो हुँदैन ।

अधिकारिणि दत्ता सा क्रिया तु फलदा भवेत् ।
वर्षत्रयस्य बालस्य स्कन्धे चेद्दीयते घटः ।।३१५।।
जलपूर्णस्तदा तेन दलितो मृत्युमाप्नुयात् ।
अधिकारविहीनस्य क्रिया तत्सदृशी मता ।।३१६।।

सुयोग्य पात्रलाई प्रदान गरिएको कर्मले राम्रो फल दिन्छ । कसैले तीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षको उमेरका बालकको काँधमा जलले भरिएको घैंटो राखिदिन्छ भने त्यो बालक त्यही घैंटाले थिचिएर मर्दछ । त्यसरी नै अधिकार नभएका मानिसले गरेका कर्मले पनि त्यसलाई थिचेर समाप्त तुल्याउँछ ।

श्रीभद्भागवताभ्यासाद्भक्तिः शीघ्रं प्रजायते ।
कीर्तनादपि रामस्य नाम्नो नित्यं प्रयत्नतः ।।३१७।।

महर्षि वेदव्यासको भक्तिमय अपूर्व रचना श्रीमद्भागवत महापुराणको निरन्तर अभ्यास गर्नाले र श्रीरामका पावन नामहरूको कीर्तन गर्नाले पनि भगवान्मा भक्ति लाग्दछ ।

परं तु भगवद्भक्तिसाधने तत्परेण च ।
न कर्तव्या प्रपञ्चस्य कामना हि कदाचन ।।३१८।।

तर भगवान्को भक्तिसाधनामा तत्पर भएका मानिसले कहिल्यै पनि सांसारिक सुखभोगको चाहना गर्नु हुँदैन ।

मानसे त्वभिलाषश्चेद् भवेत् सिद्धोऽपि तस्य सः ।
मानसे कामना यस्य यत्नसाध्यापि सा मता ।।३१९।।

जसका मनमा भगवान्को दर्शन गर्ने तीव्र चाहना छ, त्यसले चाहना पनि पूरा गर्न सक्दछ । जसका मनमा विषयभोगको कामना छ त्यस्ता भेगलिप्सुहरूले भगवान्को भक्ति प्राप्त गर्न धेरै प्रयास गर्नुपर्दछ ।

यद्यत्करोति तत्कर्म कामनापूरणाय वै ।
अपि सा भगवद्भक्तिः कामनापूरणाय च ।।३२०।।
अतः सा भगवद्भक्तिर्दुःसाध्येति मता बुधैः ।
भक्तिवार्ता जनैः सर्वैः सर्वत्र क्रियतेऽपि सा ।।३२१।।

मनुष्यले जे जे कर्म गर्दछ, ती ती कर्म उसकै चाहना पूरा गर्नका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्त हुन्छन्। तसर्थ वासनाप्रधान मानिसले गर्ने भगवान्को भक्ति पनि त्यसका वासनाको परिपूर्ति गरिने अभिप्रायले गरिने हुँदा भगवान्को भक्ति सिद्ध गर्न कठिन हुन्छ भन्ने विद्वान्हरूको मत छ। भगवान्को भक्ति गर्नुपर्दछ, म भक्ति गर्दछु, अमुक व्यक्तिले भक्ति गरेर अमुक फल प्राप्त गऱ्यो जस्ता भक्तिसम्बन्धी कुराकानी त जसले पनि गर्न सक्दछ, तर भक्ति गर्न र भक्त बन्न ज्यादै गाह्रो छ।

वार्तामात्रेण सन्तुष्टा जगत्यां सर्वथा जनाः ।
भगवद्भक्तियुक्तस्य न स्वत्वं जगति स्थितम् ।।३२२।।

संसारमा मानिसहरू कुराबाट मात्र निकै सन्तुष्ट हुन्छन् तिनलाई काम गर्दा कठिनताको अनुभूति हुन्छ र तिनले आफ्नो सर्वस्व एवं मन भगवान्मा समर्पण गर्न सक्दैनन्, तर वास्तवमा भगवान्मा भक्ति हुने असल भक्तका लागि संसारमा मेरो भन्ने कुनै चीज हुँदैन, जो छ त्यो भगवान्कै हुन्छ र तिनले आफूलाई भगवान्का पाउमा आफूलाई अर्पण गरेका हुन्छन्।

सर्वत्र भगवत्स्वत्वं स्वस्य नेहास्ति किञ्चन ।
गवाश्वधनधान्यादिगृहक्षेत्राणि बान्धवाः ।।३२३।।
दारपुत्रादयो ये च तेषु स्वत्वं न भावयेत् ।
सर्वस्मिन् वस्तुसङ्घाते हरिमेव विभावयेत् ।।३२४।।

वस्तुतः भगवान्का सच्चा भक्तले निम्नलिखित तथ्यलाई हृदयङ्गम गर्नुपर्दछ – सबैमा भगवान्कै सत्त्व रहन्छ, संसारमा आफ्नो भन्ने केही हुँदैन। गाई, गोरु, धन, धान, धान्य, घर, जमीन, दाजुभाइ, पुत्र, पत्नी आदि जे छन् तिनमा मेरो भन्ने भावना राख्नु हुँदैन। सबै वस्तुहरूमा भगवान् हुनुहुन्छ र ती सबै भगवान्का हुन् भन्ने भावना राख्नु पर्दछ।

हानिलाभौ सुखं दुःखं शीतोष्णमपि सर्वथा ।
हरीच्छासम्भवानीति न हर्षो न विषण्णता ।।३२५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हानि, लाभ, सुख, दुःख, चीसो, तातो, आदि सबै कुरा सर्वथा भगवान्को इच्छाबाट हुन्छन् भन्ने सम्झी हर्ष र विषाद मान्न हुँदैन ।

भावनायाञ्च सत्यां चेदेतादृश्यां तु भक्तितः ।
भक्तिमत्यपि नाहन्ता ममता स्वार्थता तथा ।।३२६।।

भगवान्को भक्तिका प्रतापले सबै कुरा भगवान्का हुन्, म अनुकूलतामा हर्ष गर्दिन र प्रतिकूलतामा विषाद पनि गर्दिन भन्ने भावना दृढ भएका भक्तजनमा म र मेरो भन्ने भावना अर्थात् ममता हुनुहुँदैन । त्यस्ता भक्तमा आफ्नो काम सटाउने प्रवृत्ति अर्थात् स्वार्थी भावना पनि हुनुहुँदैन ।

आत्मीयानपि चात्मानं तत्पादकमलेऽर्पितान् ।
यो भावयति तेनैव सा भक्तिरभिसाध्यते ।।३२७।।

जसले आफन्तलाई, आफ्ना वस्तुलाई र आफूलाई ईश्वरका चरणारविन्दमा समर्पण गरें भन्ने भावना दृढ बनाउँछ, त्यसैले नै ईश्वरको भक्ति सिद्ध गर्न सक्दछ ।

हरे ! कर्तुं न शक्नोमि त्वद्भक्तेरपि साधनम् ।
कष्टात् कष्टतरा भक्तिस्तव मे नहि रोचते ।।३२८।।

तर हे भगवन् ! म भने हजुरको भक्ति सिद्ध गर्न पनि सक्दिन । विषयवासनामा चुर्लुम्म डुबिरहेको हुँदा मलाई हजुरको भक्ति कठिनभन्दा पनि कठिन लाग्ने हुँदा मन पर्दैन ।

अलं तिष्ठतु सा चापि पर्याप्तमलमेव च ।
वृद्धो रोगी जडोन्मत्तो मूर्खः क्रोधी सदाऽप्यहम् ।।३२९।।

हे श्रीराम ! भयो, पुग्यो, त्यो भक्ति नभए नभइरहोस्, किनकि म त्यसको लायक छैन । म त बूढो छु, रोगी छु, जड छु, उन्मत्त छु, मूर्ख छु र रिसाहा पनि छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थिरा भवेन्न तु स्वान्ते सा मे चेति मतिर्मम ।
निकृष्ट इति मे प्रोच्चाऽधिकारे विनियोजनम् ।।३३०।।
क्रोधीति शासने क्वाऽपि लोभीति निधिरक्षणे ।
वातूलोऽयमिति ज्ञात्वा सभायाञ्च प्रवेशनम् ।।३३१।।
असभ्य इति च स्वस्य पुरतः सेवनादिषु ।
नाकार्यहं त्वया नाथ ! नियुक्तस्तेषु तेषु च ।।३३२।।
वातुलः सापराधी च मर्यादाघातकोऽपि च ।
कर्मस्वधिकृतस्तेषु नाऽकारिषि यथा तथा ।।३३३।।

त्यो भक्ति मेरा मनमा स्थिर रहन असमर्थ छ भन्ने कुरा मेरो बुद्धिमा प्रतिबिम्बित भएको छ । तपाईंले मलाई यो व्यक्ति अधम छ भनी ठूलो पदाधिकारमा नियुक्त गर्नुभएन, रिसाहा छ भनी कुनै शासनमा लगाउनु भएन, लोभी छ भनी ढुकुटी रक्षा गर्ने काममा पत्याउनु भएन, ज्यादा बकबक गर्छ भनेर सभामा प्रवेश गर्न योग्य ठान्नुभएन, असभ्य छ भनेर आफ्ना सामु सेवा कार्यमा नियुक्त गर्नुभएन । ती ती कार्यमा लगाइँदा पनि वाचाल (बकबके), अपराधी र मर्यादानाश गर्ने मेरो स्वभाव भएकाले ती ती अधिकारमा हजुरले मेरो नियुक्ति गरी मलाई उपयोग गर्नुभएन । वस्तुतः हजुरले मलाई ती ती कर्मका लागि योग्य ठान्नु भएन ।

स्वयशोघातकोऽयं चेत्यसभ्यत्वात्त्वया पुनः ।
लज्जयाऽसञ्चरे देशे स्थापितोऽहञ्च शङ्कया ।।३३४।।
इति चेद् भगवन् ! नाथ ! प्रार्थये त्वां हि सर्वथा ।
एतदेव हि कर्तव्यं मदर्थं भवता सदा ।।३३५।।

म असभ्य हुनाले हजुरले यसले मेरो कीर्ति नाश गरिदेला भन्ने शङ्का हुँदा यस्तो मानिस पनि मेरो सामु भक्ति गर्न खोज्दैछ भन्ने लाजले कुनै मनुष्य नभएको सुनसान ठाउँमा राख्नुभएको हो भने हे भगवन् ! हेनाथ ! हजुरले मेरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्त अनेक प्रकारबाट सधै यस्तै गरिरहनु होला । मेरो यही प्रार्थना छ ।

मदीयो जन इत्येवं स्थापनीयोऽस्मि साम्प्रतम् ।
हृदयस्यैकदेशे ते तेन मे स्यात् कृतार्थता ।।३३६।।

श्रीराम ! अहिले हजुरले आफ्नो हृदयको एउटा कुनामा यो मानिस मेरो हो भन्ने भावनाबाट मलाई राखिदिनोस्, त्यसैबाट म कृतकृत्य हुनेछु ।

कस्मिँश्चित्त्वन्मनःकोणे भवताऽहं तु सर्वदा ।
स्थापनीयोऽस्मि चेन्नाथ ! कृतार्थत्वं भवेन्मम ।।३३७।।

श्रीराम ! हजुरका मनको कुनै एउटा कुनामा मलाई हजुरले सधै राखिदिने हो भने मेरो सबै बनिबनाऊ हुन्छ । त्यसपछि म तृप्त, तुष्ट र कृतकृत्य हुनेछु ।

कार्ये भगवतश्चास्मिन् वाञ्छा चेन्न भवेत्तदा ।
स्थापनाऽसम्भवे वापि त्वदीये हृदये प्रभो ।।३३८।।
नूनमूर्ध्वं भवेद्धाम त्वदीयं परमेश्वर !
मुखेनोर्ध्वेन वा भाव्यं नरकभोगिनो मम ।।३३९।।

हे प्रभु ! यस कार्यमा हजुरको इच्छा छैन भने अथवा मलाई हजुरको मुटुको एउटा कुनामा राख्न पनि मिल्दैन भने हे परमेश्वर ! निश्चय नै माथि हजुरको धाम होला, म नरकमा बस्न परे पनि मेरो मुख हजुरको धामतर्फ फर्किरहोस् अर्थात् जहाँ हजुरको धाम छ, त्यतै दृष्टि लगाइरहन पाउँ ।

पश्वादिषु शकुन्यादौ कीटभृङ्गादिजन्मसु ।
ऊर्ध्वीकृतमुखोऽहं स्यां भगवद्धामदर्शने ।।३४०।।

पशु, चरा, कीरा, भमर आदि योनिमा जन्मन परे पनि हजुरको दर्शनका निमित्त मेरो मुख हजुरको धामतर्फ फर्किरहोस्, जहाँ हजुरको धाम छ त्यतै दृष्टि लगाइरहन पाउँ । अर्थात् म ऊर्ध्वमुख भएर बस्न पाउँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊर्ध्वमुखः सदाऽहं स्यां यद्यूर्ध्वं तव धाम चेत् ।
तवाऽन्यतोऽस्ति चेद्धाम मां विधेहि ततो मुखम् ।।३४१।।

यदि हजुरको धाम माथिल्तिर छ भने म सधै माथिल्तिर मुख फर्केको बनूँ । हजुरको धाम अर्कैतिर छ भने मलाई त्यतैतर्फ मुख फर्केको प्राणी बनाउनुहोस् ।

ऊर्ध्वमुखो भवेयञ्च धाम्नस्तव तु दर्शने ।
अभावे दर्शनस्यापि मंस्येऽहं भाग्यवानिति ।।३४२।।

हजुरका धामको दर्शनका निमित्त मेरो मुख ऊँभोतर्फ फर्केको (माथिल्तिर फर्केको) बनाउनुभएमा दर्शनको सौभाग्य नपाएपनि मैले आफूलाई भाग्यशाली सम्झने छु ।

यद्देशे भगवद्धाम तत्सम्मुखमुखं कुरु ।
दर्शनाऽसम्भवे चर्मनेत्राभ्यामप्यहं सुखी ।।३४३।।

जुन ठाउँमा भगवान्को धाम छ, मलाई त्यसकै सामु मुख फर्केको प्राणी बनाउनुहोस् । श्रीराम ! त्यस दिव्यधामलाई चर्म (छालाका) आँखाले देख्न नसके पनि म सुखी हुनेछ ।

न वा ह्येतादृशं कर्तुं मां भवान् यदि वाञ्छति ।
तदा न प्रार्थयेऽहं त्वां स्वार्थे दुःखं ददामि न ।।३४४।।

यदि हजुर मलाई मैले भनेको जस्तो गराउन चाहनुहुन्न भने म हजुरसँग बिन्ती गर्दिन, स्वार्थका निमित्त हजुरलाई दुःख दिन चाहान्न ।

भवत्वस्मिन् भवान् कञ्चित् क्लेशं कर्तुं न चार्हति ।
स्वतन्त्रत्वेन वर्तस्व न मे वाञ्छां प्रपूरय ।।३४५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो गनगन सुन्दा हजुरलाई दिक्क लाग्यो होला भैगो, यस विषयमा हजुरले केही पनि क्लेश उठाउन पर्दैन । स्वतन्त्र भएर राज हुनुहोस्, मेरो इच्छा पूरा गर्नुपर्दैन ।

मदर्थे दुःखभाक्स्वामिन् ! न भूयास्त्वं प्रसीद भोः ।
न मया दीयते दुःखं स्वामिन्यपि कृपावति ।।३४६।।

स्वामिन् मेरा निमित्त हजुर दुःखी नहुनुहोस् र आनन्दले रहनुहोस्, हजुर दयासागर हुनुहुन्छ भन्ने मलाई थाहा छ । अब म आफ्नो छुद्र स्वार्थका निमित्त हजुरलाई दुःख दिन चाहन्न ।

मयैव क्रियते यत्नः स्वीयवाञ्छाप्रपूरणे ।
स्वस्यैव हृदये नित्यं भवन्तं स्थापयाम्यहम् ।।३४७।।

मेरा इच्छा पूरा गर्न म आफै प्रयास गर्छु र मैले सधैं आफ्नै हृदयमा हजुरलाई विराजमान गराउँछु ।

प्रेमरज्जुं दृढां कृत्वा हृद्रूपदृढकीलके ।
स्नेहपाशेन बध्वा त्वां हृद्येव स्थापयाम्यहम् ।।३४८।।

भक्तिरूपी बलियो डोरी बाटेर हृदयरूपी बलियो कीलामा अनुरागरूपी पाशले बाँधेर मैले हजुरलाई आफ्नो मुटुको आसनमा विराजमान गराउनेछु ।

हृत्तो रागमदद्वेषकामलोभक्रुधादिकान् ।
बहिर्निःसार्य यत्नेन सुन्दरं मणिमण्डितम् ।।३४९।।
सिंहासनञ्च हृद्देशे कल्पयित्वा सुकोमले ।
आस्तृते चासने रामं सीतया सहितं प्रभुम् ।।३५०।।
निर्गन्तुमक्षमं कृष्णं राधया सहितं तथा ।
विराजयामि यत्नेन प्रीत्या चादरपूर्वकम् ।।३५१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राग, मद, द्वेष, काम, लोभ, क्रोध आदि नराम्रा मनोवृत्तिलाई बढो प्रयासका साथ हृदयबाट बाहिर पन्छाएर हृदयमा मणि जडाएको राम्रो सिंहासनको कल्पना गरी त्यसमा विछाएको कोमल एवं सुन्दर आसनमा सीतासहित अविनाशी प्रभु श्रीराम र राधासहित अविनाशी प्रभु श्रीकृष्णलाई प्रेम एवं आदरका साथ विराजमान गराउँछु ।

स्वर्ग्यस्थो नारकी वा स्यां मोक्षो भवतु वा न मे ।
इति तर्कवितर्काभ्यां मुक्तयाऽवस्थया सदा ।।३५२।।
विचरामि महीमेतां परिवर्ते च संसृतौ ।
यदा कदापि हृद्देशान्मुञ्चामि स्वामिनं न हि ।।३५३।।

चाहे म स्वर्गमा रहूँ, चाहे नरकमा रहूँ, चाहे मेरो मोक्ष होस्, चाहे नहोस्, यस्ता तर्क–वितर्कदेखि पर रहेर सधै पृथिवीमा घुमिरहे पनि जन्म र मृत्युको फन्दामा जेलिइरहे पनि चक्रमा मैले कुनै मेरो हृदयका मन्दिरबाट मेरा स्वामी परमेश्वरलाई बाहिर जान दिदैन ।

नेच्छामि ज्ञानयोगौ च नेच्छामि वाऽपुनर्भवम् ।
स्वर्गं नेच्छामि सत्यं वा लोकं गन्तुं मनागपि ।।३५४।।

म भगवान्को भक्ति बाहेक केही चाहन्न । वस्तुतः मलाई ज्ञानयोगको चाहना, पुनर्जन्म नहोस् भन्ने चाहना, स्वर्गको चाहना र सत्यलोक प्राप्तिको चाहना पनि छैन ।

हृदिस्थं श्रीहरिं पश्यन् संसृतौ विचराम्यहम् ।
इत्थमहं गमिष्यामि सर्वथा कृतकृत्यताम् ।।३५५।।

म त मेरै हृदयवासी भगवान्को दर्शन गर्दै संसारमा घुमिरहन्छु । यसरी सर्वत्र गरिने हरिदर्शनबाट म सर्वथा कृतकृत्य र तृप्त हुनेछु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न सुखार्थं यते क्वापि दुःखादपि न भीतिमान् ।
सुखदुःखे समे कृत्वा लाभालाभौ चराम्यहम् ।।३५६।।

म कुनै पनि सुखका निमित्त कहीं पनि कुनै प्रकारको प्रयास गर्दिन, दुःखदेखि पनि डराउन्न । सुख, दुःख र लाभ–हानिलाई एकसमान ठानेर म संसाररूपी मैदानमा यात्रा गरिरहेको छु ।

भगवन्निति मे वाक्यं सर्वथा त्वं तु मां सदा ।
चित्ते स्थापय यत्नेन ममेति नैव विस्मर ।।३५७।।

भगवन् ! मेरो यही आर्त पुकार छ – हजुरले जे जति प्रयास गरेर भएपनि मलाई सधै आफ्नो मुटुमा ठाउँ दिनुहोस् र यो जतिसुकै अपराधी भएपनि मेरो मानिस हो भन्ने कुरा नबिर्सिदिनुहोस्, यसैले म कृतकृत्य हुनेछु ।

सर्वथा सुप्रसन्नोऽहं सर्वथा विगतक्लमः ।
सर्वथा सुखभाक् चाहं सर्वथा भाग्यवानहम् ।।३५८।।
भविताहं भवन्तं चेन्निधातुं हृदये क्षमः ।
हरे ! तदा तु मे हर्षो वर्धिष्यते यथोत्तरम् ।।३५९।।

भगवन् ! यदि म हजुरलाई आफ्नो हृदयमा राख्न समर्थ भएँ भने म सबै प्रकारबाट ज्यादै प्रसन्न, हर तरहबाट म दुःख–द्वन्द्वविहीन, सुखी र भाग्यशाली हुनेछु । हे ईश्वर ! त्यसवेला मेरो खुशीको सीमा रहने छैन र त्यो नित्य फैलिदै जानेछ ।

आशा चास्था मम परिगता हृद्गता सर्वशून्यो
धन्यो धन्यो गतसकलहृद्दुःखपुञ्जोऽतिधन्यः ।
स्मारं स्मारं हृदयनिलये वर्तमानं परेशं
श्रीरामं तं जननमरणे नैव सम्भावयामि ।।३६०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो हृदयमा रहेका आशा र सांसारिक आस्था हटे, सबै इच्छा, भावना शून्य भए र दुःखका राशि पनि गए । तसर्थ म धन्य धन्य भएको छु । मेरा हृदयरूपी घरमा बसेका परमात्मा श्रीरामलाई सम्झी सम्झी अब फेरि जन्म र मृत्युको चक्रमा पर्ने छैन भन्ने कुरामा विश्वस्त भएको छु ।

मानसक्षोभनाशाय समाधानमिदं स्फुटम् ।
अलिखत् कृपया विष्णोर्धनञ्जयमरासिनिः ।।३६१।।

म धनञ्जय मरासिनि नाम गरेको भक्तले भगवान्का कृपाबाट मानसिक क्षोभलाई निवारण गर्ने उद्देश्यले यो क्षोभसमाधान नामक स्तुतिकाव्यको रचना गरेको छु ।

वसुवह्निखनेत्राब्दे मासीषे बहुले दले ।
खिदिमे सिद्धिमायातं समाधानमिदं शुभम् ।।३६२।।

- इति श्रीधनञ्जयमरासिनिविरचिते
हरिहरप्रार्थनापुष्पाञ्जलिस्तुतिकाव्ये क्षोभसमाधानं नाम
प्रथमः सर्गः -

यो मङ्गलमय हरिहरप्रार्थनापुष्पाञ्जलि अन्तर्गतको हरिप्रार्थनारूप क्षोभसमाधान काव्य २०३८, आश्विन महिनाको कृष्णपक्षमा लुम्बिनी अञ्चल अर्घाखाँची जिल्ला अन्तर्गतको खिदिम नामक गाउँमा रहँदा लेखी पूरा गरिएको हो ।

- टीकाकारवाक्यम् -

गुरूपदिष्टपद्यार्थं सश्रद्धं रसनां पुनन् ।
हरिप्रसाद आचार्यः प्रास्तौषीत् पुरतः सताम् ।।३६३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ विनयाष्टोत्तरशतकम् ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करुणावरुणालयः प्रभु-
रिति सिद्धान्तविदो विदुर्बुधाः ।
अधुना करुणा कुतो गता
क्व गता ते महती समर्थता ।।

तत्त्वज्ञानी विद्वान्हरूले सदाशिव दयाका सागर नै हुनुहुन्छ भन्ने बुझेका छन् र उपदेश पनि गरेका छन् । अहिले हजुरको त्यो करुणा र त्यो महान् सामर्थ्य कहाँ गयो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगणेशाय नमः

श्रीविनयाष्टोत्तरशतकम्

जय शङ्कर ! चन्द्रशेखर !
शिव ! शम्भो ! गिरिजापते ! मृड ! ।
शितिकण्ठ ! महेश ! धूर्जटे !
हर ! गङ्गाधर ! नीललोहित ! ।।१।।
भवदीयगुणानुवर्णने
महनीया न ममाऽस्ति योग्यता ।
शरणं हि भवद्द्येतरम्
नरकक्लेशहरञ्च नाऽस्त्यतः ।।२।।

हे शङ्कर ! हे चन्द्रशेखर ! हे शिव ! हे शम्भु ! हे गिरिजापति ! हे मृड! हे शितिकण्ठ ! हे महेश ! हे धूर्जटि ! हे हर ! हे गङ्गाधर ! हे नीललोहित !हजुरका गुणको वर्णन गर्न सक्ने राम्रो योग्यता ममा छैन । तसर्थ नरकको दुःख हटाइदिने मेरो शरण हजुरको दयाबाहेक निश्चय पनि अरू केही छैन ।

दयनीयजनाऽवनो भवान्
क्व ! भवेऽहं क्व च दीनतायुतः।
किमु ! मीलनमावयोर्भवेन् -
न कदाऽपीति मनो विषीदति ।।३।।

दुःख पाएका प्राणीहरूको रक्षा गर्ने हजुर कहाँ ? संसारका दुःखले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सताइएको म कहाँ ? हजुरको र मेरो कहिल्यै पनि भेट हुन पाउन्न कि भन्ने ठानेर मेरो मन सारै चिन्तामा परेको छ ।

भगवन् ! क्व नु ! ते दयालुता
मयि दीने न भवेद् दया यदि।
न भजेदपि सा कृतार्थताम्
तव पुण्यात्मसु वाहिताऽप्यलम् ।।४।।

भगवन् ! यदि म दुःखीमा दया हुँदैन भने हजुरको दयालुताको के अर्थ रहन्छ ? हजुरको दया पुण्यात्माहरूमा उपयोग गरिन्छ भने त्यसको औचित्य रहँदैन र त्यो दयालुता कृतार्थ पनि हुनसक्दैन ।

विमर्श –

पुण्यात्माहरू त आफ्नै पुण्यका प्रतापले शिवको दर्शन पाउन समर्थ छन् भने शिवद्वारा तीप्रति गरिने दया अर्थहीन हुन्छ भन्ने कविको अभिप्राय हो ।

यदि हीनदशासु मे शिव
भविता नैव च रक्षिता भवान् ।
न हि चार्ततरे हरीतकी
सुधया किं ह्यनुदत्तया पुनः ।।५।।

हे शिव ! यदि मेरो यस गएगुज्रेको अवस्थामा हजुरले रक्षा गर्नुहुन्न भने हजुरको दीनदयालुताको कुनै माने छैन । रोगले जीर्ण भएका हर्रो पनि नदिने सञ्चो लागे पछि अमृत नै दिए पनि के हुन्छ ?

अपि चार्ततरे मयि प्रभो
सुकृपां कर्तुमिहार्हसि ध्रुवम् ।
ननु वीर्यसमन्वितो नरः
समरं प्राप्य पलायते किमु ! ।।६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे सदाशिव शङ्कर ! दुःखले अत्यन्त सताइएका ममाथि हजुरले अवश्य राम्ररी कृपा गर्नुपर्दछ । के वीरताले जल्दोबल्दो योद्धा लडाइँमा गएर पलायन गर्छ ?

विमर्श –

जसरी वीरताले जल्दोबल्दो योद्धाले लडाइँमा गएर पलायन गर्दैन त्यसरी नै दीन दुःखीको उद्धारका लागि अवतार लिनुहुने हजुरले म जस्तो दीन दुःखीलाई देखी देखी मुख फर्काउन मिल्दैन भन्ने कविको अभिप्राय हो ।

अपराधसमन्विते त्वयि
करुणा वै क्रियते कथं मया ।
इति योगिनि चेत्कृपा कृता
सफला नैव हि सेति मे मतिः ।।७।।

तँ जस्तो अपराधी पुरुषमाथि मैले कसरी कृपा गर्ने ? भनेर म जस्ता माथि दया नगरी यदि त्यो दया योगीजनमा गर्नुहुन्छ भने मेरा विचारमा त्यो सार्थक हुँदैन ।

सुकृती स्वयमेव गच्छति
तव कैलासपदं कृपां विना ।
तव पापिनि मादृशे कृपा
विहिता स्यात् सफला हि वस्तुतः ।।८।।

हे शङ्कर ! पुण्यात्मा पुरुष त हजुरको कृपा नभए पनि आफ्नै साधनाका प्रतापले कैलाशवासी बन्दछ । वास्तवमा हजुरको कृपा त म जस्ता पापीमा उपयोग गरिंदा मात्र सफल हुनसक्दछ ।

तव पुण्यवते कृता कृपा
सुकृता चाप्यकृता भविष्यति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किमु ! मुष्टिमिता हि तण्डुला
जगति स्युर्विभवार्चिताऽऽदृताः ।।९।।

हजुरले पुण्यात्माका निमित्त गरिएको कृपा राम्ररी गरिएको भए पनि न गरिएकै सरह मानिने छ । के संसारमा धनाढ्य जनका निमित्त एक मुठी चामल चासोको विषय बन्छ ?

न भवन्नसि चित्तगोचरः
किमु वक्तव्यमथाक्षिगोचरः ।
सुलभो न यदा बिभीतकः
किमु पूगस्य फलं सुदुर्लभम् ।।१०।।

हे ईश्वर ! हजुरलाई मेरो चित्तले आत्मसात् गर्न सकेको छैन भने मैले मेरै आँखाले प्रभुलाई नजर गर्न पाएको छैन भनेर कसरी भनूँ ? बर्रोको दाना पाउन नसक्ने अकिञ्चनले सुपारी पाउने कुरा गर्नु पनि व्यर्थ हुन्छ ।

त्वयि दृष्टिपथे गते मम
भविता नूनमनुत्तमं सुखम् ।
पलमप्यनवाप्तदर्शने
न सुखाय प्रभु कोटिकाञ्चनम् ।।११।।

हजुरको साक्षात्कार गर्नसके मलाई निःसन्देह अति उत्तम सुख हुने थियो । हजुरको दर्शन पाइदैन भने कोटि कोटि मूल्यको स्वर्णराशि पनि सुख दिन समर्थ हुँदैन ।

तव दर्शनलालसे इमे
नयने किं सफले भविष्यतः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चरितश्रवणं तु दुर्घटम्
कथामाशा प्रभुरूपदर्शने ।।१२।।

हजुरको दर्शनका लागि लालायित यी मेरा आँखा के सफल होलान् ? हजुरको पवित्र चरित्र श्रवण गर्न त अनुकूल पर्दैन भने हजुरको त्यो दिव्य रूपको दर्शन गर्ने आशा कसरी गरूँ ?

मम दृष्टिपथे गते तव
न महत्त्वं हि लघुत्वमेष्यति ।
वरमाप्स्यसि साधुवर्णितम्
सुयशस्त्वं भुवने महत्तमम् ।।१३।।

तर मेरा शङ्कर ! हजुरले मलाई दर्शन दिएमा हजुरको महत्त्व घट्ने छैन । बरु भगवान् शङ्करले त्यस्ता अधम पापीमाथि पनि कृपादर्शन दिएर उद्धार गर्नुभयो भनी सज्जनहरूले हजुरका महिमाको वखान गर्नेछन् र हजुरको सेतो कीर्ति भुवनमा व्यापकरूपमा फैलिने छ ।

करुणावरुणालयः प्रभु-
रिति सिद्धान्तविदो विदुर्बुधाः ।
अधुना करुणा कुतो गता
क्व गता ते महती समर्थता ।।१४।।

तत्त्वज्ञानी विद्वान्हरूले सदाशिव दयाका सागर नै हुनुहुन्छ भन्ने बुझेका छन् र उपदेश पनि गरेका छन् । अहिले हजुरको त्यो करुणा र त्यो महान् सामर्थ्य कहाँ गयो ?

तव शूलधरः सुविग्रहः
सुसटाशोभितचन्द्रशेखरः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मम लोचनगोचरः कदा
नु ! शिवासेवितपादपल्लवः ।।१५।।

राम्रा जटाले सुहाएको, मुकुटमा चन्द्रमा जडेको, भगवती पार्वतीद्वारा सेवा गरिएका चरणरूप पालुवाले रमणीय र त्रिशूलद्वारा अलङ्कृत हजुरको त्यो दिव्य र भव्यरूप मेरा आँखा सामु कहिले आउला ?

भव ! शर्व ! मृगाङ्कभूषण !
शिव ! शम्भो ! करुणाकर ! प्रभो ! ।
महती गुरुता भवेन्न किं
मयि दीने सफलीकृते तव ।।१६।।

हे भव ! हे शर्व ! हे चन्द्रभूषण ! हे शिव ! हे शम्भो ! हे दयानिधि ! हे प्रभो ! म दुःखीलाई आफ्नो दिव्यदर्शन दिएर सफल बनाएमा के हजुरको ठूलो गौरव हुँदैन र ?

भवदीयपदाम्बुजाऽर्चना
न कृताऽनन्तजनुष्षु किं मया ।
कृतयाऽर्चनयैव जन्मनि
स्त्रवितुं साम्प्रतिके त्वमर्हसि ।।१७।।

हे परमेश्वर ! मैले आफ्ना अनन्त जुनिहरूमा हजुरका चरणकमलको के अर्चना गरिनँ ? त्यसो गरेको भए आज यो दीन हीन अवस्थामा बाँच्नु पर्ने थिएन । तर दयालु देवाधिदेव ! यस जन्ममा मैले गरेका पूजा र प्रार्थनाबाट पनि हजुरको मन पग्लिनु पर्दछ ।

अपराधसहस्त्रिणि त्वयि
कथमस्मत्करुणां त्वमीहसे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति चेतसि चेत्प्रभो तव
नहि पाप्यस्ति कथं दशाननः ।।१८।।

"हजारौं अपराध गर्ने तिमी भक्तमा मेरो कृपा कसरी हुन सक्दछ ?" भन्ने कुरा हजुरको मनमा रहेको छ भने भगवन् ! के रावण पापी थिएन ? त्यसमाथि कसरी हजुरको कृपा भयो त ?

जनता भवता कृपावता
कृतपापा विहिता न तास्वहम् ।
अहमेव कथं नु पापभाग्-
अपराधीति विसर्जितः शिव !।।१९।।

हे दयालु शिव ! हजुरले अनेकौं मानिसहरूका पाप पन्छाई दिनुभयो । तर म मात्र किन यो अपराधी हो, यो घोर पापी हो भन्ने भावनाले हजुरद्वारा तिरस्कृत गरिएँ ? के ती मानिसहरूभित्र म पर्दिन ?

जनवर्गसमग्ररक्षणेऽ-
तिसमर्थोऽप्यसमर्थ एव मे ।
मिहिरो जगतः प्रकाशकः
किमशक्तो भवनप्रकाशने ।।२०।।

सारा मानिसहरूको रक्षा गर्न निकै समर्थ भएर पनि हजुर मेरा विषयमा किन असमर्थ हुनुहुन्छ? संसारलाई आफ्नो प्रकाशद्वारा उज्ज्यालो तुल्याउने सूर्यले के एउटा घर अथवा बुकुरालाई उज्ज्यालो गराउन सक्नुहुन्न?

अपि मे गमनं स्वयं कुतः
तव लोके न दयां विना तव ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न गतो यदि पार्श्वपल्वलम्
किमु काशीं शिव ! कूपदर्दुरः ।।२१।।

हजुरको दया नभएसम्म म आफै हजुरको दिव्य लोक कैलासमा कसरी जान सक्दछु ? नजिकैको पोखरीमा पनि नपुगेको कुवाको भ्यागुतो के काशी पुग्न सक्छ ?

शशिखण्डयुतोऽपि पूर्णवान्
असि कैलासगृहोऽपि सर्वग : ।
ननु सर्पयुतोऽप्यभीतिदः
किमिदं त्वच्चरितं महेश्वर ! ।।२२।।

हे महेश्वर ! हजुर आफ्नो निधारमा आधा चन्द्रमा धारण गर्नुहुन्छ तर आफू भने परिपूर्ण हुनुहुन्छ । हजुरले नित्य निवास गर्ने कैलाश पर्वत मानिएको छ तापनि हजुर सर्वव्यापी हुनुहुन्छ । हजुर आफ्नो घाँटीमा सर्पको माला लगाएर डरलाग्दो देखिनु हुन्छ तापनि सज्जन भक्तहरूलाई अभयदान दिनु हुन्छ । हजुरको परस्परविरोधी र विचित्र चरित्रलाई विचार गरेर म छक्क परेको छु तर त्यसको फेंद टुप्पो बुझ्न सकेको छैन ।

अमरा अपि ते यशोऽखिलम्
नहि गातुं प्रभवन्ति चेत् कथम् ।
तनुवाग्विषया मदीयधीः
गुणराश्यर्णवपारमाप्नुयात् ।।२३।।

हजुरको पूरापूर कीर्ति वर्णन गर्न देवताहरू पनि सक्दैनन् भने अलिअलि बुझ्न सक्ने मेरो बुद्धिले हजुरका गुणको समुद्रलाई कसरी पार पाउन सक्ला ? अर्थात् हजुरको कीर्तिको बखान गर्न म कत्ति पनि समर्थ छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भुवनेशमहं प्रपालकम्
भुवनानां जनकं विनाशकम् ।
निज भक्तगणस्य रक्षकम्
अभिवन्दे शशिशेखरं शिवम् ।।२४।।

संसारका स्वामी, संसारलाई उत्पन्न गर्ने, संसारको पालन गर्ने एवं संहार गर्ने, आफ्ना भक्तगणको रक्षा गर्ने र चन्द्रमालाई मुकुटमा सजाउने सदाशिव शङ्करप्रति म मेरो हार्दिक वन्दना टक्र्याउँछु ।

भववारिधिशोषणं नृणाम्
सुरशत्रोस्त्रिपुरस्य नाशकम् ।
शरणागतभक्तवत्सलम्
अभिवन्दे शशिशेखरं शिवम् ।।२५।।

भक्त मानिसहरूको जन्ममृत्युरूप संसार–समुद्रलाई सुकाइदिने देवताहरूको शत्रु त्रिपुरासुरको नाश गर्ने, शरणमा आएका भक्तजनहरूमा स्नेह वर्षाउने, मुकुटमा चन्द्रमा सजाउने सदाशिव शङ्करप्रति म आफ्नो अभिवादन टक्र्याउँछु ।

भवदीयचरित्रकीर्तनम्
त्वणुमात्रञ्च महाफलं श्रुतौ ।
अववर्णितमित्यतो हर !
कृपया मेऽपि तदर्पयेश्वर ! ।।२६।।

हजुरका चरित्रको अलिकति मात्र कीर्तन–वर्णन गर्दैमा पनि अतिठूलो फल प्राप्त हुन्छ भन्ने कुरा वेदमा बताइएको छ । त्यसकारण हे हर ! हे ईश्वर! मेरा लागि पनि त्यो मुक्तिरूप महाफल प्रदान गर्नुहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदये मम तामसी निशा
न हि पश्यामि भवन्तमात्मनि ।
स्वयमेव भवानतः प्रभो !
समुदेतु द्युमर्णिव मे हृदि ।।२७।।

मेरा हृदयमा अँधेरी रात छ, त्यसकारण हे ईश्वर ! अन्तरात्मामा हजुरको दर्शन गर्न म असमर्थ छु । प्रभो ! मेरो यो विवशतालाई बुझेर आफै मेरा हृदयमा सूर्य जस्तो भई राम्ररी उदाउनुहोस् ।

भवभीतियुतोऽस्मि साम्प्रतम्
भव मे भीतिहरः स्वयं हर !
ननु भीतिभयप्रदो भवान्
अपि मृत्योरपि मृत्युदो मृड ! ।।२८।।

हे महादेव ! अहिले म संसारदेखि डराइरहेको छु, हजुर मेरा लागि भयहर्त्ता बनिदिनुहोस् । हे सुखदाता महादेव ! निःसन्देह हजुर डरलाई पनि डराउन दिने र मृत्युलाई पनि मार्न सक्ने कालका पनि परमकाल महाकाल हुनुहुन्छ ।

भगवँस्त्वदृते न कोपि मे
परिपाताऽस्ति महीतलेऽधुना ।
जनवर्गमतीव दूषितम्
परिपश्यामि निजार्थसिद्धये ।।२९।।

हे भगवन् ! अहिले पृथिवीतलमा मेरो रक्षक हजुरबाहेक कोही पनि छैन । जनसमुदायले मेरो रक्षा गर्छ कि भन्ने आशा पनि छैन किनकि अहिले जनसमुदायलाई स्वार्थसिद्धिका निमित्त अत्यन्त दूषित बनेको अवस्थामा देखिरहेको छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवतापकदम्बपीडितो
भव-सम्भाव्यभयाऽऽकुलोऽस्म्यतः ।
गिरिशं गिरिजापतिं प्रभुम्
अभिवन्दे शशिशेखरं शिवम् ।।३०।।

संसारका अनेकौं सन्तापबाट पीडित हुनपुगेको म संसारबाट हुनसक्ने डरबाट अत्यन्त व्याकुल बनेको छु । तसर्थ सांसारिक प्रपञ्चको भयबाट मुक्ति पाउनको लागि कैलासाधिपति एवं मुकुटमा चन्द्रमा सजाउनु हुने गिरिजाका पति शिवलाई अभिवादन टक्र्याउँछु ।

भवभीतिविभीतमानसः
पतितः संसृतिसिन्धुवारिषु ।
पुनरेव गिरीन्द्रनन्दिनीम्
अभिवन्दे जनतापहारिणीम् ।।३१।।

मेरो मन संसारबाट भयभीत छ । म जन्मनु, व्याधिग्रस्त हुनु, जराजीर्ण हुनु र मृत्युको फन्दामा पर्नु जस्ता क्रियाकलाप भएको संसाररूप महासागरको पानीमा म डुबुल्की मारिरहेको छु । यस स्थितिबाट मुक्त हुन र शान्ति प्राप्त गर्नको लागि सकल भक्तहरूका सन्ताप मेटाइदिने करुणामयी आमा हिमालय पर्वतकी गोरी छोरी गौरीलाई अभिवादन टक्र्याउँछु ।

मथिते जलधौ सुरासुरैः
प्रथमं चोत्पतिते हलाहले ।
शशिशेखरमन्तरा शिवम्
जगतः क्षेमकरो न कोऽप्यभूत् ।।३२।।

देवता र दानवले समुद्र मन्थन गर्दा पहिले हलाहल विष निक्लँदा त्राहि त्राहि गरिरहेका संसारका सकल प्राणीहरूको रक्षा र कल्याण गर्ने कृपालु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदाशिव शङ्कर बाहेक अरू कुनै थिएन ।

विमर्श –

देवता र दानवले मिलेर समुद्रमन्थन गर्दा कालकूट विष पैदा भयो । त्यसवेला संसारका प्राणीहरू त्राहि त्राहि गर्न थाले । दयालु भगवान् शशिशेखरले आफूले गरलपान गरी संसारलाई सुख र अमनचैन दिनुभयो । पछि संसारमा नीलकण्ठका नामबाट प्रख्यात भई सज्जनहरूप्रति आफूले दुःख पाएर पनि अरुको भलो गर्नुपर्छ भन्ने उपदेश दिनुभयो ।

न सदा शिवभक्तिमानसो
न शिवस्याऽनुचरस्य सेवकः ।
यदि कोऽप्युपजायते नरो
भुवि तस्येह जनुर्निरर्थकम् ।।३३।।

जसको मन शिवजीको भक्तिमा रमाउँदैन र जो शिवसेवक वा शिवभक्तको सेवा गर्न पनि रुचि राख्दैन, त्यस्तै कुनै मानिसले संसारमा जन्म लिन्छ भने त्यसको त्यो जन्म व्यर्थ छ ।

भगवँस्तव पादपल्लवे-
ष्वनुरक्तो भविताऽस्मि चेद् यदि ।
सुतगेहकलत्रसम्पदाम्
न करिष्ये स्मरणं तदा प्रभो ।।३४।।

हे भगवन् ! हजुरका कृपाले हजुरका चरणपल्लवमा भक्ति गर्ने सौभाग्य पाएँ भने त्यस पवित्र अवसरमा पत्नी, पुत्र, घर र सम्पत्तिको सम्झना राख्ने छैन ।

विमर्श –

यहाँ एउटा आर्त्त भक्तको हार्दिक प्रार्थनालाई कवि आफूमा घटाउँदै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्नुहुन्छ – भगवन् ! हजुरका कृपाले मेरो मनमा सद्बुद्धि आएपछि म सांसारिक प्रपञ्चमा हुने स्वाभाविक अनुरक्तिलाई परित्याग गरी सच्चिदानन्द घन हजुरका दिव्य स्वरूपको मात्र सम्झना गर्नेछु र विनाशी संसारका पदार्थहरूमा मेरो अनुरक्ति रहने छैन ।

न करोति शिवार्चनं जनः
शिवमूर्तेर्न करोति दर्शनम् ।
न मुखेन शिवेति भाषते
भुवि तस्येह जनुर्निरर्थकम् ।।३५।।

जुन मनुष्यले शिवजीको पूजा गर्दैन, शिवजीका मूर्तिको दर्शन गर्दैन र आफ्नो मुखद्वारा शिव ! शिव! उच्चारण गर्दैन भने त्यस मानिसको यस पृथ्वीतलमा जन्म व्यर्थ छ ।

जगति त्वयि भक्तिभावनः
सुसमृद्धत्वमियाज्जनस्तदा ।
विरहय्य भवन्तमत्र कः
सुखमाप्नोति निराश्रयः शिव ! ।।३६।।

हे शिव ! संसारमा हजुरमा भक्ति लगाउने मनुष्यं समृद्धिको चरम चुलीमा पुग्दछ । कुनै आश्रय नभएको मानिसले हजुरलाई बिर्सेर कहिले सुख र सन्तोष पाउन सक्दैन ।

विमर्श –

वास्तवमा शाश्वत सुख र शान्तिका केन्द्रबिन्दु शिव नै हुनुहुन्छ र शिवको परित्याग गर्नेले त्यो दिव्य आनन्द प्राप्त गर्न सक्दैन । त्यसकारण आत्मकल्याण चाहने मानिस सर्वात्मना शिवभक्तिमा जुट्नु पर्दछ भन्ने कविको अभिप्राय हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुणदोषविचारवान् पुमान्
विषयं याति सुखप्रदं यथा ।
सुखरूपफलप्रदं तथा
न शिवं वाञ्छति कोऽपि हा! हृदा ।।३७।।

गुण र दोषलाई केलाउने मनुष्य जसरी तात्कालिक एवं आंसिक आनन्द दिने विषयतर्फ आकृष्ट हुन्छ, त्यसरी सुखरूप फल दिने शिवलाई हरे शिव ! हृदयदेखि कहिले पनि चाहँदैन ।

विमर्श –

सांसारिक मायाले जसलाई मोहनी लगाएको छ, त्यस्तो मनुष्य मायामोहित भएर क्षणिक विषयप्रति जति आकृष्ट हुन्छ, जति सम्मोहित हुन्छ त्यति सदाशिव शङ्करका चरणमा भक्तिभावना गर्न प्रवृत्त हुँदैन । यदि त्यो मानिस प्रवृत्त हुन्छ भने त्यसले शाश्वत आनन्द प्राप्त गर्न सक्दछ ।

अत एव गृहेषु सज्जते
खलु सर्वोऽपि जनोऽनुरागवान् ।
यदि धीस्त्वयि कस्यचित् स्थिता
स न गेहाद्यनुरक्तिमान् भवेत् ।।३८।।

त्यसैले विषयासक्त पुरुषहरू घरमा नै आसक्त हुन्छन्, त्यहीं रमाउँछन् र त्यसैमा हृदयले असीम अनुराग गर्दछन् । कुनै भाग्यशाली मानिसले त्यस्तो विषय सागरमा डुब्दाडुब्दै पनि हजुरमा बुद्धि लगाउँछ भने त्यो हजुरका कृपाले घर–परिवार र श्रीसम्पत्तिको मोहदेखि निवृत्त भई शिवानुरक्त हुनसक्दछ ।

शिव ! केवलयोर्भवत्पदोः
नु भवेयं गतमानसः स्वयम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न ममाऽयमिति प्रभो! त्वया
किमु! दृष्टोऽस्मि दयार्द्रया दृशा ।।३९।।

हे शिव ! के म आफै हजुरका पाउमा मात्र मन लगाउने हजुरको भक्त हुन सकूँला ? हे प्रभो ! यो मेरो आराधक भक्त हो भनेर हजुरले दयाले पग्लेका दृष्टिले मलाई किन हेर्नु हुन्न ?

निज पादतलेऽर्पिताऽऽन्तरम्
निजभक्तं परिरक्ष शङ्कर !
न हि मातृसुताप्तबान्धवा
अपि दाराः पितरोऽपि पान्ति माम् ।।४०।।

हे शङ्कर ! हजुरका पाउमा मन अर्पण गर्ने आफ्ना भक्तको रक्षा गर्नुहोस्। माता, पुत्र, आफन्त, दाजुभाइ, पत्नी र मातापिताले पनि सांसारिक प्रपञ्चबाट मलाई जोगाउन सकेका छैनन् ।

विमर्श –

सांसारिक सम्बन्ध जतिसुकै नजिकको भएपनि त्यसले परमार्थतर्फ मानिसलाई लैजान सक्दैन । परमार्थतर्फ अग्रसर हुनका लागि त सदाशिव शङ्करको भक्ति नै अमोघ औषधि हो भन्ने यस पद्यको अभिप्राय हो ।

न भवान् मम नेत्रमार्गयो –
र्भविता दृष्कृतिनिष्कृतिर्न चेत् ।
मम पुण्यचयोऽस्ति निष्कृतिः
तदभावान्न हि तस्य सम्भवः ।।४१।।

जबसम्म मेरा कायिक, वाचिक एवं मानसिक र पूर्वजन्मार्जित एवं यस लोकमा गरेका पापहरूको प्रायश्चित्त हुँदैन तबसम्म हजुर मेरा आँखाका सामु आउनु हुँदैन । प्रायश्चित्त त्यो पुण्य हो जसबाट सम्पूर्ण पापहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रक्षालन हुन्छ । तर म प्रायश्चित्त नगरेको पापको पुञ्ज कोरा व्यक्ति भएकाले मेरा सामु हजुरको दिव्य स्वरूप आउन सक्तैन ।

न हि ते करुणां विना सृतिः
गमने त्वत्पदपद्मपल्लवे ।
जलमेव विलोड्य यत्नतो
नवनीतं कथमाप्नुयाज्जनः ।।४२।।

हजुरका चरणविन्दका सुन्दर पालुवासम्म पुग्ने सरणि हजुरको करुणाबाहेक अरू केही हुनसक्दैन । मनुष्यले जति मिहिनेत गरे पनि पानी मात्र मथेर नौनी कसरी पाउन सक्छ र ?

अपि पापिनि सत्कृपावता
मयि सर्वेश्वर दृक् प्रसार्यताम् ।
ननु चञ्चलतां समागता
सततं धन्यजनाऽवलोकनात् ।।४३।।

हे सर्वेश्वर ! हे सर्वान्तर्यामी भगवन् ! भाग्यशाली, ज्ञानी र तपस्वी साधकहरू वरिपरि रहनाले उनीहरूप्रति प्रगाढ अनुराग भई हामी जस्ता अपराधीहरू प्रति मानौं उपेक्षाभाव व्यक्त गरिरहेको हजुरको चञ्चल नजर कृपया मजस्तो अधम चरित्रको अपराधीमाथि पनि फैलाउनुहोस् ।

विमर्श –

वस्तुतः कविको अभिप्राय के हो भने "हे सदाशिव ! हजुर सर्वान्तर्यामी र समदर्शी हुनुहुन्छ, हजुरले खाली ज्ञानी र तपस्वीमात्र हेर्न भएन हामी जस्ता बुद्धि नपुगेर माया ममतामा फसेका र आफ्नो स्वरूपबाट तल खसेका दीन-हीन मानिसहरूप्रति पनि आफ्नो कृपादृष्टि राख्नु पर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपि केषु जनुष्षु वा भवान्
न मया चार्थित एव शङ्कर !
इदमेव जनुर्ममैव तत्
किमु वाणी न हठान्मयेरिता ।।४४।।

हे शङ्कर ! कुन कुन जन्ममा मैले हजुरको सेवा र प्रार्थना गरिनँ ? जसको फल आज भोगिरहेको छु । अथवा के मेरो यही जन्म पहिलो हो ? कुन कारणबाट म आज हजुरको कृपादर्शन पाउनबाट बञ्चित भएँ ? यसको उत्तर मैले पाउनु पर्छ । मेरो यो वाणी सहसा व्यक्त भएको होइन, सारै पीर परेर नै म हजुरका सामु आर्त पुरका गरिरहेको छु ।

न ममाऽस्ति पिता सखाऽथवा
न च माता न च वा सहायकः।
न गुरुर्न च बन्धुताऽखिलान्
न हि पश्यामि मदर्थसाधिनः ।।४५।।

मेरा पिता, मित्र, माता, सहयोगी, गुरु र दाजुभाइलाई पनि मैले मेरो प्रयोजन सिद्ध गरिदिने परम आधारका रूपमा लिएको छैन ।

विमर्श –

लौकिक व्यक्तिहरू र लौकिक सम्बन्धहरू परमार्थका साधक होइनन्। परमार्थका साधक त शिव नै हुनुहुन्छ भन्ने कवि हृदयको प्रबल धारणा यहाँ व्यक्त भएको छ ।

यदि सन्ति निजार्थसाधिनो
मनुजाः स्वार्थपरायणा मताः ।
अत एव सखा सुहृद्गुरुः
जनको वा जननी त्वमेव मे ।।४६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि ती माता, पिता आदिबाट मप्रति किञ्चित् सहयोग हुनसके पनि ती सबैको मूल प्रयोजन उनकै स्वार्थसिद्धि हो । त्यसकारण मेरा साथी, संगी, मित्र, माता, पिता र गुरु निःस्वार्थ रूपमा संसारका दुःखी, दीन र अनाथहरूका प्रति करुणाको कलश बोकेर ममतामय दृष्टि दिनुहुने परमकल्याणकारी हजुर नै हुनुहुन्छ।

प्रलयो जगतोऽपि पालनम्
ननु ते भ्रूसुविलासकर्म तत् ।
अपि सृष्टिरपि त्वया कृता
मयि तस्याप्यसमर्थता कथम् ।।४७।।

हजुरले आफ्ना आँखीभौं नचाउँदा संसारको प्रलय र पालन सम्पन्न हुन्छ । विशाल ब्रह्माण्डको सृष्टि पनि हजुरबाट नै भएको हो र त्यो अरु कसैबाट हुन सक्दैन । त्यस्ता हजुरमा मेरो उद्धार गर्ने असामर्थ्य कसरी हुनसक्छ ?

न कलौ जपयोगपालनम्
पुनरर्चा विविधा च चिन्तनम् ।
फलभागपि धारणादिकम्
तव नाम्नः स्मरणं विना हर ! ।।४८।।

हे शङ्कर !कलियुगमा हजुरको पवित्र नामको स्मरण विना जप, योगसाधना, भगवत्पूजन, आत्मचिन्तन र धारणा आदि कुनै पनि कर्म सफल हुँदैनन् ।

मनुजाः कुलटासु चासवे
शिव ! चेद् हन्त दुरोदरे रताः ।
शुभ कर्मसु योग्यता कथम्
श्रुतिशास्त्राऽध्ययने कलौ भवेत् ।।४९।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे शिव ! कलियुगमा मानिसहरू जुवा–तासमा आसक्त छन् । वेदनिर्दिष्ट माङ्गलिक कार्यहरूको सम्पादनमा र वेदको अध्ययनमा त्यस्ता मानिसहरूको प्रवृत्ति कसरी हुनसक्छ ?

नवनीतसुकोमलं तव
हृदयं मे बहुशोकवह्निना ।
द्रवतां न गतं यदा यदा
शिव ! दोषोऽस्त्यपि वा हृदोऽर्चिषः ।।५०।।

हे शिव ! हजुरको नौनी जस्तो अति कोमल हृदयलाई मेरो चिन्ताको अग्निले पगाल्न सक्दैन भने यो दोष मेरा हृदयको हो ? अथवा चिन्तारूपी अग्निज्वालाको हो ? केही बुझ्न सकिएन ?

अपि ताण्डवनृत्यकर्मणि
शिव ! बाणस्तु सहस्त्रबाहुभिः ।
'नहि सन्ति सहस्त्रबाहवो
मम' वाद्येन मृडं ह्यतोषयत् ।।५१।।

हे शिव ! ताण्डवनृत्य गर्ने काममा बाणासुरले एकहजार भुजाद्वारा बाजा बजाएर हजुरलाई सन्तुष्ट पारेका थिए । हे प्रभो ! मेरा हजार बाहु छैनन्, त्यो बाहुवाद्यद्वारा हजुरलाई प्रसन्न तुल्याउने काम कसरी गरूँ ?

न च मे सुरलोकवाञ्छनम्
मम चित्ते न विमुक्तिवाञ्छनम् ।
हृदि मे शशिलाञ्छनः स्फुरेद्
इति वाञ्छैव सदा चकास्ति मे ।।५२।।

मलाई स्वर्गको इच्छा छैन र मुक्तिको पनि चाहना छैन । मेरा हृदयमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवजी नै स्पन्दित होऊन् भन्ने इच्छा नै स्पष्टरूपमा भासमान छ ।

प्रणमामि सदाशिवं विभुम्
प्रणमाम्येव पुनः पुनर्मृडम् ।
प्रणमामि परात्परं शिवम्
प्रणमाम्येव पुनः पुनर्हरम् ।।५३।।

म सर्वव्यापी विभुनामक सदा शिवलाई प्रणाम गर्दछु, मृडनामक सुखदायी शिवलाई बारम्बार प्रणाम गर्दछु, वाणी, मन र इन्द्रियभन्दा पनि पर रहनुभएका परतत्त्व नामक शिवलाई प्रणाम गर्दछु र दुःख, दर्द सबै हटाइदिने हरनामक शिवजीलाई बारम्बार प्रणाम गर्दछु ।

भवदीयपदाब्जवाञ्छनम्
हृदि मे भातुतमां यथोत्तरम् ।
न परत्र सुखस्य वाञ्छनम्
इह लोकेऽपि सुखाप्तिवाञ्छनम् ।।५४।।

मेरा मनमा हजुरका चरणारविन्दको दर्शन पाउने इच्छा उत्तरोत्तर झल्किरहोस् । मेरा मनमा परलोकमा सुख पाउने इच्छा छैन र यस लोकमा पनि सुख मिलोस् भन्ने इच्छा छैन । अर्थात् अहिले लौकिक इच्छादेखि निवृत्त भई केवल शिवस्वरूप परमात्माको दर्शन पाउने तीव्र इच्छा मेरा हृदयमा जाज्वल्यमान छ ।

प्रणतिप्रवणस्य मे शिव !
प्रणतक्लेशविनाशनक्षम !
हर दुःखसमूहमत्र च
हर मे क्लेशगतिं परत्र च ।।५५।।

आफ्ना पाउमा विनम्रतापूर्वक झुकी प्रणाम निवेदन गर्ने भक्तहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्लेशलाई निवारण गर्न समर्थ हे शिव ! म अहिले हजुरका पाउमा नम्रतापूर्वक झुकेको छु । हजुरले मेरा आधिभौतिक, आधिदैविक र आध्यात्मिक कष्टहरूको निवारण गरिदिनुहोस् । प्रभो ! यस लोकमा आइपर्ने क्लेशको निवारण गर्ने काम मात्र नगरी हजुरले परलोकमा आइपर्ने कष्टहरूको निवारण पनि गर्नुपर्दछ।

जगदेतदसन्नहि प्रभो
प्रभुरेवास्ति जगत्स्वरूपकः ।
प्रणमामि भवन्तमप्यतः
प्रणमाम्येव समस्तदेहिनः ।।५६।।

हे प्रभो ! यो जगत् हजुरकै विराट् स्वरूपको अङ्ग भएकाले असत् होइन । किनकि हजुर नै संसारस्वरूप हुनुहुन्छ । तसर्थ हजुरलाई प्रणाम गर्छु र हजुरकै स्वरूप मानिएका जगत्का सम्पूर्ण देहधारीहरूलाई पनि प्रणाम गर्दछु ।

विकृतिः कनकस्य चिद् यथा
शिव ! नानाविधनामरूपकः ।
प्रकृतिं त्रिगुणात्मिकां स्विकाम्
समधिष्ठाय भवान् प्रकाशते ।।५७।।

हे शिव ! चित्स्वरूप हजुर आफ्नो सत्व, रज र तमोमय त्रिगुणात्मिका प्रकृतिमा आश्रित भई सुन विभिन्न गहनाहरूका रूपमा विविध आकारमा रहेझैं विभिन्न नाम एवं विभिन्न स्वरूपले प्रकाशमान हुनुहुन्छ ।

अत एव भवान् प्रकाशको
जगतो याति जगत् प्रकाश्यताम् ।
अपि दृश्यमतो जगत् प्रभो !
न भवेत् त्वं न भवेः प्रदर्शकः ।।५८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसकारण हजुर यस जगत्का प्रकाश हजुर हुनुहुन्छ र यो जगत् हजुरद्वारा प्रकाश्य छ अर्थात् प्रकाशित हुन्छ । हे प्रभो ! हजुर पथप्रदर्शक नभइदिनुभएको भए यो दृश्य जगत् अस्तित्वमा आउने नै थिएन ।

भवदीयचरित्रचिन्तनम्
विलसद् विग्रहदर्शनं मम ।
सततं गमनञ्च मन्दिरे
तव नाम्नः स्मरणं भवेत् सदा ।।५९।।

हे शिव ! मेरा मानसपटलमा सधै हजुरका चरित्रको चिन्तन र हजुरका मनोहरस्वरूपको दर्शन झल्किरहोस् । हे शिव ! मेरो मनमा हजुरका मन्दिरको यात्रा फुरोस् र हजुरका नामको स्मरण पनि फुरोस् ।

क्व गता तव चाशुतोषता
मयि विंशत्युभयाब्दकेऽर्थिनि ।
सति कोऽप्यगुणो न दृश्यते
मयि चार्ते त्वयि वत्सलेऽपि तु ।।६०।।

यस प्रार्थीको उमेर चालिस वर्षको भएको छ र संसारको केही स्वरूप बुझेकाले संसारबाट मुक्त हुन यो भक्त हजुरको आर्त पुकार गरिरहेको छ तर हजुर प्रसन्न हुनुभएन । हजुरलाई त छिट्टै प्रसन्न हुने देवता भनेर भक्तहरूले आशुतोष भन्ने गरेका छन् । तर त्यो हजुरको आशुतोषता अहिले कहाँ गयो ? वात्सल्यका सागर हजुरमा दोष हुने कुरा त हुँदै भएन तर म आर्तपुकार गर्ने भक्तमा पनि कुनै खास दोष भए जस्तो लाग्दैन ।

अपि सा तव चाशुतोषता
त्रिषु लोकेष्वपि कीर्तिता जनैः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधुना किमु लीनतां गता
तव चित्रं चरितं न बुध्यते ।।६१।।

त्रिलोकीका बासिन्दा भक्तहरूले हजुरको आशुतोष स्वभावको बयान गरेका छन्, अहिले हजुरको त्यो स्वभाव कहाँ लुक्यो ? हजुरको विचित्र स्वभावको विषयमा केही भन्न, केही जान्न सकिदैन ।

पुलकाञ्चितदेहविह्वलो
हर ! नेत्राम्बुसमाकुलेक्षणः ।
अपि गद्गदभाषणाऽऽतुरो
भविताहं तव दर्शने कदा ।।६२।।

सबै प्रकारका दुःख हरण गर्ने मेरा आराध्यदेव शङ्कर ! म हजुरको दर्शन पाएर रोमाञ्चित, भावविह्वल र अश्रुपूरित भई आँखाबाट आँसुका बलीन्द्र धारा बगाइरहेको अवस्थामा कहिले प्राप्त हुनेछु र आनन्दले गद्‌गद भएर शिव ! शिव !! उच्चारण गर्ने अवसर कहिले पाउनेछु ?

'जननं सुरदुर्लभं भुवि
तव तत्राऽपि च भारताऽजिरे ।
नृषु भूसुरता कलौ युगे
विहितं वेदविदग्रणीकुले ।।६३।।
इति कारुणिकेन चेन्मया
सकलं मूर्खतया विनाशितम् ।
ननु कर्मधराऽऽप्तजन्मना
निखिलं पातकपुञ्जमर्जितम् ।।६४।।

दयालु ईश्वरले पृथिवीतलमा देवताहरूले पनि कठिनतापूर्वक पाउन सकिने मानिसको जन्म दियो, त्यसमा पनि भारतवर्ष (हिमालयदेखि समुद्रसम्मका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूभाग)को प्राङ्गणमा जन्म गराइदियो । त्यसमा पनि मनुष्यहरू मध्ये ब्राह्मण बनाइदियो । त्यसमा पनि कलियुगमा वेद जान्ने उत्तम कुलमा जन्म गराइदियो, तर यस्तो सुन्दर संयोगलाई मैले मूर्खताद्वारा स्वाहा बनाइदिएँ । वास्तवमा मेरै मूर्खताका कारण म कर्मभूमि भारतवर्षमा जन्मेर पनि कर्म नगरी पापपुञ्ज बटुलेर पापमूर्ति नै बन्न पुगें ।

न मया द्विजताऽपि रक्षितम्
युगधर्मः कुलशासनं तथा ।
अत एव जगत्स्वरूपिणम्
शरणं यामि सुदीनपालिनम् ।।६५।।

हे शिव ! मैले ब्राह्मण धर्मको पनि रक्षा गरिनँ, त्यसैले युगधर्मको पनि रक्षा गरिनँ, कुलपरम्पराको पालना गरिनँ, त्यसैले दुःखीको पालन गर्ने जगत्स्वरूप हजुरको शरणमा पर्दछु ।

भवता हृदि चेद्विचारितम्
धनपुत्रादिसमस्तवाञ्छितम् ।
सुलभं यदि तन्मया कृतम्
परिपूर्णं न मनः कदाऽपि ते ।।६६।।
क्षणभङ्गुरमेव दत्तवान्
नहि नित्यं भगवान् वितीर्णवान् ।
इति चेतसि खिन्नता मम
ननु वर्वर्ति सदा महेश्वर ! ।।६७।।

हे महेश्वर ! हजुरले आफ्ना मनमा "मैले यसलाई उसले चाहेका धन, दौलत, पुत्र आदि सबै दिएको छु, तापनि गनगन गरिहन्छ" भन्ने सोच्नु भएको छ भने त्यो सोचाई युक्तियुक्त भएन किनभने हे परमेश्वर ! हजुरले जे जे मलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनुभएको छ, ती सबै क्षणिक छन् र विनाशी पनि । तर हजुरले नित्यवस्तु दिनुभएको छैन । मेरा मनमा ईश्वरले मेरा लागि नित्य वस्तु किन दिनुभएन भन्ने चिन्ता लागिरहन्छ ।

तव चिन्तयतोऽपि चाकृतिम्
विषया एव हृदि स्फुरन्ति मे ।
विषयैर्हि विनाशितस्य मे
विषयान्नाशयितुं शिवाऽर्हसि ।।६८।।

हे शिव ! हजुरको चिन्तन गर्न खोज्दा पनि मेरा हृदयमा विषयहरू नै फुरिरहन्छन् । त्यसो हुनाले म विषयभोग र विषयचिन्तनबाट तहस–नहस भएको छु र हजुरले मलाई तहस–नहस पार्ने ती सारा विषयहरूको सर्वनाश गरिदिनुपर्छ ।

यदि सर्वगतोऽसि शङ्कर !
हृदि मे किं न हि दृश्यसे स्वतः ।
उत चर्मदृशा न दृश्यसे
तत एवास्तु कृपा ममोपरि ।।६९।।

हे शङ्कर ! यदि हजुर सर्वव्यापी हुनुहुन्छ भने मेरा हृदयमा किन आफै देखिनु हुन्न ? अथवा चर्मचक्षुद्वारा देखिनुहुन्न भने चर्मचक्षुगोचर नहुने आफ्नो प्रकृति भएका कारणले पनि ममाथि कृपा गरी हजुर मेरो हृदयगोचर हुनुपर्दछ।

सदसत्सु विवेकतः पुमान्
भगवन्तं त्ववलोकितुं क्षमः ।
सदसत्सु विवेकवानहम्
न कृपां तेऽस्मि विना विचार्यताम् ।।७०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो सत्य हो र यो असत्य हो भनी खुट्याउन समर्थ विवेकी मानिस भगवान्‌को दर्शन गर्न समर्थ हुन्छ । तर हे प्रभो ! म हजुरको कृपा विना साँचो र झूठ्ठा कुराको विवेक गर्न समर्थ छैन । त्यसकारण पनि हजुरले ममाथि विचार पुऱ्याउनु पर्दछ ।

हृदये शिव ! शत्रवः सदा
ननु कामादय एव सन्ति मे ।
भगवन् ! विनिहत्य तान् कुरु
भवदीयं भवनं मनो मम ।।७१।।

हे शिव ! मेरा मनमा सधै काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता शत्रुहरूको वास छ । हे भगवन् ! ती शत्रुहरूलाई मारेर मेरो मनलाई हजुरको आफ्नो दरबार बनाउनुपर्दछ ।

न शिवं मम वर्त्म दर्शितम्
न समर्थो गुरुरेव चाऽस्ति मे ।
अनवाप्य च मार्गमन्वह-
महमप्येव शिवं समर्थये ।।७२।।

हे शिव ! मलाई कल्याण हुने मार्ग देखाइएन । त्यस्तो मार्ग देखाउन सिपालु मेरा गुरु नै हुनुहुन्न अथवा मैले भेट्न सकिनँ । आजसम्म कसैद्वारा पनि बाटो नपाएकाले म असल मार्गप्राप्त गरी हजुरको दर्शनका लागि दिनदिनै प्रार्थना गरिरहन्छु ।

गुरवोऽपि जगत्यनेकधा
श्रुतिसिद्धान्तविशेषदर्शिनः ।
ननु सन्ति जगद्धिते रता
न हि ते मां तु विलोकयन्ति हि ।।७३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक सिद्धान्तलाई राम्ररी बुझेका र संसारको कल्याण गर्ने काममा जुटेका निःसन्देह संसारमा धेरै गुरुहरू हुनुहुन्छ । तर उहाँहरूले पनि कृपा दृष्टिले मलाई हेर्नुभएको छैन ।

विमर्श –

वस्तुतः संसारका माता, पिता, गुरु आदि पनि सांसारिक नै भएकाले परमार्थ–साधनामा उनीहरूको सहयोग नहुने हुँदा हजुरले मात्र मेरो कल्याण गर्नसक्नुहुन्छ भनी म हजुरकै पाउमा शरणागत भएको छु ।

यदि ते मम दर्शने रतिः
हृदयं योगबलेन मार्जय ।
परिशुद्धतमे हृदि स्फुटम्
तव दृश्यो भविताऽस्मि शङ्कर ! ।।७४।।
इति चेतसि चेद्विचारितम्
शिव ! योगे मम नास्ति योग्यता ।
मनसो ग्रहणं कुतो मम
कृपया तेऽद्य विना महेश्वर ! ।।७५।।

हे शिव ! हजुरले आफ्नो चित्तमा 'हे मानव ! यदि तिमी मेरो दर्शन गर्न तीव्रतम इच्छा राख्दछौ भने आफ्नो धमिलो मनलाई योगद्वारा सफा तुल्याऊ, यसरी सफा गरिएको शुद्ध हृदयमा मात्र म स्पष्टरूपमा देखिन सक्छु ।' भन्ने उपदेश दिने विचार गर्नुभएको छ भने हे प्रभो ! चित्त शुद्ध तुल्याउन योगसम्बन्धी साधना गर्ने मेरो क्षमता छैन । यदि हजुरको कृपा हुँदैन भने अहिले मेरा मनको निरोध कसरी सम्भव हुन्छ ?

विमर्श –

आर्त्त, अर्थार्थी, जिज्ञासु र ज्ञानी भक्तमध्ये म आर्त्त भक्त हुँ । ममा योग–साधना गर्ने क्षमता छैन । तसर्थ मैले योगद्वारा चित्तवृत्तिको निरोध गर्न सक्दिनँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो उद्धार हजुरको कृपादृष्टिबाट मात्र सम्भव छ भन्ने कविको अभिप्राय हो ।

अपि ते गुणवर्णने स्वतो
न समर्था विधिशेषशारदाः ।
मयि दभ्रपिपीलिकोपमे
न कुतश्चिद्गुणसिन्धुयोग्यता ।।७६।।

हे शङ्कर ! चार मुखद्वारा सुहाउनुभएका ब्रह्माजी, हजार जिभ्राहरूले देदीप्यमान भएका शेषनाग र वाणीकी अधीश्वरी भगवती सरस्वती पनि हजुरका दिव्य र भव्य गुणहरूको वखान गर्न असमर्थ हुनुहुन्छ । सानो कमिलाको जस्तो सामर्थ्य भएको म अदना मानिसमा हजुरका गुणसागरको वर्णन गर्ने क्षमता कहाँबाट हुनसक्छ ? त्यसकारण शिवका गुणको वर्णन गरेर पापराशि पखाल्ने सामर्थबाट पनि म बञ्चित छु ।

स्मरणेन भवान् हृदि स्फुटम्
नहि दृश्योऽस्ति कथं शिवाप्रिय ! ।
कृपया समुदेतु मे हृदि
मम दासोऽयमिति त्रिलोचन ! ।।७७।।

हे पार्वतीवल्लभ ! त्रिलोचन ! सम्झनाद्वारा हजुर हृदयमा किन छर्लङ्ग देखिनुहुन्न ? यो मेरो दास हो भन्ने ठानेर दयापूर्वक मेरा हृदयमा झल्कनुहोस् ।

गतत्वच्चरणाम्बुजस्मृतिः
कलिधर्मेण विशेषनिन्दितः ।
शिवनामबहिर्मुखोऽस्म्यहम्
तव चेन्नैव कृपा क्व मे गतिः ।।७८।।

म हजुरका चरणारविन्दको स्मरण हराएको कलिका धर्मले विशेष-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निन्दित र शिवनाम कीर्तन जस्तो पुण्यकर्मदेखि बर्हिमुख भई विषयमा लोलुप भएको पापी पुरुष हुँ । साँच्चै हजुरको कृपा न हुने हो भने मेरो गति कहाँ होला?

सकलैरपि कल्मषैर्युतः
परपीडादिकुकर्मगर्हितः ।
नरकार्णवसम्मुखे स्थितो
न कृपा चेत् करवाणि किं शिव ! ।।७९।।

पापै पापले घेरिएको र पराइलाई सताउने जस्ता कुकर्मबाट निन्दित भएको म नरकरूपी समुद्रका सम्मुखमा उभिएको छु । हे शिव ! हजुरको कृपा हुँदैन भने म के गरूँ ? मेरो कुनै उपाय छैन ।

विमर्श –

हजुरले मप्रति करुणा गर्नुपर्दछ, नत्र भने म पापै पापको पुञ्ज बनेर जन्म र मृत्युको चक्रमा परिरहने छु । तसर्थ हे शिव ! मप्रति कृपादृष्टि राखी मेरो उद्धार गर्नुहोस् ।

भगसागरतारणाय तु
शिवनामैव सदा प्रगर्जति ।
शिवनाम तथापि मे मुखे
न वरीवर्ति कदापि शङ्कर ! ।।८०।।

हे शङ्कर ! संसाररूपी समुद्र पार गराउन त हजुरको शिव भन्ने नाम सधै गर्जन्छ । अर्थात् शिव नामका सामु अरू कुनै पनि बलिया वस्तुहरू टिक्न सक्दैनन् । त्यसो भए तापनि हे शङ्कर ! मेरा मुखमा शिवको नाम कहिल्यै पनि रहँदैरहन्न ।

विमर्श –

म विषयवासनामा चुर्लुम्म डुबेको पापी पुरुष भएकाले संसारसागर तार्न सक्ने हजुरको नाम लिने बुद्धि ममा आउँदैन । जबसम्म हजुरको कृपा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन तबसम्म मेरो यस्तै बुद्धि रहिरहने छ । त्यसकारण हजुरले मप्रति कृपा गर्नुपर्‍यो । अन्यथा हजुरको सुन्दर सृष्टिमा चलखेल गर्न आएको म हजुरलाई र आफूलाई समेत न चिनी आत्मघाती भएर मर्नेछु ।

शिव ! योगपथादपि प्रभो !
भगवन्नामविशिष्टमूहितम् ।
न कलौ विरहय्य तत् कृता
सफला कापि हि साधना मता ।।८१।।

हे प्रभो ! शिव ! योगमार्गभन्दा पनि भगवान्‌को नाममहिमा विशिष्ट मानिएको छ । कलियुगमा त्यसलाई त्यागेर गरिएका कुनै पनि साधना सफल नहुने कुरा शास्त्रहरूमा बताइएको छ ।

शिवनामसमानमत्र च
त्रिषु लोकेष्वपि विद्यते न वा ।
सहसैव हि मुक्तिराप्यते
शिवपञ्चाक्षरमन्त्रजापिना ।।८२।।

यस ब्रह्माण्ड अन्तर्गत रहेका स्वर्ग, मर्त्य र पाताल लोकहरूमा शिव जस्तो पवित्र नाम अरू कुनै छ भन्ने कुरामा शङ्कै छ । मेरो विश्वासमा त शिव नाम बराबर अरू कुनै नाम छैन र अरू कुनै मन्त्र पनि छैन । वास्तवमा जसले **ॐ नमः शिवाय** यी पाँच अक्षर निरन्तर जप्दछन् ती सौभाग्यशाली भक्तहरूले ईश्वरकृपाबाट सहसा मुक्ति प्राप्त गर्दछन् ।

जपयोगसमाधिसाधनम्
भगवन्नामबलेन सिद्धिदम् ।
इति वेदविदो वदन्त्यपि
कथयन्त्येव पुराणवाचिनः ।।८३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जप, योग र समाधिजस्ता साधनहरू भगवान्का नामको शक्तिबाट सिद्धि प्रदान गर्न समर्थ हुन्छन् भन्ने कुरा वैदिक विद्वान्हरूले बताउँछन् र पुराणवाचन गर्ने पौराणिक विद्वान्हरूले पनि उक्त कुरालाई धेरै ठाउँमा दोहोऱ्याएका छन् ।

न कदापि च जिह्वया मया
तव नाम्नो जपने मतिः कृता ।
विहिता न तवार्चना परम्
भवदीयोऽस्मि तथापि शङ्कर ! ।।८४।।

हे शङ्कर ! मैले कहिल्यै पनि जिभ्राले हजुरको जप गर्नमा बुद्धि लगाइन र हजुरको पूजा पनि गरिन । त्यसो भए तापनि म हजुरको अनन्य भक्त नै हूँ ।

अतिदीनविपत्तिकातरो
मतिहीनोऽयमलं रुजाऽकरः ।
कलिकल्मषदूषितः सदा
शिव ! ते पादतलेऽर्पितान्तरः ।।८५।।

हे शिव ! दीन, हीन, विपत्तिबाट कातर बन्नपुगेको बुद्धिहीन, परमरोगी, कलिको कालो मैलोले दूषित भएको मैले हजुरका चरणारविन्दमा आफ्नो अन्तरात्मालाई सुम्पेको छु ।

भवदीयचरित्रवर्णनम्
कथितं तत्सकलाऽघमर्दनम् ।
विदधुः कवयोऽपि साधवो
मतिरूपेण चरित्रवर्णनम् ।।८६।।

हजुरका चरित्रको वर्णनले सबै पाप निमोठिदिन्छ भनिएको छ। त्यसैले कवि एवं सज्जनहरूले आफ्नो बुद्धि अनुसार हजुरका चरित्रको वर्णन गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विमतिः कथमेति सन्मतिम्
गुणसिन्धाववगाहनं न मे ।
दयया मयि दीयतां मतिः
मतिरूपां कथयामि ते कथाम् ।।८७।।

बुद्धि नभएको मानिस कसरी सद्बुद्धिमान् हुन सक्छ ? हजुरका गुणरूपी समुद्रमा मैले डुबुल्की लगाएको छैन । हजुरले ममाथि दया गरी सद्बुद्धि प्रदान गर्नुहोस् । त्यसपछि म हजुरले दिनुभएको बुद्धि अनुसार हजुरको पावन कथा एवं चरित्रको वर्णन गर्नेछु ।

धनपुत्रकलत्रबान्धवाः
सुगृहक्षेत्रसुवर्णसञ्चयाः ।
भवदीयपदाऽब्जदर्शने
न सहाया भवितार एव मे ।।८८।।

धन, पुत्र, पत्नी, दाजु–भाइ, उत्तम घर, जग्गा र स्वर्णराशि पनि हजुरका चरणारविन्दको दर्शन गराउने सवालमा मेरा लागि किमार्थ सहयोगी हुनसक्दैनन्। भनाईको अभिप्राय के हो भने मेरा परम सहयोगी त हजुर नै हुनुहुन्छ र हजुरले नै म अनाथमाथि कृपा गर्नुपर्दछ ।

मयि तेऽस्तु दया ततो भव !
दयया दृष्ट्ययने स्वयं गतः ।
यदि ते न भवेद् दया मयि
नरकादुद्धरणं तु मे नहि ।।८९।।

हजुरको ममाथि करुणादृष्टि परोस्, त्यसपछि त्यसै करुणाद्वारा हजुर मेरो दृष्टिपथमा स्वयं आउनुहोस् र म धित मारेर हजुरको दर्शन गर्न सकूँ । यदि हजुरको ममाथि दया नहुने हो भने नरकबाट मेरो उद्धार हुनै सक्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतिदीनदयालुना त्वया
किमु वात्सल्यवतापि शङ्कर !
सुदयार्द्रविलोचनेन च
नहि दृष्टो भवभीतिमानसः ।।९०।।

हे शिव ! दुःखीहरूमा ज्यादै दया गर्ने र अति मायालु भएर पनि हजुरले संसारबाट सारै भयभीत भएको म अभागीलाई दयाले रसाएका नजरले किन हेर्नुभएन ?

भगवन् ! शिव ! चित्स्वरूपिणा
स्वयमानन्दघनस्वरूपिणा ।
त्वयकाऽतिविशुद्धरूपिणा
रचितं विश्वमिदं स्वमायया ।।९१।।

हे भगवन् शिव ! चित्स्वरूप आनन्दघनस्वरूप अति विशुद्धस्वरूपमा विराजमान हुनुहुने हजुरले आफ्नो मायाद्वारा नै यस जगत्को रचना गर्नुभएको हो ।

विमर्श –

यो संसार र यसभित्रका सारा घटनाचक्रहरू एवं चराचरमय सकल दृश्यावलीहरू शिवकै लीलाविलास हुन् । तसर्थ कृपालु शिवले चाहेमा जे पनि हुन सक्छ । म जस्तो अभागीमा पनि कृपादृष्टि पर्न सक्छ भन्ने कविको आशय हो ।

त्वदधीनतया तया कृता
विविधाः सन्ति चराचरा इमे ।
ननु सृष्टिसृतौ व्यवस्थितिः
शिव ! तेषामपि दीनगर्हिता ।।९२।।

हजुरका अधीनमा रहेकी ती मायाबाट यी विभिन्न स्थावर र जङ्गम रचिएका हुन् । हे शिव ! हजुरको मायाबाटै रचिएका भएतापनि ती सबैको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवस्था सृष्टिमार्गमा दीन, हीन र निन्दित देखिएको छ ।

सशिरोऽञ्जलिबन्धकम्पितम्
प्रणतं पश्य दयार्द्रया दृशा ।
भगवन् ! भव भक्तवत्सलो
भवभीत्याऽहमतीव विह्वलः ।।९३।।

आफ्नो अञ्जुलीलाई शिरमा पुऱ्याई थर्थर कामीरहेको र हीनताबोध एवं अपराधबोधबाट हजुरका पाउमा झुकेको म अदना भक्तलाई हजुरले टीठले रसाएको आफ्ना नजरले हेरिदिनुहोस् । भगवन् ! म सारै व्याकुल छु, हजुर कृपया भक्तवत्सल बनिदिनुहोस् ।

परुषं न तवाऽस्ति मानसम्
द्रवतात् तद् दयया दयामय !
गजमर्दनशक्तिशालिनो
न मृगेन्द्रस्य शशे प्रवर्तनम् ।।९४।।

हे दयालु परमेश्वर ! हजुरको मन कठोर छैन । त्यो मन दयाले छिट्टै पग्लियोस् । हात्तीलाई निमोठ्ने शक्ति भएको सिंह खरायोमा जाइ लाग्दैन । तसर्थ म जस्तो तल्लो तहको अपराधीमाथि हजुरले प्रतिशोधको भावना लिनुहुँदैन।

भवतो हृदि वर्तनं न मे
किमु सर्वत्र च नित्यतिष्ठतः ।
अपि चर्मदृशामगोचरः
कृपयैवाऽस्तु ममाऽक्षिगोचरः ।।९५।।

हजुर सधै यत्र तत्र सर्वत्र रहनुहुने भएतापनि मेरा हृदयमा किन वास गर्नुहुन्न ? हुन त हजुर छालाका आँखा हुने दर्शकहरूबाट देख्न नसकिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनुहुन्छ, तापनि ममाथि कृपा गरेर मेरा नजरबाट देख्न सकिने भइदिनुहोस् ।

न तवैव कृपां विना हर !
ह्यपि विज्ञानसमन्वितो नरः ।
उत योगसमाधिनिर्मलो
न पदं प्राप्तुमिहार्हति ध्रुवम् ।।९६।।

हे शिव ! यस संसारमा हजुरको कृपा विना मनुष्य विज्ञानमा निपुण र योग एवं समाधिद्वारा शुद्धात्मा भएर रहेको भएतापनि परमपद प्राप्त गर्न सक्दैन ।

क्व गतोऽसि महेश्वर ! प्रभो !
त्वदृते स्थातुमहं कथं क्षमः ।
नयनाम्बुमुगाह्वयान्यहम्
किमुरो मुष्टिभिराहनै निजम् ।।९७।।

हे प्रभो ! महेश्वर ! कहाँ जानुभएको छ ? तपाईं नभए म कसरी जञ्जालमा उभिन सक्छु ? के म आँसु चुहाउँदै हजुरलाई बोलाउँ ? अथवा आफ्नो छातीलाई मुड्कीले बजारूँ ?

अवनौ च पतान्यधोमुखो
नयने चाश्रुभिरेव सङ्कुले ।
अपि मौनमुपाश्रितोऽस्मि किम्
निरयं गन्तुमहं समुद्यतः ।।९८।।

परमेश्वर ! पीरै पीरले मेरा आँखा आँसुले भरिएका छन् । के म उँधो मुख गराएर धर्तीमा लडूँ ? हजुरको कृपादर्शन नपाउँदा म केही बोल्ने स्थितिमा छैन, मौन बनेको छु । हे ईश्वर ! निराधार अवस्थामा पुगेको म नरक जानका लागि तयार भइसकेको छु, के हजुरको यस स्थितिमा पनि कृपादृष्टि हुँदैन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कमलेष्वलिवच्छिवाङ्घ्रिषु
शिवनाम्नः कुररीव रावकः ।
शशिनश्च यथा चकोरकः
शिवरूपस्य सदा प्रदर्शकः ।।९९।।

यस अवस्थामा शिवजीको चरणकमलमा भमरो झैं बनूँ, न्याउली चरीको भाकामा शिवनाम जपी रहूँ, चखेवाले चन्द्रमालाई हेरे झैं शिवस्वरूपको दर्शन गरूँ जस्ता भावना मेरो मनमा सलबलाएका छन् ।

क्व नु मिश्रितनीरदुग्धवद्
भविताऽहं शिवविग्रहे स्वतः ।
मधुराम्लविमीलितं शिव !
सुखदं याति सुभोजनं यतः ।।१००।।

हे शम्भो ! दूधमा पानी मिसिएझैं हजुरको स्वरूपमा स्वतः एकाकार हुने सौभाग्य कहिले जुर्ला ? जसरी राम्रो भोजन पनि अमिलो र गुलियो रससँग सम्पर्क हुँदा अझ स्वादिष्ट हुन्छ, त्यसरी नै हजुरको सुन्दर स्वरूप पनि म जस्तो अमिलो स्वरूप हुने व्यक्तिको सम्मिश्रण हुँदा अझ सुहाउने छ ।

शिव त्वं हि जगत्स्वरूपको
नहि चाऽहं जगतो बहिःस्थितः ।
मन एव विभिन्नदर्शि यत्
कृपया तच्च विनाशय प्रभो ।।१०१।।

हे शिव ! हजुर विराट् ब्रह्माण्डस्वरूप हुनुहुन्छ र म पनि त जगत्देखि बाहिर छैन । तसर्थ हामीमा भेद छैन । अज्ञानी जड मनले नै हजुरमा र ममा भेददृष्टि राख्दछ । प्रभो ! कृपा गरी मेरो जड मनको सर्वनाश गरिदिनुहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निहते शिव ! मानसे स्वयम्
तव रूपस्य न मेऽपि भिन्नता ।
इति ते चरणौ समर्थये
न च सिद्धिर्भविता कृपां विना ।।१०२।।

हे शिव ! मेरो मनलाई मारेपछि स्वतः नै हजुरको स्वरूप र ममा भिन्नता रहँदैन । यस प्रकार म हजुरका चरणमा बिन्ती गरिरहेको छु । मैले जति बिन्ती गरे पनि हजुरको कृपा नहुँदासम्म सिद्धि प्राप्त हुनसक्दैन ।

अबलाजनवद् धवाङ्घ्रिषु
जननी वक्षसि लीनडिम्भवत् ।
शिव ! मेऽस्तु तवाङ्घ्रिमीलित-
मिह धेनूधसि वत्सवन्मनः ।।१०३।।

आफ्ना प्राणनाथका चरणकमलमा नारीहरू लीन भएझैं ममतामयी आमाका काखमा बच्चाहरू समेटिएझैं गाईका कचौंडामा बाच्छा-बाच्छीहरू एकाकार भएझैं मेरो मन पनि हजुरका चरणकमलमा विलीन भइरहोस् मेरो यही प्रार्थना छ ।

अपि चातकपक्षिणो यथा
प्रियता स्वातिजलस्य विप्रुषि ।
भवदङ्घ्रिमहोत्पले मनः
पृथुरोम्णः सलिले यथा मम ।।१०४।।

जसरी चातक पन्छीले स्वाति नक्षत्रमा वर्सेको जलकणलाई रुचाउँछ। जसरी माछाको पानीसँग गहिरो सम्बन्ध हुन्छ, त्यसरी नै मेरो मनको सम्बन्ध हजुरका चरणयुगलसँग रहिरहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनितेव च कामिनः प्रभो !
शिव ! लुब्धस्य च वित्तकं यथा ।
चरणौ भवतो निरन्तरम्
मम चित्तस्य तथा प्रियौ कदा ।।१०५।।

प्रभो ! शङ्कर ! जसरी एउटा कामासक्त पुरुषले आफ्नी प्रियतमालाई असाध्यै माया गर्छ, जसरी लोभी छुच्चो स्वभावको व्यक्ति धन भनेपछि हुरुक्कै हुन्छ, त्यसरी नै हजुरका ती दुई चरणकमल मेरा लागि निरन्तर प्यारा कहिले हुन सक्लान् ? प्रकारान्तरले भन्नुपर्दा हजुरका चरणकमलमा मेरो निरवच्छिन्न रति कहिले उदाउला ? भन्ने कविको आशय हो ।

भवतः पदयोर्हृदि स्थितिः
मम चेत् ते कृपया निरन्तरम् ।
पृथिवीतलमेव रोचते
न पुनस्तत् पुरुहूतमन्दिरम् ।।१०६।।

हे भोलेनाथ ! हजुरका कृपाले मेरा हृदयमा हजुरका ती सुन्दर दुई पाउ निरन्तर रहिरहन्छन् भने मलाई यो धर्तीभन्दा प्यारो कुनै लोक पनि हुने छैन । त्यस अवस्थामा सर्वैश्वर्यसम्पन्न इन्द्र महाराजको भव्य दरबार पनि मेरा लागि अरुचिको विषय नै बन्नेछ ।

अघवानपि शङ्करस्य ते
स्मरणे नैव विशुद्धिमाप्नुयाम् ।
किमु ते दयया गतार्थता
मधुरं सुष्ठु पयः सितान्वितम् ।।१०७।।

म पापी भए तापनि हे शङ्कर ! हजुरका नाम, गुण र स्वरूपको पवित्र सम्झनाबाट नै शुद्ध हुनेछु । म जस्तो पापी पुरुष हजुरको नामस्मरणबाट नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुद्ध भएपछि हजुरका दयाको प्रयोजन रहेन । त्यस दयाको के काम ? भन्ने प्रश्न मैले गर्न खोजेको छैन । गाईका उत्तम दूधले शक्ति र मेधा दिए पनि त्यसमा गुलियो मिश्री मिसाउँदा त्यो दूधको स्वाद बेग्लै हुन्छ । त्यस्तै म हजुरको पवित्र स्मरणबाट निष्पाप भएपछि हजुरको दया पनि थपियो भने मेरो आत्मज्योति अझ चहकिलो हुन जानेछ ।

भवतो गुणवर्णने शिव !
न कदाप्यादिकविः स्वयं प्रभुः ।
मतिहीनविलीनविद्यकः
किमु वाच्योऽयमहो ! धनञ्जयः ।।१०८।।

हे शिव ! स्वयं आदिकवि बाल्मीकि पनि हजुरका गुणको वर्णन गर्न कदापि समर्थन हुनुहुन्न भने अहो ! यो बुद्धिहीन र विद्या बिर्सेको धनञ्जयले मेरा गुणको राम्ररी वर्णन गर्न सकेन भनेर हजुरले मलाई केही भन्न मिल्दैन ।

विमर्श –

बाल्मीकि जस्ता सिद्धपुरुषबाट पनि जसको गुणानुवाद राम्ररी हुनसक्दैन त्यस्ता ती विलक्षण ईश्वर शङ्करको महिमा राम्ररी खुलाउन सामान्य संसारी पुरुष समर्थ हुँदैनन् भने ती मध्येकै एउटा म धनञ्जय पनि त्यस कार्यमा समर्थ छैन भन्ने कविको अभिप्राय हो ।

टीकाकारवाक्यम्

गुरूपदिष्टपद्यार्थं सश्रद्धं रसनां पुनन् ।
हरिप्रसाद आचार्यः प्रास्तौषीत् पुरतः सताम् ।।

– इति विनयाष्टोत्तरशतकं सम्पूर्णम् –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महेन्द्र-संस्कृत-विश्वविद्यालयका महत्त्वपूर्ण प्रकाशनहरू

पुस्तक	लेखक/सम्पादक/अनुवादक/टीकाकार/टिप्पणीकार	मूल्य
१. स्कन्दपुराणस्य अम्बिकाखण्डः	सं. पं. कृष्णप्रसाद भट्टराई	१२५/-
२. कालचक्रान्तर्गतो ज्योतिषभागः	सं. प्रा. श्रीनयराज पन्त आदि	५०/-
३. रामराज्यम्	ले. पूर्णप्रसाद ब्राह्मण	२५/-
४. जनकदर्शनम्	ले. डा. स्वामी रामानन्दगिरि	११५/-
५. पदार्थयिदिव्यचक्षुः	ले. सुमति उमापति, सं. प्रा. श्रीरामेश्वर शर्मा	४५/-
६. श्रीस्वर्गद्वारी-महाप्रभुचरित्र	ले. श्री दुर्गादत्त पौडयाल	४५/-
७. संस्कृतविद्वत्सम्मेलनसंस्मरणग्रन्थः	सं. प्रा. श्रीशिवहरि मरहट्टा आदि	२४०/-
८. संस्कृतशिक्षणाभ्यासः (प्रथमभागः)	ले. प्रा. श्रीनीलमणि दुङ्गाना	५२/-
९. संस्कृतशिक्षणाभ्यासः (द्वितीयभागः)	ले. प्रा. श्रीनीलमणि दुङ्गाना	५०/-
१०. आशौच-विवेचन	ले. प्रा. डा. रामचन्द्र गौतम	७५/-
११. गण्डकीगौरवम्	ले. पं. उमानाथ पन्थी	३०/-
१२. श्रीरामचरितामृतम्	ले. पं. दधिराम मरासिनि	५०/-
१३. साहित्यप्रवेशिका	ले. प्रा. श्रीतीर्थराज सुवेदी आदि	५०/-
१४. व्याकरणप्रवेशिका	ले. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
१५. श्री ५ वीरेन्द्र ग.आ.र.म. स्मारिका	सं. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
१६. कर्मकाण्डभास्करः	ले. पं. दधिराम मरासिनि	२१५/-
१७. संस्कृत-नेपालीशब्दकोशः	ले. पं. कुलचन्द्र गौतम	२६५/-
१८. तन्त्रचिन्तामणिः (पूर्वभागः)	ले. नवमी सिंह	२९०/-
१९. नेपाली कविता र ध्वनि सिद्धान्त	ले. प्रा. अम्बिकाप्रसाद अधिकारी	४०/-
२०. स्थानीय जडिबुटीद्वारा स्वास्थ्य रक्षा	ले. डा. श्याममणि अधिकारी	१२५/-
२१. गोरखादरबार क्षेत्रको सांस्कृतिकपक्ष	ले. लोकप्रसाद शर्मा भट्टराई	२८५/-
२२. ब्रह्मसूत्रशाङ्करभाष्यम्- समन्वयाध्यायः नेपालीभाषानुवादसहितः	भाष्यकार-शङ्कराचार्य, अनुवादक पं. मीन-प्रसाद नेपाल	४९५/-
२३. हरिकेलिनवनीतम्, मञ्जुबोधिनीटीका-विलसितम्	ले. वंशमणिशर्मा टीकाकार- डा. वेणीमाधव ढकाल	६८/-
२४. गण्डकीमाहात्म्यम्	अनुवादक- डा. टीकाराम अधिकारी	९५/-
२५. संस्कृतरचनाप्रकाशः - १	ले. प्रा. श्री नीलमणि दुङ्गाना आदि	८६/-
२६. सुन्दरचरितनाटकम्, यशोदाभिधया संस्कृतटीकयाऽलङ्कृतम्	ले. छविलाल सूरि टीकाकार- प्रा. नीलमणि दुङ्गाना	९५/-
२७. नेपालभारतसम्बन्धसंस्कृतविद्वद्गोष्ठी स्मारिका	सं. प्रा. श्री तीर्थराजसुवेदी आदि	१५५/-
२८. अन्त्यकर्मपद्धतिः (नेपालीभाषाटिप्पणीसहिता)	ले. पं. दधिराममरासिनि टिप्पणीकार - श्रीऋषिरामशर्मा घिमिरे	
२९. पं कुलचन्द्र गौतम र उनको साहित्य साधना	ले. डा. टीकाराम अधिकारी	
३०. श्राद्धविधिः	सं. श्रीऋषिरामशर्मा घिमिरे, पं. कुलचन्द्र सुवेदी	
३१. विवाहपद्धतिः	सं. श्रीऋषिरामशर्मा घिमिरे	
३२. सौश्रुतनिघण्टुः	सं. डा. काशीराजशर्मा सुवेदी, डा. नरेन्द्रनाथ तिवारी	
३३. श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य	ले. रथी धनशम्शेर ज.ब.रा., पं. कृष्णप्रसाद भट्टराई	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महेन्द्र-संस्कृत-विश्वविद्यालयका महत्त्वपूर्ण प्रकाशनहरू

पुस्तक	लेखक/सम्पादक/अनुवादक/टीकाकार/टिप्पणीकार	मूल्य
१. स्कन्दपुराणस्य अम्बिकाखण्डः	सं. पं. कृष्णप्रसाद भट्टराई	१२५/-
२. कालचक्रान्तर्गतो ज्योतिषभागः	सं. प्रा. श्रीनयराज पन्त आदि	५०/-
३. रामराज्यम्	ले. पूर्णप्रसाद ब्राह्मण	२५/-
४. जनकदर्शनम्	ले. डा. स्वामी रामानन्दगिरि	११५/-
५. पदार्थविदिव्यचक्षुः	ले. सुमति उमापति, सं. प्रा. श्रीरामेश्वर शर्मा	४५/-
६. श्रीस्वर्गद्वारी-महाप्रभुचरित्र	ले. श्री दुर्गादत्त पौड्याल	४५/-
७. संस्कृतविद्वत्सम्मेलनसंस्मरणग्रन्थः	सं. प्रा. श्रीशिवहरि मरहट्टा आदि	२४०/-
८. संस्कृतशिक्षणाभ्यासः (प्रथमभागः)	ले. प्रा. श्रीनीलमणि दुङ्गाना	५२/-
९. संस्कृतशिक्षणाभ्यासः (द्वितीयभागः)	ले. प्रा. श्रीनीलमणि दुङ्गाना	५०/-
१०. आशौच-विवेचन	ले. प्रा. डा. रामचन्द्र गौतम	७५/-
११. गण्डकीगौरवम्	ले. पं. उमानाथ पन्थी	३०/-
१२. श्रीरामचरितामृतम्	ले. पं. दधिराम मरासिनि	५०/-
१३. साहित्यप्रवेशिका	ले. प्रा. श्रीतीर्थराज सुवेदी आदि	५०/-
१४. व्याकरणप्रवेशिका	ले. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
१५. श्री ५ वीरेन्द्र ग.आ.र.म. स्मारिका	सं. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
१६. कर्मकाण्डभास्करः	ले. पं. दधिराम मरासिनि	२१५/-
१७. संस्कृत-नेपालीशब्दकोशः	ले. पं. कुलचन्द्र गौतम	२६५/-
१८. तन्त्रचिन्तामणिः (पूर्वभागः)	ले. नवमी सिंह	२९०/-
१९. नेपाली कविता र ध्वनि सिद्धान्त	ले. प्रा. अम्बिकाप्रसाद अधिकारी	४०/-
२०. स्थानीय जडिबुटीद्वारा स्वास्थ्य रक्षा	ले. डा. श्याममणि अधिकारी	१२५/-
२१. गोरखादरबार क्षेत्रको सांस्कृतिकपक्ष	ले. लोकप्रसाद शर्मा भट्टराई	२८५/-
२२. ब्रह्मसूत्रशाङ्करभाष्यम्- समन्वयाध्यायः नेपालीभाषानुवादसहितः	भाष्यकार-शङ्कराचार्य, अनुवादक पं. मीन-प्रसाद नेपाल	४५/-
२३. हरिकेलिनवनीतम्, मञ्जुबोधिनीटीका-विलसितम्	ले. वंशमणिशर्मा टीकाकार- डा. वेणीमाधव ढकाल	६८/-
२४. गण्डकीमाहात्म्यम्	अनुवादक- डा. टीकाराम अधिकारी	९५/-
२५. संस्कृतरचनाप्रकाशः - १	ले. प्रा. श्री नीलमणि दुङ्गाना आदि	८६/-
२६. सुन्दरचरितनाटकम्, यशोदाभिधया संस्कृतटीकयाऽलङ्कृतम्	ले. छविलाल सूरि टीकाकार- प्रा. नीलमणि दुङ्गाना	९५/-
२७. नेपालभारतसम्बन्धसंस्कृतविद्वद्गोष्ठी स्मारिका	सं. प्रा. श्री तीर्थराजसुवेदी आदि	१५५/-
२८. अन्त्यकर्मपद्धतिः (नेपालीभाषाटिप्पणीसहिता)	ले. पं. दधिराममरासिनि टिप्पणीकार - श्रीऋषिरामशर्मा घिमिरे	
२९. पं कुलचन्द्र गौतम र उनको साहित्य साधना	ले. डा. टीकाराम अधिकारी	
३०. श्राद्धविधिः	सं. श्रीऋषिरामशर्मा घिमिरे, पं. कुलचन्द्र सुवेदी	
३१. विवाहपद्धतिः	सं. श्रीऋषिरामशर्मा घिमिरे	
३२. सौश्रुतनिघण्टुः	सं. डा. काशीराजशर्मा सुवेदी, डा. नरेन्द्रनाथ तिवारी	
३३. श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य	ले. रथी धनशम्शेर ज.ब.रा., पं. कृष्णप्रसाद भट्टराई	

Jayatu Sanskritam, Kathmandu, Nepal